




# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ०१-४२६११७९

एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)

बुधबार साउन ९, २०७५ | Wednesday, July 25, 2018 | www.newsofnepal.com | नेसं ११३८ दिल्लाथ्व १३ | वर्ष २४, अंक १९६ | पृष्ठ १२ | मूल्य रु १०/–




काठमाडौंको बसन्तपुरमा स्कुलबाट फर्कने क्रममा बुबाको काँधमा बसी छाता ओढेर वर्षाको मजा लिँदै बालिका। तस्वीर : उज्जल डंगोल/काठमाडौं

# डा. केसीसँगको वार्ता सकारात्मक

## आज सहमति हुनसक्ने

भगवती तिमल्सिना, काठमाडौं

अनशन बसेको २५औं दिन मंगलबारदेखि सरकारद्वारा गठित वार्ता टोली र प्राडा गोविन्द केसी पक्षबीच वार्ता शुरू भएको छ।

मंगलबार साँझ ६ बजे सरकार र डा. केसीका प्रतिनिधिबीच शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा वार्ता शुरू भएको थियो। वार्ता बुधबार बिहान पुनः बस्ने जनाइएको छ। धेरै विषयमा समझदारी भइसकेको र बाँकी विषयमा बुधबारको वार्ताबाट समझदारी हुने सरकारी वार्ता टोलीका संयोजक खगराज बराल र डा. केसी वार्ता टोलीका संयोजक डा. अभिषेकराज सिंहद्वारा जारी संयुक्तरूपमा प्रेस विज्ञप्ति उल्लेख गरिएको छ।

समाचार स्रोतका अनुसार सकारात्मकरूपमा अघि बढेको वार्तामा डा. केसीले प्रस्तुत गर्नुभएका ७ वटै बुँदा र संसद्मा दर्ता भएको विधेयकमा संशोधन गर्नुपर्ने विषयमा छलफल भइरहेको छ। वार्ताले मूर्तरूप लिए पनि मंगलबारै टुंग्याउन नसकिएकाले बुधबार पुनः बस्ने निर्णय गरिएको बताइएको छ।

वार्तामा सरकारका तर्फबाट शिक्षा मन्त्रालयका सचिव बराल, गृह मन्त्रालयका सहसचिव केदार न्यौपाने र स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. गुणराज लोहनी तथा डा. केसीका तर्फबाट डा. जीवन क्षेत्रीको संयोजनमा सुरेन्द्र भण्डारी, ओमप्रकाश अर्याल, डा. अभिषेकराज सिंह र सुमित पाण्डे सहभागी हुनुहुन्छ।

स्मरणीय छ, उहाँको जीवन रक्षा र उहाँको मागको समर्थन गर्दै चिकित्सकहरू विरोधमा उत्रिएका छन्।

मंगलबार नेपाल कम्युनिस्ट पार्टीका नेता सुवास नेम्वाङ, माथेमा कार्यदलका संयोजक केदारभक्त माथेमा, नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. धर्मकान्त बाँस्कोटा, त्रिवि चिकित्सा शास्त्र अध्ययन संस्थान (आईओएम)का पूर्वडीनहरू डा. मदन उपाध्याय, डा. रमेशकान्त अधिकारी र डा. केसीका वार्ता समितिका संयोजक डा. अभिषेकराज सिंहबीच अनौपचारिक छलफल भएपछि दुवै टोलीबीच वार्ताको वातावरण तय भएको हो।

वार्ताका लागि वातावरण तय गर्न नेता नेम्वाङले प्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष केपी शर्मा ओली, अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई भेटाउनुभएको थियो। उहाँहरूसँगको छलफलका क्रममा नेता नेम्वाङसहित काउन्सिलका अध्यक्ष डा. बाँस्कोटा, माथेमा कार्यदलका संयोजक केदारभक्त माथेमालगायतसँग अनौपचारिक छलफल भएको थियो।

# मन्त्रीलाई बाँध्ने आचारसंहिता खै ?

- मन्त्रिपरिषद्ले आचारसंहिता बनाउनुपर्छ : कोइराला
- पञ्चायतकालमा भन्दा गणतन्त्रमा छाडातन्त्र मौलायो : विष्ट

मधुसूदन रायमाझी, काठमाडौं

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मन्त्रीहरूका लागि आचारसंहिता लागू नगर्दा अभिव्यक्ति विवादमा पर्ने गरेको छ। सार्वजनिक पदमा बसेका व्यक्तिहरूको अभिव्यक्तिकै कारण विवादमा पर्ने मात्र होइन पदबाट राजीनामा दिने अवस्थासमेत सिर्जना भएको छ।

मन्त्रीहरूका लागि आचारसंहिता बनाउने विषयमा मन्त्रिपरिषद्को कार्यालयमा लामो समयदेखि बहस चल्दै आए पनि आचारसंहिता भने बन्न सकेको छैन।

आचारसंहिताको अभावमा मन्त्रीहरूले कस्तो कार्यक्रममा जाने, कार्यक्रममा के अभिव्यक्ति दिने भन्ने ज्ञानबिना नै जथाभावी हिँड्ने बोल्ने गरेका छन्। विभागीय मन्त्रालयभन्दा पनि सस्तो लोकप्रियताका लागि सभा समारोह, कार्यक्रम उद्घाटन गर्दै हिँड्ने होड मन्त्रीहरूमा चलेको छ। नीति निर्माण गर्नुपर्ने मन्त्रीहरू दैनिकरूपमा रिबन काट्नमा नै धेरै समय बिताउने गरेका छन्। मन्त्री हुने कार्यक्रमको मापदण्ड आचारसंहिताले तय गर्ने भए पनि मन्त्रिपरिषद्को कार्यालयले अहिलेसम्म उक्त आचारसंहिता बनाउनुपर्ने खाँचो महसुस गरेको छैन। पूर्वमुख्य सचिव विमल कोइरालाले मन्त्रीलाई आचारसंहिताले नबाँध्दा बारम्बार विवादमा मुछिने गरेकाले मन्त्रिपरिषद्ले आचारसंहिता बनाउनुपर्ने बताउनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'सार्वजनिक कार्यक्रममा मन्त्रीहरूले लिखित भाषण नै गर्नुपर्छ, नलेखी बोल्दा गल्ती हुने धेरै सम्भावना हुन्छ, सतही ज्ञानकै कारण मौखिक भाषणले विवादमा पर्ने खतरा बढी हुन्छ।'

उहाँले अन्य मुलुकमा मन्त्रीले सार्वजनिक कार्यक्रममा लिखित भाषणबाहेक मौखिक अभिव्यक्ति नदिने प्रचलन रहेको बताउनुभयो। 'मन्त्री भएपछि धेरै ताली खानका लागि ठूलै कुरा बोल्नुपर्छ भन्ने मानसिकता हुन सक्छ', कोइरालाले थप्नुभयो- 'मन्त्री भए पनि सबै कुरा जानेको छु भन्ने भ्रम हुन्छ, ज्ञानको अभावमा भ्रम सिर्जना हुने अभिव्यक्ति आउन सक्छ, त्यसकारण पनि सार्वजनिक कार्यक्रममा लिखित मन्तव्य राख्नु नै उचित हुन्छ।'

राष्ट्रपति, उपराष्ट्रपतिले लिखित मन्तव्य राख्ने प्रचलन भए पनि मन्त्रीहरूले भने सार्वजनिक कार्यक्रममा मौखिक मन्तव्य राख्ने गरेका छन्। विषयवस्तुसम्बन्धी ज्ञानको अभावमा लोकप्रियताका लागि दिने अभिव्यक्तिले विवादमा तानिने गरेका छन्।

केही दिनअघि एक कार्यक्रममा बंगलादेशमा चिकित्सा शिक्षा अध्ययन गरिरहेका नेपाली छात्राको बारेमा टिप्पणी गरेका कारण कानुनमन्त्री शेरबहादुर तामाङले नैतिकताको कारण देखाउँदै मंगलबार राजीनामा दिनुभएको छ। हरेक सरकारका मन्त्री बोलीकै कारण विवादमा तानिने गरेका छन्। कतिले नैतिकताको आधारमा राजीनामा दिएका छन् भने कतिले आन्दोलनको दबाब थेग्न नसक्दा मात्र राजीनामा दिन बाध्य भएका छन्। पदीय जिम्मेवारी लिएर राजीनामा दिने मन्त्रीको संख्या भने निकै न्यून रहेको छ।

(क्रमशः पृष्ठ ९ मा)

### कानुनमन्त्रीले भावुक हुँदै भने-

# 'देश र जनताका लागि राजीनामा'



प्रशान्त वली, काठमाडौं

'मेरी श्रीमती पनि राजनीतिक व्यक्ति हुन्, हरेक क्षणमा म सल्लाह लिने गर्छु, यसरी नै चलेको छ हाम्रो राजनीतिक जीवनयात्रा', श्रीमती उषाकला राईसँगै बसेका कानुन न्याय तथा संसदीय मामिलामन्त्री शेरबहादुर तामाङले मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा भावुक हुँदै भने- 'म एउटा गरिब परिवारमा जन्मिएको, निरन्तर संघर्ष गरिरहेको छु, मेरो जीवन रहेसम्म यो प्रक्रियामा लागिरहन्छु।'

पत्रकारको घुइँचोमा हाँस्दै पस्नुभएका मन्त्री तामाङ निकै बेर अलमलिनुभयो। मन्त्रालयका सचिव तथा अन्य कर्मचारी के बोल्ने के नबोल्ने भन्दै अलमलमा परे। वातावरण शान्त र स्तब्ध थियो।

(क्रमशः पृष्ठ ९ मा)

# केन्द्र नछाड्ने कर्मचारीको तलब गाउँमै पठाइने

सुनील महर्जन, काठमाडौं

सरकारले चालू आर्थिक वर्षदेखि स्थानीय तहमा सरुवा भएर जाने कर्मचारीको तलब सम्बन्धित ठाउँबाट पठाउने भएको छ।

कर्मचारी काठमाडौं उपत्यकाबाहेक विभिन्न जिल्लाका गाउँपालिका, नगरपालिका नगएर हैरान बनाएपछि मन्त्रालयले सरुवा भएका कर्मचारीका निम्ति यस्तो व्यवस्था गरेको हो। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका अनुसार सरुवा भएका कर्मचारी स्थानीय तहमा जान नमानेको र गएका कर्मचारीसमेत केही दिनभित्र केन्द्र नै फर्किने गरेकाले सम्बन्धित ठाउँबाटै तलब पठाउन थालिएको हो। 'पारिश्रमिक पठाउँदा कर्मचारी अनिवार्य जाने भएकाले यस्तो व्यवस्था गर्न लागिएको हो।' -संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता सुरेश अधिकारीले भन्नुभयो।

यसअघि केन्द्रका कर्मचारी सरुवा भए पनि कर्मचारीले पहिलेकै कार्यालयबाट पारिश्रमिक बुझ्दै आएका थिए। मुलुक संघीय संरचनामा गइसकेपछि स्थानीय तहमा कर्मचारीलाई केन्द्रबाट पठाइँदै आएको छ। निकै प्रयास गरे पनि केन्द्रका कर्मचारी स्थानीय तहमा खटाउन नसकिएको मन्त्रालयले जनाएको छ।

'एक वर्षको अवधिमा मन्त्रालयले खटाएका कयौं कर्मचारी स्थानीय तहमा नगई केन्द्रै बसेर तलब लिइरहेको देखिन्थ्यो भने कोही सरुवा भएको कार्यालय एक एक दुई दिन बसेर फर्किने गर्दथे।' -प्रवक्ता अधिकारीले भन्नुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# महिला आयोगमा एनजीओको हालिमुहाली

## चार जिल्लामा खुम्चियो आयोग

नेपाल समाचारपत्र

काठमाडौं

राष्ट्रिय महिला आयोगमा गैरसरकारी संस्थाको हावी भएपछि क्षेत्राधिकारका सवालमा आयोग निकै खुम्चिएको छ। देशैभर कार्यक्षेत्र रहेको आयोग गैरसरकारी संस्थाको दबाबमा परेपछि सीमित जिल्लामा खुम्चिन पुगेको हो। देशैभर महिला अधिकारका विषयमा काम गर्ने गरी संवैधानिक आयोगका रूपमा राष्ट्रिय महिला आयोग गठन गरिएको थियो।

यस आर्थिक वर्षमा महिला आयोगसँग ३ करोड रुपियाँ बजेट छ। तर, आयोगसँगै मिलेर काम गर्ने भनी विश्व बैंकको सहकार्यमा सञ्चालन भएको सम्बोधन नामक परियोजनासँग १३ करोड रुपियाँ बजेट छुट्याइएको छ। जुन रकम तीन वर्षमा सक्ने गरी विनियोजन गरिएको हो। आयोगका एक कर्मचारीले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'दौडिने पनि भन्ने अनि खुट्टा बाँधेर राख्ने।'

आयोग भने आफूहरूले देशैभर काम गरिरहेको बताउँछ। आयोगका कानुन अधिकृत निर्मला गुरुङ कर्मचारीको संख्या न्यून रहे पनि सबै जिल्लामा आफूहरूले काम गरिरहेको बताउनुहुन्छ।

परियोजनाले कानुनी सहायता, मनोसामाजिक परामर्श, बालबालिकालगायत क्षेत्रमा चार जिल्लामा सीमित रहेर काम गर्दै आएको छ। हाल काठमाडौं, ललितपुर, भक्तपुर र नुवाकोट जिल्लालाई कार्यक्षेत्र बनाएर सम्बोधन नामक परियोजनाले महिला आयोगसँग समन्वय गरी काम गर्दै आएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# बजेट सार्वजनिक नहुँदा सबै काम ठप्प

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं महानगरपालिकाले आर्थिक वर्ष २०७५/२०७६ को बजेट सार्वजनिक गरेको दुई साता बितिसक्दा पनि आफ्ना मातहतका निकायलाई बजेट उपलब्ध नगराउँदा सबै काम ठप्प भएको छ।

बजेट सार्वजनिक हुन नसक्दा सबै विभाग, महाशाखा र योजनाका काम ठप्प भएका छन्।

गएको असार २७ गते महानगरको तेस्रो अधिवेशनको दोस्रो नगरसभामा कामपाले ७ वटा विषयगत क्षेत्रमा १३ अर्ब २ करोड १२ लाख ३७ हजार रुपियाँको बजेट सार्वजनिक गरेको थियो।

नगरसभामा सार्वजनिक भएको बैठक महानगरका विभागमा पुग्न नसक्दा योजना कार्यान्वयन गर्नमा गम्भीर समस्या उत्पन्न भएको छ। 'योजना स्वीकृत गर्न फाइल आउँछन्, कुन शीर्षकमा कति बजेट परेको छ जानकारी नै छैन।' -एक विभागीय प्रमुखले भने।

नगरसभाबाट बजेट सार्वजनिक भएपछि तत्कालै वा भोलिपल्ट नै कामपाले वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने प्रावधान रहेको छ। 'बजेट सार्वजनिक भएको दुई साता बितिसक्दासमेत बजेट सार्वजनिक गर्न नसक्नु कामपाका मेयर र प्रमुख प्रशासकीय अधिकृतको कमजोरी हो।' -ती विभागीय प्रमुखले भने।

### कामपामा बेथिति

बजेट पास भएलगत्तै विभिन्न निकायले योजनाअनुसारको बजेट माग गर्दै कामपामा विवरण पेस गरेका थिए। मेयर र प्रमुख प्रशासकीय अधिकृतले ती फाइल अध्ययन गरी टिप्पणी उठाएर विभिन्न विभागमा पठाएका थिए। 'मेयर र प्रमुख प्रशासकीय अधिकृतले तोक लगाएर पठाउनुभएको फाइलको चाङ लाग्दासमेत बजेटबारे जानकारी पाउन सकिएको छैन।' -ती विभागीय प्रमुखले भने।

'कामपाको ११ वटा विभागमा तोक आदेशका दर्जनौं फाइल थन्किएका छन्।' -कामपाका एक अधिकारीले भने। कामपा वित्त विभाग प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्य-सचिव शिव अधिकारीले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'बजेट तयार छ, केही दिनमै सार्वजनिक गर्नेछौं।'

उहाँले बजेट सार्वजनिक गर्न नसक्दा केही समस्या भएको बताउँदै भन्नुभयो- 'बजेट पास भइसकेको छ, काम गर्न केही समस्या हुँदैन।'

उहाँले बजेट सम्मिश्रण गर्न केही समस्या भएकाले केही दिन ढिलो भएको बताउनुभयो। 'कुन शीर्षकमा कति बजेट छ भन्ने विषयमा किताब हेरेर मात्रै थाहा हुन्छ, न पुस्तिका छापिएको छ न त वेबसाइटमै हालेको छ, कसरी काम गर्ने भन्ने विषय अन्योलमा परेको छ।' -एक विभागीय प्रमुखले *नेपाल समाचारपत्र*सँग भने।

कामपाले बजेट पास गर्नासाथ शीर्षक छनोट गरेर योजना कार्यान्वयन हुने गरेको छ। बजेटका बारेमा कर्मचारीले नै थाहा नपाएपछि कसरी काम गर्ने भन्ने अन्योल भएको छ।

कामपाले आयमा आन्तरिकतर्फ ४ अर्ब ९० करोड २१ लाख ५७ हजार, बाह्य स्रोतबाट ५ अर्ब १९ करोड र अन्य स्रोतबाट १ अर्ब ४ करोड ११ लाख बजेट सार्वजनिक गरेको थियो।

व्ययतर्फ विषयगत क्षेत्र निर्धारण गरेर विनियोजन गरिएको छ। कामपाले पूर्वाधार विकासतर्फ ३ अर्ब ६ करोड २५ लाख, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चका लागि ३ अर्ब ६ करोड २५ लाख, सहरी विकासतर्फ ७ करोड ८१ लाख, विपद् व्यवस्थापनतर्फ १६ करोड ७८ लाख, वातावरण व्यवस्थापनतर्फ ५४ करोड ४६ लाख रुपियाँ छुट्याइएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

योजना र बजेटविहीन गन्तव्यले सही दिशा पहिल्याउन सक्दैन। ट्रस्टको स्वामित्वमा रहेका सम्पत्तिबाट राष्ट्रले नै फाइदा लिन सक्छ।

## ऐतिहासिक संरचनाको संरक्षण गर्न

# ट्रस्टलाई बजेटकै अभाव

मधुसूदन रायमाझी



नेपाल ट्रस्टको कार्यालयअन्तर्गत २१ हजार ५ सय ६३ रोपनी जग्गा जमिनका साथै भौतिक संरचना स्वामित्वमा आइसकेको छ। तर जग्गा जमिनको संरक्षण र भौतिक संरचनाको मर्मतसम्भार गर्न आवश्यक बजेट नहुँदा भने ट्रस्टले सास्ती खेप्दै आएको छ। ट्रस्ट स्थाना भएयता हालसम्म ट्रस्टको कोषमा ६० करोड रुपियाँ जम्मा भइसकेको छ। कोषमा जम्मा भएको पैसा दुर्गम क्षेत्रको स्वास्थ्य र शिक्षामा लगानी गर्ने उद्देश्य लिइएको छ। तर ट्रस्टको कोषमा जम्मा भएको पैसा कहाँ र कसरी सदुपयोग गर्ने भन्ने विषयमा अहिलेसम्म कार्यविधि नै बनाउन सकिएको छैन। सरकारले समृद्धिको नारा अगाडि सारेको छ। तर ट्रस्टसँग रहेको जग्गा जमिन र भौतिक संरचनाको दीर्घकालीन उपयोगका बारेमा सरकारको अझै पर्याप्त ध्यान जान सकेको छैन।

विक्रम संवत २०५८ साल जेठ १९ गते तत्कालीन राजा वीरेन्द्र शाह, रानी ऐश्वर्य शाह र उहाँको परिवारको सामूहिक हत्या भएपछि उहाँहरूको नाममा रहेको सम्पत्तिलाई ट्रस्ट मातहत ल्याउने निर्णयबमोजिम २०६४ साल मंसिर ६ गते नेपाल ट्रस्टको स्थापना भएको थियो। सरकारले २०६४ सालमा जारी गरेको अध्यादेशलाई परिमार्जन गर्दै ०६४ साल नेपाल ट्रस्ट ऐन जारी गरी ट्रस्टको कामलाई थप प्रभावकारी बनाउनका लागि २०६५ मा नेपाल ट्रस्टको नियमावली जारी गरिसकेको छ। ऐन जारी गरेको १० वर्ष बितिसक्दा समेत कार्यविधि बन्न सकेको छैन। ट्रस्टको कार्यालयले आफू मातहत रहेको सम्पत्तिको मूल्य झन्डै ८७ अर्ब रुपियाँ रहेको प्रारम्भिक मूल्यांकन गरेको छ। १२ जिल्लामा आफ्नो भौतिक पूर्वाधारसहितको २१ हजार ५ सय ६३ रोपनी जग्गा रहेको छ। तर जग्गाको भरपर्दो संरक्षण देखिएको छैन।

पूर्वराजा वीरेन्द्र र रानी ऐश्वर्य शाहका परिवारको नाममा रहेको र रहन सक्ने चलअचल सम्पत्तिलाई सरकार मातहत ल्याउनका लागि नेपाल ट्रस्टको स्थापना भएको थियो। सो सम्पत्तिबाट भएको र हुने आम्दानीबाट शिक्षा स्वास्थ्यलगायतका सामाजिक कार्यमा योगदान दिने पवित्र उद्देश्यसहित स्थापना भएको ट्रस्टले निकै लामो मेहनत गरेर २१ हजार ५ सय रोपनी जग्गा आफ्नो स्वामित्वमा ल्याउन सफल भएको छ। तर ट्रस्ट मातहत आएको भौतिक संरचना र जग्गा जमिनको व्यवस्थापन गर्न भने निकै गाह्रो परेको छ। सरकारले वार्षिक करिब ६० लाख मात्र मर्मतसम्भारको नाममा खर्च गर्दै आएको छ। ट्रस्टको कार्यालयका इन्जिनियर वार्षिक मर्मतसम्भारमा मात्र करोडौं रुपियाँ बजेट आवश्यकता भएको बताउनुहुन्छ। उहाँले भन्नुभयो- 'आवश्यकता धेरै छ, बजेट निकै न्यून छ, जसको कारण अपेक्षाकृतरूपमा काम हुन सकेको छैन।'

ट्रस्टको स्वामित्वमा आएको सम्पत्तिको उचित व्यवस्थापन, सञ्चालन गरी राष्ट्रको सर्वोत्तम हितलाई ध्यान दिँदै शिक्षा र स्वास्थ्यको क्षेत्रमा सहयोग पुऱ्याउने मुख्य लक्ष्य रहेको ट्रस्टले लिएको छ। नेपाल ट्रस्टको कोषअन्तर्गत हाल ६० करोड रुपियाँ जम्मा भइसकेको छ। कोषमा जम्मा भएको रकमलाई कसरी परिचालन र व्यवस्थापन गर्ने भन्ने विषयमा ट्रस्टले कार्यविधि निर्माणको काम गरिरहेको ट्रस्टको कार्यालयले बताएको छ। कार्यालयले आफ्नो स्वामित्वमा रहेका जग्गा जमिनमा अनाधिकृतरूपमा बसोबास गरेकालाई कानुनबमोजिम हटाउने कामलाई प्राथमिकता दिएको छ। ट्रस्टअन्तर्गत रहेको सम्पत्ति प्रयोग गर्नेले सहजरूपमा हस्तान्तरण नगर्दा कार्यालयले कानुनी बाटोबाट अगाडि बढ्नुपर्ने अवस्था रहेको छ।

नेपाल ट्रस्ट ऐनले ट्रस्टको कार्य सञ्चालन र व्यवस्थापन गर्न गृहमन्त्री अध्यक्ष रहने गरी ९ सदस्यीय ट्रस्ट सञ्चालक समितिको व्यवस्था गरेको छ। तर १० वर्ष बितिसक्दासमेत ४ जना सदस्य खाली रहेका छन्। ट्रस्टले रिक्त रहेका सदस्यको नियुक्तिका लागि मन्त्रीपरिषद्को कार्यालयमा सिफारिस गरिसकेको बताएको छ।

समितिको उपाध्यक्षमा नेपाल सरकारका मुख्य सचिव, सदस्यमा गृह मन्त्रालयका सचिव, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, अर्थ मन्त्रालयका सचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव, शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, नेपाल सरकारले नियुक्त गरेका वा तोकेका २ जना महिलासहित ४ व्यक्ति र ट्रस्टका कार्यकारी सदस्य सचिव रहने व्यवस्था गरिएको छ। कार्यालयले ट्रस्ट मातहत रहेका सम्पत्तिको संरक्षण, संबर्द्धन र व्यवस्थापन गर्दै बाँकी रहेको सम्पत्तिको पनि खोजबिन कार्य भइरहेको बताएको छ।

विसं २०६२/०६३ सालको जनआन्दोलनबाट नेपालमा राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भयो। पूर्वराजा वीरेन्द्र शाहको परिवारको नाममा रहेको चल अचल आफ्नो स्वामित्वमा ल्याए पनि उचितरूपमा मर्मतसम्भार हुन नसक्दा भने ऐतिहासिक भौतिक संरचना लोप हुने अवस्थामा पुगेको छ। समयमा नै मर्मतसम्भार पुनर्निर्माण हुन नसक्दा गोकर्णमा पूर्वराजा वीरेन्द्र बस्ने निवास अहिले भग्नावशेषमा परिणत हुने अवस्थामा पुगेका छ।





ट्रस्टको स्वामित्वमा रहेका विभिन्न स्थानको जग्गा तथा त्यसमा निर्मित भौतिक संरचनाको सुरक्षा र संरक्षणको काम कार्यालयले गर्दै आएको छ। ट्रस्टको नाममा रहेको जग्गामा स्थानीयको अवरोधका बाबजुद पनि तारबार लगाउने, पर्खाल निर्माण गर्ने तथा निर्मित ऐतिहासिक संरचनाको मर्मतसम्भार गर्ने काम धेरै पनि भए पनि बजेटको अभावमा मर्मत सम्भावरको काम निकै न्यून रहेको छ। ट्रस्टको स्वामित्वमा रहेको जग्गा तथा जमिनको उपयोग गर्ने विषयमा थप अध्ययन र अनुसन्धान भइरहेको कार्यालयले बताएको छ।

ट्रस्टले काठमाडौंको गोकर्णस्थित गोकर्ण फरेस्ट रिसोर्ट, कमलादीस्थित काठमाडौं प्लाजा, लाजिम्पाटस्थित स्ट्यान्डर्ड चार्टर्ड बैंक, टेकुस्थित बिजनेस पार्क, सोल्टी आउटर कम्प्लेक्स, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय, गरिबी निवारण कोष, काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई लिज र भाडामा लगाएको छ। जसबाट ट्रस्टले वार्षिकरूपमा थप आयआर्जन गर्दै आएको छ। ट्रस्टअन्तर्गत रहेका भवनको अधिकतम सदुपयोग गर्ने नीति कार्यालयले लिएको छ।

ट्रस्टको स्वामित्वमा आएको जग्गामा ऐतिहासिक भवनसमेत रहेका छन्। ती भवनको समय-समयमा मर्मतसम्भार र रङरोगन गर्न एवं पर्खाल तथा तारबार गर्न पनि ट्रस्टको कार्यलयसँग आवश्यक बजेटको अभाव छ। अर्थ मन्त्रालयसँग पटक-पटक बजेटको माग गर्दा पनि आवश्यक बजेटसमेत उपलब्ध हुन सकेको छैन। ट्रस्टले आफ्नो स्वामित्वमा आएका ऐतिहासिक सम्पदालाई संग्रहालयको रूपमा विकास गर्ने अवधारणा अगाडि सारेको छ। स्थानीय सरोकारवाला निकायले पनि पूर्वराजा र उहाँको परिवारको व्यक्तिगत जीवनका बारेमा जानकारी गराउनका लागि तत्कालीन राजपरिवार बस्ने गरेका विभिन्न ऐतिहासिक भवनलाई संग्रहालयका रूपमा विकास गर्नुपर्नेमा जोड दिँदै आएका छन्।

ट्रस्टले आफ्नो सम्पत्तिको संरक्षण र उपयोग सम्बन्धमा रणनीतिक गुरुयोजना निर्माण गर्ने काम गरिरहेको छ। हाल ट्रस्टको स्वामित्वमा रहेका विभिन्न स्थानको जग्गा तथा उक्त जग्गामा निर्मित भौतिक संरचनाको सुरक्षा र संरक्षणका लागि नेपाली सेनाले निरन्तररूपमा सहयोग गर्दै आएको छ। हाल ट्रस्टलाई प्राप्त सीमित रकमबाट पनि ट्रस्टको स्वामित्वमा रहेका जग्गामा तारबार लगाउने, पर्खाल निर्माण गर्ने तथा ऐतिहासिक भवनको मर्मतसम्भारको काम हुँदै आएको छ।

ट्रस्टको कार्यालयले विभिन्न जिल्लामा रहेका जिल्ला प्रशासन कार्यालय, मातपोत कार्यालय र नापी कार्यालमा खटिएर जग्गा खोजीको कार्यलाई जारी राखेको छ। त्यस्ता घर जग्गा र जमिनको उपयोगका लागि क्रमश: प्राविधिक अध्ययन गराई ट्रस्टलाई अधिकतम फाइदा हुने गरी काम भइरहेको कार्यालयका इन्जिनियर श्रीकान्त भट्टराई बताउनुहुन्छ।

ट्रस्टको स्वामित्वमा रहेको कास्कीको पोखरा महानगरपालिका-६ लेकसाइटमा अवस्थित रत्न मन्दिर पूर्वराजा र उहाँका परिवार बस्ने निजी आवास थियो। सुन्दर नगरी पोखराको फेवातालको किनारामा अवस्थित रत्न मन्दिरलाई पूर्वराजाको निजी जीवनका बारेमा जानकारी गराउनको लागि संग्रहालयकै रूपमा विकास गर्ने योजना ट्रस्टले बनाएको छ। पोखरी जति सुन्दर छ। यो रत्न मन्दिर पनि उत्तिकै सफा र सुन्दर छ। पूर्वराजा र उहाँका परिवारले उपयोग गर्ने वस्तुको अहिले पनि संरक्षण गरेर राखिएको छ। प्रदेश नम्बर ४ का उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्सालले रत्न मन्दिरलाई संग्रहालयको रूपमा विकास गर्नुपर्ने बताउनुहुन्छ।

पोखराका नागरिक समाजका अगुवा, पर्यटन व्यवसायी पनि रत्न मन्दिरलाई संग्रहालयको रूपमा विकास गरेर अगाडि बढ्नुपर्ने पक्षमा देखिएका छन्। पोखराका पर्यटन व्यवसायी अग्नी कँडेल पोखराको सौन्दर्यतासँगै रत्न मन्दिरलाई संग्रहालयको रूपमा विकास गरेर अगाडि जानुपर्ने बताउनुहुन्छ। स्थानीयले रत्न मन्दिर र हिमा गृह ऐतिहासिक महत्त्वका सम्पदा भएकाले भवनलाई सुरक्षित राख्दै पर्यटकको दृश्यावलोकनका लागि खुला गर्नुपर्नेमा जोड दिएका छन्। पटक-पटक ऐतिहासिक रत्न मन्दिरको सम्पदालाई अतिक्रमण गर्ने कोसिस भए पनि हाल रत्नमन्दिर-फेवाताल सरोकार समिति नै गठन गरिएको बताउँदै समितिका महासचिव रामबहादुर पौडेलले कुनै पनि बहानामा रत्न मन्दिरको सौन्दर्यलाई बिगार्ने काम आफूलाई मान्य नहुने बताउनुभयो।

नेपाल ट्रस्ट एकाइ कार्यालयका पोखराका प्रमुख कृष्ण गुवाजुले रत्न मन्दिरभित्र पूर्वराजाले प्रयोग गर्ने वस्तुलाई अहिले पनि सुरक्षितरूपमा संरक्षण गर्ने काम गरिरहेको बताउनुभयो। उहाँले पूर्वराजा परिवारको निजी जीवनका बारेमा बुझ्न पनि संग्रहालय अध्ययन केन्द्र हुने बताउनुभयो। पोखराको रत्न मन्दिर १ सय ७० रोपनी क्षेत्रफलमा फैलिएको छ। पोखरासँगै पूर्वराजाले बस्ने गरेको निवासको संरक्षण, संबर्द्धन र व्यवस्थापनको काम ट्रस्टले गर्दै आएको छ। मकवानपुरको कान्ति ईश्वरी गृहको संरक्षणको काम ट्रस्टले नै गरिरहेको छ। करिब २ बिगाह क्षेत्रफलको जग्गामा रहेको गृहलाई पार्क र संग्रहालयका रूपमा विकास गर्नुपर्ने अवधारणा अगाडि बढाइएको एकाइ प्रमुख क्युवा लामा बताउनुहुन्छ।

पर्यटकीय नगरी चितवनको नारायणी नदीसँग जोडिएको दियालो बंगला पनि उचित व्यवस्थापनको पर्खाइमा रहेको छ। ९७ विगाह ११ कठ्ठा क्षेत्रफलमा फैलिएको दियालो बंगला दिनप्रतिदिन जीर्ण बन्दै गएको छ। आवश्यक बजेट नहुँदा दियालो बंगलाको मर्मतसम्भारसमेत पर्याप्त हुन सकेको छैन। समृद्ध नेपाल निर्माण आजको आवश्यकता हो।

देशको विकास र समृद्धिका लागि रहेक क्षेत्रमा योजनाबद्धरूपमा नीति निर्माण र त्यसलाई कार्यान्वयन गर्ने प्रभावकारी बजेट र व्यवस्थापन चाहिन्छ। योजना र बजेटविहीन गन्तव्यले सही दिशा पहिल्याउन सक्दैन। ट्रस्टको स्वामित्वमा रहेका सम्पत्तिबाट राष्ट्रले नै फाइदा लिन सक्छ। ट्रस्टको स्वामित्वमा रहेको सम्पत्तिको उचित संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापन गर्ने कार्यमा पर्याप्त ध्यान दिँदै ऐतिहासिक सम्पदाको संरक्षण गर्नु र भावी पुस्तामा हस्तान्तरण गर्दै जानु सरकारको दायित्व र कर्तव्य हो।

## 'मर्मतसम्भार गर्ने न्यूनतम बजेट पनि छैन'



यदुप्रसाद पन्थी
उप-सचिव, नेपाल ट्रस्टको कार्यालय

पवित्र उद्देश्यको साथ नेपाल ट्रस्टको कार्यालयको स्थापना भएको हो। यसको लक्ष्य र उद्देश्यअनुसार काम पनि भइरहेका छन्।१० वर्षको अवधिमा ट्रस्ट सञ्चालक समितिका ४३ वटा बैठक सम्पन्न भइसकेका छन्। नेपाल ट्रस्टअन्तर्गत भएका चल अचल सम्पत्तिलाई कसरी उपयोग गर्ने भन्ने विषयमा कार्यविधि निर्माणको प्रक्रियामा छौं। भौतिक संरचनालाई लिजमा दिने बारेमा पनि कार्यविधि बनेको छैन यो पनि बनाउने क्रममा छौं। राजदरबारमार्फत लिएका सम्झौतालाई ट्रस्टको कार्यालयले नवीकरण गरेको हो। त्यो बेला भएका सम्झौतालाई यथावत राख्दै नवीकरण गरिँदैआएको छ। ती लिजमा दिएका जग्गा तथा भौतिक संरचनाको समयावधि सकिएपछि खुला प्रतिस्पर्धा गराउने हो भने केही बढ्ने सम्भावना रहेको छ।

त्यसका लागि पनि हामीले गृहकार्य गरिरहेका छौं। लिजका बारेमा मन्त्रीपरषद्ले नै निर्णय गर्छ। मर्मतसम्भारका लागि वार्षिक ५५ लाख रुपियाँ मात्र बजेट छ। यसले मर्मतसम्भार गर्न पुग्दैन। मर्मतसम्भार गर्नुपर्ने ठाउँ धेरै छन्। ३ वर्षअघि गएको भूकम्पका कारणले पनि धेरै पर्खाल भत्किएका छन्। तर कार्यालयसँग सीमित बजेट छ। वार्षिक डेढ करोड रुपियाँभन्दा बढी रकम मर्मतसम्भारका लागि आवश्यक छ। हाल मर्मतसम्भारका लागि खर्च हुँदैआएको बजेटले ऐतिहासिक संरचनालाई यथावत् राख्न पनि मुस्किल परेको छ। बजेटको अभावमा ट्रस्टअन्तर्गत रहेको जग्गा जमिनलाई व्यवसायिक प्रयोजनका बारेमा पनि अध्ययन गराउन सकिएको छैन। अहिलेको बजेटले चुहिएको छानो टाल्ने र नगरी नहुने पर्खालको मर्मत मात्र गरिएको छ। गोकर्ण फरस्ट रिसोर्टको ७ किलोमिटर पर्खाल भत्किएको छ। पर्खाल निर्माण गर्न नै करोडौं रुपियाँ बजेट खर्च हुन्छ। ट्रस्टको सम्पत्तिलाई कसरी उपयोग गर्ने भन्ने विषयमा आन्तरिक गृहकार्य भइरहेको छ।





## ग्रेट डे

अभिनेता राजेश हमाल इग्ल्यान्डमा।

PAGE3



## पोल्यान्ड र टर्कीमा झण्डा फहराउँदै
# घन्कियो मौलिक नेपाली गीत



चन्द्र सूर्य अंकित नेपालको राष्ट्रिय झण्डाका साथमा दौरा सुरुवाल, ढाकाटोपी अनि गुन्युचोलीमा सजिएर नेपाली कलाकार टोली जब पोल्यान्डको स्टेजमा उक्लन्छन्, विभिन्न देशबाट जम्मा भएका दसौं हजारले तालिका पर्रा छुटाउँदै सम्मान गर्छन्। यो रोमाञ्चक दृश्य हालै पोल्यान्ड र टर्कीमा सम्पन्न *अन्तर्राष्ट्रिय लोक साँस्कृतिक मेला-२०१८* को हो।

पोल्यान्डका २ छुट्टाछुट्टै राज्य लेग्निचा र क्रिनिचा शहरमा सम्पन्न लोक सांस्कृतिक मलाका साथै टर्कीको चनाकालेमा सम्पन्न अन्तर्राष्ट्रिय लोक नृत्य प्रतियोगितामा एभरेस्ट नेपाल कल्चरल ग्रुपले आफ्नो मौलिक संस्कृति र नृत्य प्रस्तुत गरी नेपाल फर्केको छ। पोल्यान्डमा सम्पन्न मेलामा १२ राष्ट्रको १५ टोली सहभागिता रहेको थियो भने टर्कीमा सम्पन्न मेलामा १६ राष्ट्रबाट २२ साँस्कृतिक समूहले भाग लिएका थिए। मेलामा नेपालको तर्फबाट एभरेस्ट नेपाल कल्चरल ग्रुपले भाग लिएको थियो। ग्रुपका प्रमुख रामचन्द्र कोइरालाको संयोजन तथा निर्देशकहरू शीतल आचार्य (सीता) र मिरज कोइरालाको निर्देशनमा टोलीले आफ्नो प्रस्तुति प्रस्तुत गरेको थियो। टोलीले मेलामा झ्याउरे, तामाङ, झोडा, सतार, सेब्रु, धिमल, सोरठीका साथै दर्जनौं नृत्य प्रस्तुत गरेको थियो। ग्रुपका तर्फबाट रुपिन डंगोल, शम्भु शाही, उदिराम खड्का, विधान कोइराला, प्रमिल रिजाल, अनिता अधिकारी, अनिश राना मगर, निशा राना मगर, पुर्नीमाया बजगाईंले नृत्य प्रस्तुत गरेका थिए भने वाद्यवादन तथा गायकगायिकातर्फ बाँसुरीजवादक रामबहादुर भुजेल, गायक रामप्रसाद पाण्डे, वाद्यवादक धनेश्वर तिवारी, गायिका रीता बुढाथोकी भुजेल, डेकप्रसाद अधिकारी (गोपाल), प्रदीप गुरुङले गीत-संगीत र वाद्यवादन प्रस्तुत गरेका थिए।

## नाइँ नभन्नु लमा
# फेरि बालप्रेम

*नाइँ नभन्नु ल* फिल्मको नामका आधारमा लगातार सिरिज फिल्म बनाइरहेका र त्यसैबाट लोकप्रियता कमाइरहेका निर्माता, निर्देशक तथा लेखक विकासराज आचार्यले आफ्नो पछिल्लो निर्माणाधिन फिल्म *नाइँ नभन्नु ल-५* को शीर्ष गीत सार्वजनिक गरेका छन्।

मंगलबार राजधानीमा आयोजित एक समारोहका बीच सार्वजनिक सो गीतमा बाल र किशोर उमेरको प्रेम देखाइएको छ। *तिम्रो आँखा आँखा जुधाइ* बोलको गीतमा नायिका स्वस्तिमा खड्का र डेब्यु हिरो अभिषेक नेपालका साथमा बालकलाकारलाई देखाइएको छ। गीतमा मेलिना राईको स्वर रहेको छ भने संगीत वसन्त सापकोटाले भरेका छन्। दिनेश थपलियाको शब्द रहेको यो गीतको भिडियो कविराज गहतराजले कोरियोग्राफी गरेका छन्। आगामी भदौ ८ मा रिलिज डेट तोकिएको फिल्ममा दिलीप रायमाझी, प्रियंका कार्की, केकी अधिकारी, स्वस्तिमा खड्का, अभिषेक नेपाल, उत्तम केसी, बाल कलाकार अनुभव रेग्मी, सेड्रिना शर्मालगायत प्रमुख भूमिकामा छन्। सामिप्यराज तिमिल्सिना र विकासराज आचार्यको लेखन रहेको फिल्मका निर्माता हरिबोल भण्डारी र गौरीराज जोशी हुन्।





# बिग ब्रदरमा शोषण प्रयास!

अमेरिकी बिग बोस अर्थात् टेलिभिजन रियालिटी शो *बिग ब्रदर*को सिजन-२० माथि नश्लवादी टिप्पणी तथा यौन शोषणको आरोप लागेको छ।

साथै शोको दौरान प्रतियोगी रिचेल स्डिन्लर तथा एन्जेला रमन्सले घाममा बसेका कारण छालामा समस्या भएको कुरा गर्दै युहुदी शब्दको प्रयोग गरेका थिए। यसपश्चात् ट्विटरमा दुवै प्रतियोगीविरुद्ध जमेर ट्रोल गरियो भने शोका निर्माताले दुवैलाई भविष्यमा फेरि यस्तो व्यवहार गरे शोबाटै निकालिदिने चेतावनीसमेत दिए। समाचारअनुसार कार्यक्रमका फ्यानले एक प्रतियोगीलाई अनुचितरूपमा सहभागीलाई छुने, गालीगलौज गर्ने तथा यौन उत्पीडनको आरोप पनि लगाएका थिए। *बिग ब्रदर*का अघिल्ला सिजनमा पनि यस्ता प्रकारमा घटनाहरू धेरै भएको र सिजन-५ मा भाग लिएकी बलिउड नायिका शिल्पा शेट्ठी पनि नश्लभेदी टिप्पणीको शिकार भएको बताइएको छ।

# पल र आँचलको भिडियो



रिलमा मात्र नभई रियलमा पनि प्रेम जोडीका रूपमा चर्चामा रहेका नायकनायिका पल शाह र आँचल शर्माद्वारा मोडलिङ गरिएको एक म्युजिक भिडियो सार्वजनिक भएको छ।

*जुनमा राखें तिमीलाई* बोलको गीतमाथि बनेको म्युजिक भिडियोमा पल र आँचलले रोमान्स गरेका छन्। पल र आँचल धेरै समयदेखि म्युजिक भिडियोमा एकसाथ देखिएका थिएनन्। फिल्ममा भने यो जोडी सँगै प्रस्तुत हुँदै आइरहेको थियो। फिल्मतिर आएपछि पल भने म्युजिक भिडियोबाट टाढा हुँदै आएका थिए। पल म्युजिक भिडियोमा नाम कमाएपछि फिल्ममा आएका हुन्। प्रदीप ढकाल र निखिता थापाद्वारा स्वरबद्ध तथा प्रदीप ढकालको संगीत र विष्णुबाबु देवकोटाको शब्द रचना रहेको गीतको म्युजिक भिडियो विकास सुवेदीले निर्देशन गरेका छन् भने कोरियोग्राफी पल स्वयंले गरेका छन्।

# टिजरमा सिंहदरबार



अभिनेतृ गौरी मल्ललाई महिला प्रधानमन्त्रीका रूपमा देखाइएको टेलिसिरियल *सिंहदरबार* दोस्रो सिजनको टिजर सार्वजनिक गरिएको छ।

अमेरिकी अन्तर्राष्ट्रिय सहयोग नियोग (यूएसएआईडी) को आर्थिक सहयोगमा सर्च फर कमन ग्राउन्ड र शुभ मिडिया होमले उत्पादन गरेको *सिंहदरबार-२* को टिजरमा गौरी मल्ल, प्रमोद अग्रहरि, रमेशरञ्जन झा, हेमन्त चालिसे, बादल भट्ट, प्रकाश घिमिरे, देशभक्त खनाल, आलोक थापा, प्रभात रिमाल, सविना गोपाली, कृष्ण शिवाकोटीलगायतका कलाकारलाई देखाइएको छ। सिरियल नवीन सुब्बाले निर्देशन गरेका छन्। साउनको दोस्रो सातादेखि नेपाल टेलिभिजनबाट प्रसारण हुने तयारीमा रहेको *सिंहदरबार-२* कुल १३ भागको छ।



# विचार

सबै महान् व्यक्ति मध्यम वर्गबाट नै जन्मेका हुन्छन्।
– इमर्सन

प्रजातन्त्र जनताको निम्ति जनताले चुनेको, जनताको सरकार हो।
– अब्राहम लिंकन

## सम्पादकीय

नेपाल समाचारपत्र

# अभिव्यक्तिमा विकेक पुऱ्याऊ

सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको अभिव्यक्तिको कारणले लिएर बेला–बेलामा विवाद हुने गरेको छ । वन्दुकको नालबाट निस्किएको गोली र मुखबाट निस्किएको बोली फिर्ता हुँदैन । बोली यस्तो चिज हो जुन मुखबाट नस्किँदासम्म आफ्नो बसमा हुन्छ । जब मुखबाट फुत्किन्छ तब आफ्नो नियन्त्रणमा हुँदैन । बोल्दा विचार पुऱ्याउनुपर्छ । सानो बोली तर कसैको आत्मसम्मानमा चोट पुगेको अवस्थामा त्यसले समाजमा द्वन्द्वकै सृजना गर्छ । के सार्वजनिक पद धारण गरेका व्यक्ति, के सर्वसाधारण सबैले बोल्दा विवेक पुऱ्याउनुपर्छ । भनाइ नै छ– मन लाग्यो भन्दैमा जथाभावी नबोल्नू । यसको अर्थ हो रिसमा आएर, भावनामा बहकिएर कसैमाथि लगाउने आरोप वा टिप्पणीले स्वयम् व्यक्तिलाई नै अप्ठ्यारोमा पार्ने गर्छ ।

सावर्जनिक पद धारण गरेका व्यक्तिहरूले बोल्दा झनै विचार पुऱ्याउनुपर्छ । नैतिकता निकै ठूलो विषय हो । नैतिक मूल्य, मान्यता र आचरणले नै व्यक्तिलाई बाँधेको हुन्छ । जब मानिसले नैतिक मूल्य र मान्यतालाई बिर्सिएर व्यक्तिगत कुण्ठा र अनावश्यक टिकाटिप्पणी गर्छ, त्यसले समाजमा नै नकारात्मक प्रभाव पर्छ । समाजलाई समृद्धि बनाउने अठोटसहित सार्वजनिक पदमा पुगेका व्यक्तिहरू पनि पटक–पटक विवादमा तानिदै आएका छन् । कानुनमन्त्री शेरबहादुर तामाङले पनि आफूले दिएको अभिव्यक्तिकै कारण नैतिकताको कारण राजीनामा दिनुपरेको छ । सार्वजनिक पदमा बसेकाहरूले दिने अभिव्यक्तिको कारण नागरिकहरूको आत्मसम्मानमा चोट पुग्न गएको अवस्थामा नैतिकताको हिसाबमा राजीनामा दिनुपर्ने हुन्छ । तर सार्वजनिक पदमा बसेका मन्त्रीदेखि विभिन्न ओहोदामा बसेकाहरूको अभिव्यक्तिहरू हेर्दा नैतिकताको निकै खडेरी परेको देखिन्छ ।

आफूले बोल्ने विषयको बारेमा ज्ञान नहुनु, कार्यक्रममा बोल्ने विषयमा लिखितभन्दा पनि मौखिक नै अभिव्यक्ति दिँदा नेता र मन्त्रीहरू विवादमा तानिने गरेका छन् । गलत अभिव्यक्तिको जिम्मेवारी लिनुभन्दा पनि गल्तीलाई ढाकछोप गर्ने प्रचलन पनि राजनीतिमा व्याप्त रहेको छ । भाषण गर्दा अशिष्ट शैलीमा गालीगलोज गर्ने, आत्मसम्मानमा चोट पुऱ्याउने गलत संस्कार बिस्तारै विकसित हुँदै गएको छ । व्यक्ति स्वयंलाई कानुनसँगै नैतिकताले पनि बाँध्ने गरेको छ । तर शक्तिको उन्मादमा सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले दिने अभिव्यक्तिले समाजमा ठूलो विवाद र बहसको जन्म गराउने गरेको छ । आफूले बोलेको अभिव्यक्तिको जिम्मेवारी लिँदै कानुनमन्त्री तामाङले नैतिकताको कारणले राजीनामा दिएका छन् । उनले नैतिकताको पाठ पनि सिकाएका छन् । आगामी दिनमा सार्वजनिक पदमा बसेकाहरूले बोल्दा ध्यान दिन जरुरी छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# अनशन र अमर्यादित अभिव्यक्ति



विनोद नेपाल

पछिल्लो समय नेपाली राजनीतिक वृत्तमा अमर्यादित अभिव्यक्तिको क्रम बढेको छ। त्यसो त प्रधानमन्त्री केपी शर्मा ओली स्वयं र नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहालबाट पनि असन्तुलित र अशोभनीय अभिव्यक्ति आउने गरेकै छन् तर राम्रा र सही कुरा गर्ने भनिएका गण्डकी प्रदेशका मुख्य मन्त्री पृथ्वी सुब्बा, बौद्धिक मानिने नेता योगेश भट्टराई आदिले पनि असन्तुलित र अमर्यादित अभिव्यक्ति दिन थालेका छन्।

यता केही दिनदेखि सरकारको नेतृत्व गरिरहेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नेताहरू निकै चर्का कुरा गरिरहेका छन्। तिनका कुरा सुन्दा लाग्छ- यो मुलुकलाई अगाडि बढ्न नदिने प्रमुख दोषी प्रतिपक्षी नेपाली कांग्रेस मात्रै हो। तर जगजाहेर छ, कस-कसले कहिले-कहिले के-के गरे र मुलुक लामो समयसम्म किन अलमलियो ? त्यसो त एउटा सिंगै संसद् अवरुद्ध गर्ने, सडकका बारहरू भत्काउने, ढुंगामुढा र बन्दको राजनीति भित्र्याउने तत्कालीन एमाले अब छैन, न त सत्रहजारको ज्यान जाने र अर्बौंको भौतिक सम्पत्ति विनाश गर्ने गरी तथाकथित जनयुद्ध गर्ने नेकपा माओवादी नै अस्तित्वमा छ। दुईवटै मिलेर 'नेपाल कम्युनिस्ट पार्टी (नेकपा)' बनेकोले नयाँ पार्टी बनेको र यी चोखिए भनी अर्थ्याउन नसक्ने पनि होइनन् तिनका नेता र समर्थक, तर त्यो इतिहासमा अंकित भइसकेको विषय भएकाले यो सहजै मेटिने वा छोपिने कुरा होइन। स्मरणीय छ, अध्यक्ष पुष्पकमल दाहालले त 'विगतको पाप पखाल्नका लागि पनि पार्टी एकीकरण गर्नुपरेको' बताएकै छन्।

पछिल्लो समय नेपाली राजनीतिक वृत्तमा अमर्यादित अभिव्यक्तिको क्रम बढेको छ। त्यसो त प्रधानमन्त्री केपी शर्मा ओली स्वयं र नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहालबाट पनि असन्तुलित र अशोभनीय अभिव्यक्ति आउने गरेकै छन् तर राम्रा र सही कुरा गर्ने भनिएका गण्डकी प्रदेशका मुख्य मन्त्री पृथ्वी सुब्बा, बौद्धिक मानिने नेता योगेश भट्टराई आदिले पनि असन्तुलित र अमर्यादित अभिव्यक्ति दिन थालेका छन्।

सामाजिक मर्यादा र पदीय हैसियतको समेत हेक्का नराखी मुखमा जे आयो त्यही बोल्ने क्रममा कानुनमन्त्री विवादमा परे। कानुनमन्त्री शेरबहादुर तामाङले मेडिकल माफियाको बचाउमा बंगलादेशमा पढ्न जाने छात्राहरूप्रति गरेको अशोभनीय टिप्पणीको जुनसुकै शब्दमा निन्दा गरे पनि कम नै हुन्छ। त्यसो त उनले विज्ञप्तिमार्फत माफी मागेका छन् तर मन्त्रीजस्तो जिम्मेवार पदमा आसीन व्यक्तिले आवेशमा यस किसिमका अभिव्यक्ति दिनु असभ्यता र गैरजिम्मेवारीको पराकाष्ठा हो। सँगसँगै विवादित चिकित्सा शिक्षा व्यवसायी दुर्गा प्रसाईंको अभिव्यक्ति पनि विवादमा परेको छ। उता गण्डकी प्रदेशका मुख्यमन्त्री सुब्बाले चाहिँ 'अनशनले रौं पनि नहल्लिने' धारणा व्यक्त गरे। यो टिप्पणी सामाजिक मर्यादाका दृष्टिले अत्यन्त निकृष्ट छ। यस किसिमका अभिव्यक्ति शैलीले सरकार समाजलाई समुन्नत, समृद्ध र सुसभ्य बनाउन खोज्दै छ, सरकारले दाबी गर्दै आएझैं थिति बसाल्न खोज्दै छ कि समाजमा बेथिति बढाउन आशंका बढेको छ।

पछिल्लो समय सबैमाझ चर्चामा छन् अनसनरत डा. गोविन्द केसी। सरकारले जुम्लामा अनशन बसेका उनलाई बीसौं दिनमा अपहरणको शैलीमा काठमाडौं त ल्यायो तर त्यसपछि उनीसँग संवाद गर्नका लागि सरकारले सर्त राखेको छ, अनशन त्यागनुपर्ने, जुन असम्भव छ। उनीमाथि यति धेरै हिलो छ्यापिएको छ कि त्यो कुनै पनि पानीले पखाल्न सक्दैन। सरकार पक्षधरहरू यति विधि पूर्वाग्रही भएका छन् कि माफियाको बचाउ गर्दै विज्ञहरू सम्मिलित आयोगले गरेका सिफारिस कार्यान्वयन गर्ने नसकिने भन्दै डुक्रिरहेका छन्।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का नेताहरू, सांसद, सरकारका मन्त्रीहरू, उपप्रधानमन्त्री, प्रधानमन्त्रीसम्मले पनि डा. गोविन्द केसीको अनशनको उपेक्षा मात्र होइन उपहास नै गरेका छन्। यति लामो समय उनी रहरले वा तिनले भनेझैं 'कांग्रेसको इशारामा' अनशन बसेका होलान् भनेर मान्न सकिँदैन। पुष्पकमल दाहालले त केसी अनशन बस्दै गर्छन् त्यसको सरोकार छैन भन्ने आशयमा टिप्पणी गरेका छन्। यो गैरजिम्मेवारीपनको पराकाष्ठा हो। यो दुई तिहाइको दम्भ हो। सत्ताको दम्भ हो। यो मुलुक र जनताका लागि सुखद संकेत होइन।

डा. गोविन्द केसी मुलुकको चिकित्सा शिक्षा क्षेत्रमा व्याप्त बेथितिको अन्त्यका लागि पटक-पटक अनशनमा बसेका छन्। सो क्रममा पटक-पटक सहमति हुने तर कार्यान्वयन नगर्ने क्रम दोहोरिएकोमा पूर्ववर्ती शेरबहादुर देउवा नेतृत्वको सरकारले बहुचर्चित माथेमा आयोगको सिफारिश बमोजिमका प्रावधान समेटेर अध्यादेश जारी गरेपछि यो विवाद अन्त्य हुने ठानिएको थियो। तर सरकार परिवर्तन भई निर्वाचनका माध्यमद्वारा वर्तमान सरकार सत्तामा पुगेपछि सो अध्यादेश निष्कृय भयो भने नयाँ विधेयक पेस गर्दा सरकारले सो माथेमा कार्यदलको सिफारिशको बेवास्ता गर्दै मेडिकल माफियालाई सघाउ पुग्ने गरी तिनकै चाहनाअनुरूपको कानुनी व्यवस्था गर्ने मनसायले केही माफियाबाट प्रभावित भई सो अध्यादेश संसद्मा दर्ता गरिएपछि प्रतिपक्षी नेपाली कांग्रेसले सोको विरुद्धमा संसद् अवरुद्ध गऱ्यो। यसपछि सरकारले डा. केसीलाई कांग्रेसले उचालेको भन्दै उनको अनशनको उपेक्षा गरेको हो।

ओली-दाहाललाई अचेल कांग्रेसप्रति दया र माया लाग्न थालेको छ। आफ्नो विगत बिर्सेर कांग्रेसमाथि लाञ्छना लगाउन तँछाडमछाड गरिरहेका छन्। ठूला-ठूला आन्दोलन र विद्रोहमा पनि सुरक्षाकर्मी नपस्ने अस्पतालमा सुरक्षाकर्मीको ताण्डव चलाउनेहरूले शान्तिका कुरा गर्नु आफैंमा विडम्बना हो। कांग्रेसलाई लोकतन्त्रको अर्थ सिकाउनसमेत लागिपरेका छन्। थुप्रै कमजोरीका बाबजुद कांग्रेस त्यही पार्टी हो जसले हिजो राणा, राजा, पञ्चायतको निरंकुशता र माओवादीको हिंसात्मक आन्दोलन एवम् अराजकताको सामना गर्दै त्यसका विरुद्ध संघर्ष लड्यो र तिनलाई शान्तिको मार्गमा ल्याउन नेतृत्वदायी भूमिका निर्वाह गरेको थियो। भन्ने नै हो भने त आफूलाई मूल प्रवाह भन्ने वामशक्ति त्यो शक्ति हो जसले २०३७ सालको जनमतसंग्रहमा पहेंलो रंगलाई बल पुऱ्याएको थियो। यसैले कोट्याउने हो भने सबैको सबै कुरा छ्याङ्गै देखिने भएकाले पछिल्लो अवस्थालाई नै अघि सारेर अघिल्ला कुकृत्यहरूको ढाकछोप गर्ने प्रयास गर्नु विडम्बना हो।

प्रधानमन्त्री ओलीले कांग्रेसलाई लोकतन्त्रको पाठ नसिकाउन सुझाएका छन्। जबकि ओलीहरूलाई लोकतन्त्रवादी बनाउने, बने भनेर विश्वास गर्ने कांग्रेसीहरू नै हुन्। समयले, परिस्थितिले ओली मात्र होइन दाहालहरूलाई पनि लोकतन्त्रवादी भयौं भन्न बाध्य हुनुपऱ्यो तर पछिल्ला क्रियाकलाप र कदमहरूप्रति कांग्रेस सजग छ, उसले संकेत राम्रो मानिरहेको छैन, देखिरहेको छैन। दुई तिहाइको दम्भ बोकेर ओलीले कांग्रेसमाथि डा. केसीको त्यान्द्रो समातेको र दाहालले चाहिं 'कांग्रेस सिद्धियो, इतिहासको पानामा सीमित रह्यो' भन्न थालेका छन्। जबकि आफैं सिद्धिने डरले एकीकृत भएका हुन्, दाहालको हकमा त उनले 'कम्युनिस्ट केन्द्र' बन्ने महत्वाकांक्षा परित्याग गरी एकाएक तत्कालीन एमालेसँग समर्पण र विलय नै गरेका इतिहास ताजै छ। आफू अस्तित्व मेटिने डरले तत्कालीन एमालेको पुच्छर समातेर सुरक्षित भएका पुष्पकमल दाहालले नेपाली कांग्रेसलाई केसीको पुच्छर समातेको आरोप लगाएका छन्। जबकि कांग्रेसले केसीले उठाएका माग पुष्पकमल दाहालकै समेत पार्टी सरकारमा भएको समयमा सम्बोधन गरी अध्यादेश जारी गरेको थियो। यस्ता भ्रम फैलाउने प्रयास जिम्मेवार नेताबाट किन हुन्छ ? आश्चर्यको विषय छ।

अन्त्यमा, चिकित्सा शिक्षा क्षेत्रमा व्याप्त बेथितिको अन्त्य गर्ने, चिकित्सा शिक्षामा आमसर्वसाधारणको पहुँच सहज बनाउने र गुणस्तरीय चिकित्सक उत्पादन गर्ने अभिप्रायले डा. केसीले आफूलाई जोखिममा पार्दै पटक-पटक अनशन बस्दै आएका हुन्। यसपटकको अनशन निकै लामो भयो। सरकारले उनलाई जुम्लाबाट बलजफ्ती काठमाडौं ल्यायो तर उनको मागको उपेक्षा र उपहास गर्दै माफियाकै संरक्षकको रूपमा प्रस्तुत गरिरहेको छ। यो आफैंमा निन्दनीय छ। अझ विडम्बना त के छ भने, डा. केसीजस्तो निःस्वार्थ व्यक्तिलाई पनि सरकारले सस्तो लोकप्रियताका लागि र दल विशेषको पक्षमा बेकारको जिद्धी गररहेको भन्दै उनको अनशनको अवमूल्यन गरेको छ। 'कम्युनिस्टले सत्याग्रहलाई नचिन्ने' भन्ने प्रतिक्रिया गण्डकी प्रदेशका मुख्यमन्त्रीले जनाएका सन्दर्भमा के कम्युनिस्टले हत्या, हिंसा र गोलीकै भाषा मात्र बुझ्ने हो त ? भन्ने प्रश्न गर्नु उचित हुने लागेको छ भने उनकै 'अनशनले सरकारको रौं पनि नहल्लिएको' भन्ने भनाइले उनको आफ्नो वास्तविक स्तर देखाएको भन्दा अत्युक्ति हुनेछैन। तर जिम्मेवार नेताहरूबाटै यति विधि सस्ता र अमर्यादित टिप्पणी किन हुन्छन् ? आश्चर्यको विषय छ।

## पाठक पत्र

### बजेट खर्चको गतिलो अनुगमन होस्

सरकारले गत आर्थिक वर्ष २०७४/७५ मा थोरै मात्रै बजेट खर्च भएको विवरण सार्वजनिक गरेको छ। विकासमा जनताको धेरै चाहना भएको भए पनि आवश्यक कानुन र नीति नियमहरू समयमै नहुनु र विशेष गरेर चुनावी गतिविधिहरू गतवर्ष धेरै भएका कारण पनि बजेट खर्चमा समस्या देखिएको छ। गतवर्ष १२ खर्ब ७ अर्ब ९३ करोडको बजेट आएकोमध्ये हालसम्म सरकारलाई प्राप्त विवरणअनुसार १० खर्ब ७३ अर्ब खर्च भएको देखिएको छ, जुन विनियोजित बजेटको ८३.९ प्रतिशत हो।

बजेट खर्चको प्रतिशतलाई सबै क्षेत्रबाट विश्लेषणहरू हुन थालेका छन्। बजेट खर्च यो वर्षको नीति तथा कार्यक्रम र सबै स्थानीय सरकारले कानुन निर्माण गरिसकेका कारण पनि यो वर्षबाट बजेट खर्च र खर्च भएको बजेटको प्रभावकारिताका बारेमा निष्पक्षरूपमा अनुसन्धान गर्ने छुट्टै संयन्त्र वा अनुगमनको जिम्मेवारी पाएका निकायहरूको प्रभावकारिता बढाउनुपर्ने देखिएको छ। स्थानीय सरकारले खर्च गरेको बजेटमा पनि अपारदर्शिता देखिने खतराको मूल्यांकन गर्दै छुट्टै संयन्त्र निर्माण गर्नु अहिलेको आवश्यकता हो।

सधैंको वर्षझैं विकासका लागि असार कुर्ने ठेकेदार र उपभोक्ता समितिहरूका पद्धतिहरू परिवर्तन गर्नुपर्नेछ, जसका लागि स्थानीय सरकारले ठोस नीति निर्माण गरेर अगाडि बढ्नुपर्ने देखिन्छ। मोहचार गर्ने र आफ्ना पार्टीका कार्यकर्ताहरू हुन् अलिकित छुट दिनुपर्छ भन्ने मानसिकता निर्वाचित जनप्रतिनिधिहरूले त्यागनुपर्दछ। यसो गरेमा मात्र सही मानेमा सडक र पूर्वाधारको लगानीले प्रतिफल दिन सक्छ, नत्र उही पुरानै उखान- 'पैसा डोजरलाई, माटो खोलालाई'। चेतना भया।

*- सुरेन्द्र कंसाकार, काठमाडौं।*

### देश कहिले बन्छ ?

देश विकास र परिवर्तनसँगै समृद्धितर्फ उन्मुख भएको हेर्ने रहर कसलाई नहोला र ? जहिलेदेखि थाहा पाउने भएँ देशको समृद्धिभन्दा दुर्गति अर्थात् भौतिक संरचनाहरूसँगै हरेक मानवको मानसिक अवस्था पनि तहसनहस हुँदै गएको देखेको छु। किनकि देश र जनताको सेवा गर्ने कसम खाएका असल कर्मचारीहरू पनि खै किन हो नागरिकप्रति त्यत्तिको बफादार देखिँदैनन्।

यो नागरिकले वर्षौंदेखि भोग्दै आएको समस्या पनि हो। यसै समस्यालाई निमिट्यान्न पार्नका लागि पनि देशमा समय-समयमा राजनीतिक उथलपुथल हुँदै आएको छ। समय फेरियो, अवस्था फेरिएको छ, तर पनि जनताका समस्या जहाँको त्यहीँ नै रहेका छन्। आज पनि आमनागरिकले आफ्नो काम गर्न र गराउन बिचौलियाको सहारा लिनै परेको अवस्था छ। त्यति मात्र होइन, सरकारी सेवाप्रवाह गर्नुपर्ने ठाउँमा पनि सेवाग्राहीको पोशाकको आधारमा, नातागोता, सम्बन्ध र राजनीतिक पहुँचको आधारमा काम हुने गरेका छन्।

विगतलाई हेर्ने हो भने देशमा आमूल परिवर्तन आएकै मान्नुपर्छ। किनकि हिजोको तुलनामा आज महिलाहरूलाई हेर्ने र गरिने व्यवहारमा केही सकारात्मक परिवर्तन आएको मान्नै पर्छ। त्यत्ति मात्र होइन, समुदायमा पनि वा भनौं नीति नियममा पनि महिला अधिकारका कुरामा केही परिमार्जन भएकै छन् भने हरेक क्षेत्रमा केही न केही परिमार्जन भएकै मान्नुपर्छ। तर पनि जसरी देश संघीयतामा प्रवेश गऱ्यो, त्यसपछि बोलिएका हरेक नेतागणका आवाजहरू थिए ती सबै आज बोलीमा मात्र सीमित भए कि भन्ने आभास हुन थालेको छ। स्थानीय तहको वर्षदिन बितिसक्यो तर पनि यो एक वर्षको अवधिमा हामीले के पायौं त ? यो सोचनीय विषय नै छ अर्थात् स्थानीय सरकारले यो अवधिमा देखिनलायकका काम के-के गऱ्यो त ?

म कुनै पार्टीको कार्यकर्ता पनि होइन र कसैको कामप्रति आग्रह र पूर्वाग्रहका साथ यो लेखेको पनि होइन। जीवनमा धेरै त्यस्ता कुरालाई देखेको छु, जहाँ साँच्चिकै पीडितले पीडा भोगिरहेकै छ, उनीहरूको स्तर हिजो जहाँ थियो आज पनि त्यहीँ नै रहेको छ। साँच्चिकै परिवर्तन केका लागि र किन भएको थियो त ? मनमा अनगिन्ती प्रश्नहरू उठ्ने गरेका छन्। किनकि हिजोका दिनमा हरेक नागरिकले न्याय पाउँछन्, अधिकारबाट कसैलाई वञ्चित गरिनेछैन, विभेद कसैले कसैलाई गर्नेछैन भन्दै सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुऱ्याउने भन्दै प्रचार गरियो। तर आजका दिनमा पनि शासन व्यवस्था त उस्तै नै रहेको छ, हिजोका दिनमा भनेजस्तो अधिकार र दरबार कता हरायो कुन्नि, सिंह भने गाँउमा प्रवेश गरेकै छ।

धेरै लम्बिने र हावा कुरै होइन यो। किनकि म यहींको बासिन्दा हुँ। सडकको बिजोग अवस्था र खोलामा समयमा पुल नबन्दा नागरिकले भोग्नुपरेको पीडा, स्वास्थ्य उपचारका लागि नजिकैको छिमेकी मुलुक धाउनुको पीडा, स्थानीय उत्पादनलाई प्राथमिकताका साथ उद्योग प्रवर्द्धनका सवालमा सरकार मौन बनिदिँदा युवा विदेश पलायन हुनेदेखि अनेकौं समस्यालाई सबैले सहर्ष स्वीकार गर्दै बसेको मैले दैनिकरूपमा देखेको छु। समस्या अनगिन्ती छन् तर पनि ती समस्यालाई कसरी समाधान गर्ने भन्ने ध्याउन्नमा सरकार पनि लागेकै होला। त्यसै त सरकार पनि काहाँ बसेको होला र ? मेरो मनमा पनि यस्ता प्रश्न कहिलेकाहीँ उठ्ने गर्छन्।

*- सागर खतिवडा, भक्तपुर।*

### गोविन्द केसीका माग पूरा गर

स्वास्थ्य, शिक्षा सेवा सर्वसाधारणको पहुँचमा ल्याउने अभियानअन्तर्गत सत्याग्रहमा उत्रेका डा. गोविन्द केस १५औं पटकको आमरण अनशनको अवस्थामा छन्। डा. केसीको स्वास्थ्य अवस्था अत्यन्त खराब भए पनि सरकार यस विषयमा मौन छ। डा. केसीको सत्याग्रहले अब नयाँ मोड लिएको छ। वास्तविक सत्याग्रहको पुष्टि डा. केसीले गरेका छन्। अब लचकता अपनाउने पालो सरकारको हो।

राजधानी काठमाडौंमै पनि चिकित्सकहरू आन्दोलनमा उत्रिइसकेका छन्। स्वास्थ्य सेवा ठप्प भएको छ। स्वास्थ्य सेवा ठप्प बनाउनु चिकित्सकीय धर्म हो कि होइन भन्ने मतभेदका कारण केही चिकित्सकहरूले काम गरिरहेका छन्, तर उनीहरूले काम जारी राख्नु भनेको डा. केसीको विरोधमा हो भन्ने अर्थ सरकारले नलगाओस्। यति हुँदा पनि डा. केसीको माग सम्बोधन भएन भने थप संकट आइपर्न सक्छ।

डा. केसीले जुन माग राखेका छन् ती माग यति बेला सरकारको नियन्त्रणमा नभएर संसद्को सम्पत्ति बनेका छन्। राष्ट्रिय चिकित्सा शिक्षा विधेयक संसद्को सम्पत्ति बनेको छ। डा. केसीका माग पूरा गराउन विधेयकमै संशोधन गर्नुपर्ने हुन्छ। यसका लागि केही दिन समय लम्बिनु स्वाभाविक हो। यदि विधेयक संशोधन गर्न सरकारले विश्वासिलो प्रत्याभूति दिन्छ भने अनशन स्थगित गर्न डा. केसी तयार हुनुपर्छ।

*- सुरज कुवँर, काठमाडौं।*

## सामाजिक सञ्जाल



डा. केसीका सुधारका माग स्वागतयोग्य छन्। तर पहल र निर्णय जनप्रतिनिधि संस्थाले नै गर्नुपर्छ। यति बेला किन सडकबाट निर्णय गराउने परिस्थिति बनिरहेछ ? यो नै आजको आधारभूत प्रश्न हो। असाधारण अवस्थामा मात्रै सडक निर्णायक हुने हो।

**Daman Nath Dhungana**
**@daman_nath**



सत्याग्रहका प्रणेता गान्धीले प्रसंगवश भन्नुभएको थियो- 'एक सत्याग्रही हठी भएमा एकजनाको ज्यान जान्छ तर राज्य चलाउने एकजना हठी भएमा कैयौंको अनाहकमा ज्यान जान सक्छ।'

**Jp Gupta**
**@JpanandaJp**



माथेमा आयोग र अनशनकारी केसीका बारेमा सबै मन्त्री, नेताले बोल्नै पर्ने ? हरेक ट्विटे र फेसबुकेले वार कि पार हुनै पर्ने ? बीचको बाटो र मानिस छैनन् ? जान्नु न तान्नु विज्ञ ! न अध्ययन, न अनुसन्धान।

**Tirtha Koirala**
**@Stirtha**

> प्रधानमन्त्री ओलीले भन्नुभयो- 'अघिल्लो सरकारले धेरै वेथिति छाडेर गएकाले त्यसको सुधारका लागि केही समय लाग्छ। यो स्थायी सरकार हो। पाँच महिनामा नै आतिनुपर्ने केही छैन।'

# नेपाल

# अग्रगमन विरूद्धका सबै प्रयास नियन्त्रण हुन्छन् : प्रधानमन्त्री



**नेपाल समाचारपत्र**
काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले अग्रगमन विरुद्धका सबै प्रयास नियन्त्रण गरिने बताउनुभएको छ।

प्रेस चौतारी र प्रेस सेन्टरले मंगलबार पार्टी केन्द्रीय कार्यालयमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै प्रधानमन्त्री ओलीले सो कुरा बताउनुभएको हो।

प्रधानमन्त्री ओलीले सरकार गठन भएकै दिनदेखि हनिमुन मनाउन नदिने भन्दै कांग्रेसले बखेडा झिकेको बताउनुभयो। 'हामी हनिमुन मनाउन आएका होइनौं। काम गर्न आएका हौं' प्रधानमन्त्री ओलीले भन्नुभयो- 'सरकार गठन भएका दिनदेखि अपदस्थ गर्छौं भन्नेहरूलाई थाहा हुनपर्‍यो। चुनावबाट मात्र अपदस्थ गर्न सकिन्छ। जसरी हामीले कांग्रेसलाई अपदस्थ गर्‍यौं।'

प्रधानमन्त्री ओलीले कम्युनिस्टहरूको सरकार आएको मन नपराउनेहरू अहिले विभिन्न नाममा आन्दोलनमा लागेको बताउनुभएको छ। 'उनीहरूलाई खटपट भएको छ, जसले प्रचण्डको टाउको ल्याउनेलाई ५० लाख दिन्छौं भनेका थिए। उही व्यक्ति शासनमा छ अहिले। जसले मलाई जेलमा षडाउन खोजेका थिए। उही व्यक्ति प्रधानमन्त्री छु अहिले' प्रधानमन्त्री ओलीले भन्नुभयो 'यो षड्यन्त्र हुन्छ भन्ने कुरा हामीलाई पहिल्यै थाहा थियो। त्यस कारण यस्ता षड्यन्त्रबाट डराउनुपर्ने केही छैन।'

प्रधानमन्त्री ओलीले कांग्रेसलाई प्रश्न गर्नुभएको छ 'कांग्रेस लोकतान्त्रिक पार्टी हो कि होइन ? कतिपय ठाउँमा बस्त्र उतारेर बोलेको छ। कतिपय ठाउँमा बुर्का ओडेर बोलेको छ।' नेपालमा अब लोकतन्त्रको नेतृत्व नेपाल कम्युनिस्ट पार्टीले गर्ने प्रधानमन्त्री ओलीले बताउनुभएको छ।

प्रधानमन्त्री ओलीले सेतो एप्रोन लगाएर एउटा पार्टीको कार्यकर्ता हुन नमिल्ने बताउनुभएको छ। 'बिरामीको उपचार गर्ने जागिर खाएर हड्ताल गर्ने?' प्रधानमन्त्री ओलीले भन्नुभयो- 'डाक्टरको जागिर खाएर हड्ताल गर्न पाइँदैन भनेर सबैले बुझ्नुपर्दछ।' प्रधानमन्त्री ओलीले मन्त्रीहरूका अनुपयुक्त बोलीमा आफ्नो ध्यान भएको बताउनुभएको छ। त्यस्ता कुराहरूलाई विधिसम्मत ढंगले सम्बोधन हुने वहाँले बताउनुभयो।

सरकारका बारेमा सञ्चार माध्यमहरूलाई गलत सूचना प्राप्त भएको हुन सक्ने प्रधानमन्त्री ओलीले बताउनुभयो। 'सरकारले राम्रा काम गरेको छ। रेल ल्याउने कुरा गरेको छ। मेलम्चीको पानी चाँडै काठमाडौं आउँदै छ' प्रधानमन्त्री ओलीले भन्नुभयो- 'अघिल्लो सरकारले धेरै वेथिति छाडेर गएकाले त्यसको सुधारका लागि केही समय लाग्छ। यो स्थायी सरकार हो। पाँच महिनामा नै आतिनुपर्ने केही छैन।' सुशासन र विकास हुन नदिने प्रयासलाई सफल हुन नदिने भन्दै प्रधानमन्त्री ओलीले भ्रष्टाचार नियन्त्रणमा आफू गम्भीर भएको बताउनुभएको छ।

# आवश्यकताको आधारमा छात्रवृत्ति वितरण

काठमाडौं, (नेस)

मारवाडी सेवा समिति नेपालको शिक्षा तथा छात्रवृत्ति व्यवस्थापन समितिले एक कार्यक्रमको आयोजना गरी शैक्षिक सत्र २०७५ को छात्रवृत्ति वितरण कार्यक्रम सम्पन्न गरेको छ।

मारवाडी सेवा समिति नेपालले स्थापना गरिएको छात्रवृत्ति कोषबाट समितिको शिक्षा तथा छात्रवृत्ति व्यवस्थापन समितिले सूचना प्रकाशित गरी आर्थिक स्थिति कमजोर भएका मारवाडी समाज तथा इतर समाजका छात्र/छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ।

शिक्षा तथा छात्रवृत्ति व्यवस्थापन समितिका संयोजक राजेन्द्रकुमार खेतानको संयोजकत्वमा भएको उक्त कार्यक्रममा मारवाडी सेवा समितिका अध्यक्ष श्रवनकुमार अग्रवाल र खेतान दुवै मिलि छात्रवृत्ति प्रदान गरेका हुन्।

गठित शिक्षा तथा छात्रवृत्ति व्यवस्थापन समितिले यस वर्ष छात्रवृत्तिका लागि मारवाडी समाजद्वारा सञ्चालित संघ संस्था, राष्ट्रिय दलित आयोग, अपाङ्ग महासंघ, जनजाति महासंघलगायतका संघसंस्थाहरूलाई पत्राचार र समाजका सबै सदस्यहरूलाई सामाजिक सञ्जाल इमेल, एमएमएस, फेसबुकमार्फत् सूचना पठाइ छात्रवृत्तिका लागि आवेदन आह्वान गरिएको थियो।

विभिन्न विद्यालयहरूमा अध्ययनरत मारवाडी समाजका १३ जना र समाजभन्दा बाहिरबाट ३३ जनाले छात्रवृत्तिको लागि आवेदन दिएका थिए।

आवेदन भरेका विद्यार्थीहरूको खोज गर्दै उनीहरूले अध्ययन गर्ने विद्यालय तथा कलेजमा सम्पर्क राखी अभिभावकहरूसंग छलफल कार्यक्रम गरेपश्चात आवश्यकताको आधारमा केही विद्यार्थीहरूलाई अध्ययनमा लाग्ने सम्पूर्ण खर्च र केही विद्यार्थीहरूलाई महिनाको शुल्क वापत्को रकम प्रदान गरिएको थियो। यस वर्ष जम्मा रु.६ लाख ३९ हजार १ सय छात्रवृत्ति वितरण गरिएको छ।


## सिनेमा कर्नर











# 'मिस्टर फक्स एन्ड दी स्कुल ब्वाइ' कौशी थिएटरमा

**नेपाल समाचारपत्र**
काठमाडौं

बालबालिका र जनावरबीचको मनोवैज्ञानिक सम्बन्धमा आधारित नाटक 'मिस्टर फक्स एन्ड दी स्कुल ब्वाइ' कौशी थिएटरमा शुरू भएको छ। 'मिस्टर फक्स एन्ड दी स्कुल ब्वाइ' मंगलबारबाट शुरू भएको नाटक साउन १३ गतेसम्म मञ्चन हुने भएको छ।

नाटकमा बालबालिका र प्रकृतिबीचको सम्बन्धलाई प्रस्तुत गरिएको छ। नाटकको संयोजन एवं निर्देशन चे शंकरले गरेका छन्।

निर्देशक चे शंकरका अनुसार प्राकृतिक एवं ऐतिहासिक सम्पदाहरू जोगाउन पहल गर्ने तथा जीवजन्तुहरूको संरक्षणमा मानिसको दायित्व उजागर गर्ने उद्देश्यसहित नाटक तयार गरिएको हो।

'बालबालिकाहरूको जनावरप्रतिको दृष्टिकोणलाई बदल्ने मेरो प्रयास हो,' उनले भने- 'यस प्रकारका कलात्मक सिर्जनाले नवीनतम् सन्देश प्रवाह गर्नसक्छ।'

बढ्दो शहरीकरणका कारण जनावरहरूले आफ्ना बासस्थान गुमाइराखेको उल्लेख गर्दै निर्देशक चे शंकरले यस विषयमा बालबालिकामा जागरण पैदा गर्न प्रयास गरिएको प्रष्ट पारेका छन्।




नाटकमा उमेश पोखरेल र दीपेन्द्र शाहीको मुख्य अभिनय रहेको छ। गार्डेन थिएटरको उत्पादन एवं निर्माण रहेको नाटकमा प्रकाश व्यवस्थापनको जिम्मेवारी दिलजङ गुरूङले पाएका छन्। साथै ध्वनि व्यवस्थापन प्रतीक केसीले गर्दै छन्।

# केस स्टडी अवार्ड नेपाल कमर्स क्याम्पसलाई



काठमाडौं, (नेस)

दराज च्याम्पियनसिप केस स्टडीको दोस्रो संस्करणको टाइटल नेपाल कमर्स क्याम्पसले जितेको छ। केस स्टडी २०१८ को फाइनलमा सात प्रतिस्पर्धीहरूलाई पछि पार्दै नेपाल कमर्स क्याम्पस पहिलो बनेको हो।

केस स्टडी विजेता कमर्स क्याम्पसका मल्लिका कार्की, लिप्सा कर्मचार्य र शुनिता तन्डुकारको समूहले १ लाख रूपियाँ पुरस्कार हात पारेको छ। त्यसै गरी एस इस्न्टिच्युट अफ मेनेजमेन्ट समूहले दोस्रो स्थान हासिल गर्दै ५० हजार तथा ब्रिटिस कलेज समूहले तेस्रो हुँदै २५ हजार रूपियाँ पुरस्कार पाएका छन्।

दराज केस स्टडी कार्यक्रमले भविष्यको नेतृत्वको अवसर दिने बाटो खोल्दै दराज फ्युचर लिडरसिप प्रोग्रामअन्तर्गत विजयी समूहलाई १८ महिना काम गर्ने अवसर पनि दिएको छ। १८ महिनामा विद्यार्थीहरूलाई दराजले उनीहरूको चाहनाअनुसार ३ फरक विभागमा ६ महिना तालिम दिनेछ। १८ महिनाको सफल तालिमपश्चात उनीहरूलाई दराजको व्यवस्थापन विभागमा काम गर्ने अवसर मिल्ने दराज केमु प्रालिले जनाएको छ।

पछिल्लो वर्षको पहिलो संस्करणलाई नियमितता दिँदै एस इस्न्टिच्युट अफ मेनेजमेन्टसँगको सहकार्यमा दराज केमु प्रालिले केस स्टडीको दोस्रो संस्करण आयोजना गरेको हो। प्रतिष्पर्धामा कुल २२ कलेजहरू सहभागी भएका थिए। जसमध्ये फाइनलमा पुगेका ८ वटा कलेजहरूले संयुक्त रूपमा १ लाख ७५ हजार रूपियाँ नगद पुरस्कार पाएका थिए।

८ वटा कलेजहरू ब्रिटिस कलेज, एस इन्सटिच्युट अफ मेनेजमेन्ट, मेधावी कलेज, नेपाल कमर्स क्याम्पस, क्वेस्ट इन्टरनेसनल कलेज, कुसुम, इस्लिङटन कलेज र काठमाडौं मोडेल कलेज फाइनल चरणमा पुगेका थिए। सबै कलेजका विद्यार्थीहरूलाई दराज पाकिस्तानसँग सम्बन्धित केस स्टडीमा प्रतिष्पर्धा गराइएको थियो। ग्राहकप्रतिको इमानदारितालाई केन्द्रमा राखेर उत्कृष्ट व्यवसायिक कार्यक्रम सुझाव गर्न विद्यार्थीहरूलाई प्रोत्साहित गरिएको थियो।

प्रतियोगिताको निर्णयक टोलीमा त्रिभुवन विश्वविद्यालयका सहायक प्राध्यापक डा.आर्हन स्थापितका साथै आउटरिजका प्रबन्ध निर्देशक अजय शाक्य, सफल पार्टनरका संस्थापक आसुतोष तिवारीजस्ता औद्योगिक विज्ञहरू थिए। फाइनल कार्यक्रममा दराज समूहका मानव संसाधन निर्देशक कार्लोट्टि स्टोफ्बर्गका साथै पाकिस्तान, बंगालादेश, र श्रीलंकाका मानव संसाधन प्रमुखहरूको उपस्थिति थियो।

# पौडेलसँग जापानी राजदूतको भेटवार्ता

काठमाडौं, (नेस)

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलसँग नेपालका लागि नवनियुक्त जापानी राजदूत मासामिची साइगोसङले मंगलबार शिष्टचार भेट गरेका छन्। वरिष्ठ नेता पौडेलको निवास बालाजुमा भएको भेटमा दुई देशको सम्बन्धका बारेमा छलफल भएको थियो। भेटमा जापान नेपालको कृषि क्षेत्रमा लगानी गर्न तयार रहेको जानकारी राजदूत मासामिची साइगोसङले गराएका थिए।

भेटमा वरिष्ठ नेता पौडेलले तनहुँ जिल्लाको तनहुँ हाइड्रोमा जापान सरकारले लगानी गरेकोमा राजदूत मासामिची साइगोसङलाई धन्यवाद दिएका थिए। त्यसै गरी नेपालको समृद्धिका लागि कृषि क्रान्ति उर्जाशक्तिको विस्तार र पर्यटनको विकास आवश्यक भएको यी क्षेत्रमा लगानी गर्न जापानलाई आग्रह गरेको पौडेलका सहयोगी चिरिञ्जीवी अधिकारीले जानकारी दिए।

# बालयौन दुराचारको आरोपमा दुई फ्रान्सेली पक्राउ

काठमाडौं, (नेस)

केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले बालयौन दुराचार गरेको आरोपमा दुई फ्रान्सेली नागरिकलाई पक्राउ गरेको छ। विभिन्न मुलुकका विदेशी नागरिकहरू नेपालमा आई गरिब र विपन्न परिवारका बालकहरूलाई ललाइ, फकाइ बालयौन दुराचार गरिरहेको भन्ने सूचनाको आधारमा उनीहरूलाई ब्युरोले पक्राउ गरेको हो।

फ्रान्सेली नागरिक ४२ वर्षीय क्रिस्टोफी गुइलीउक्स र ३८ वर्षीय डेनिस माथेउ माइकल चुपोलाई आइतबार गौशाला चोकबाट पक्राउ गरेको ब्युरोले जनाएको छ। सन् २०१७ सेप्टेम्बरमा क्रिस्टोफी र अक्टोबरमा डेनिस पर्यटक भिसामा नेपाल आई काठमाडौंको कागेश्वरी मनहरा नगरपालिका स्थित स्थानीयको घरमा डेरा गरी बालयौन दुराचार र अप्राकृतिक मैथुन गर्दै आएको ब्युरोले जनाएको छ। उनीहरूले स्थानीय १० देखि १४ वर्ष उमेर समूहका बालकहरूलाई फुटबल, चक्लेट, जर्सी किनिदिने, पैसा दिने, स्थानीय स्वीमिङ पुलमा पौडी खेल्न लैजाने, खाजा र खाना खुवाउने र प्रलोभनमा पारी पालैपालो बालकहरूलाई यौन दुराचार गरेको ब्युरोले जनाएको छ।

डेनिस यसअघि सन् २००४ मा फ्रान्समै बालयौन दुराचार गरेको अभियोगमा पक्राउ परी सजाय पाएकोसमेत खुल्न आएको छ। उनीहरूलाई जबरजस्ती करणी महलको बालयौन दुराचार अपराधमा मुद्दा दर्ता गरी जिल्ला अदालत काठमाडौंबाट म्याद थप गरी अनुसन्धान जारी राखेको ब्युरोले जनाएको छ।


**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )


**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि


ज्यो. चन्द्रेश शर्मा

**मेष** : राज्यपक्षबाट लाभ, यश-कृति बढ्ने, व्यापारबाट फाइदा।
**वृष** : रोगको भय, कार्यमा बाधा, व्यर्थको खर्च, धन हानि।
**मिथुन** : धनलाभ, प्रेममा सफलता, बाहन जोड्ने सम्भावना।
**कर्कट** : आर्थिक लाभ, प्रतिस्पर्धात्मक क्षेत्रमा विजय, पारिवारिक सुख।
**सिंह** : कार्य सफल, धनलाभ, सुख-सन्तोष, राम्रै कामको शुरूवात।
**कन्या** : पेटमा समस्या, दौडधुप, दिनचर्या अस्तव्यस्त, तनाव।
**तुला** : आर्थिक लाभ, पराक्रम, पुरस्कार प्राप्तिको सम्भावना।
**वृश्चिक** : धनलाभ, बौद्धिक क्षमता, कूटनीतिक सफलता, सुख।
**धनु** : उत्तम भोजन, भाग्योदय, उपहारादि वस्तु प्राप्ति, कार्य सफल।
**मकर** : धननाश, दुर्घटना-रोगको भय, सानो कुरामा पनि विवाद।
**कुम्भ** : विविध सेवा वा वस्तुको प्राप्ति, उत्तम भोजन, आर्थिक लाभ।
**मीन** : सुख-सन्तोष, काममा सफलता, मन प्रफुल्लित, स्वस्थता।

2018, JULY
Wednesday
25



# प्रदेश-३



राजनीतिक दल, मानवअधिकारवादी तथा सरोकारवालालाई ऐक्यबद्धता तथा समन्वयात्मक सहयोग गरिदिन आह्वान गरिएको छ।

## मन्त्रिपरिषद्को एकै दिन पाँच बैठक

**नेपाल समाचारपत्र**

हेटौंडा

सरकार गठनपछि प्रदेश-३ सरकारले हालसम्म ६४ वटा मन्त्रिपरिषद् बैठक गरेको छ। गत माघमा भएको सरकार गठनको ६ महिना अवधिमा प्रदेशले कुनै बैठक स्थगित नगरी बैठकका प्रस्तावलाई पूर्णता दिएको हो।

नयाँ आर्थिक वर्ष शुरू भएपश्चात् ५ वटा बैठक बसेको छ। शुक्रबार ५ वटा बैठक बसेकामा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्रस्तावमा विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक सहमति र संस्था दर्ता सम्बन्धमा बैठक बसेको हो।

सोही दिन प्रदेश नीति तथा योजना आयोगको प्रस्तावमा प्रदेश नीति तथा योजना आयोग संगठन संरचना सम्बन्धमा बैठक बसेको थियो उक्त दिन सामाजिक विकास मन्त्रालयको प्रस्तावमा बालबालिकाको हक अधिकार संरक्षण गर्ने सम्बन्धमा प्रादेशिक विधेयकको अवधारणापत्रको सिद्धान्त स्वीकृत गर्ने विषयमा बैठक बसेको थियो।

प्रदेश-३ मुख्यमन्त्री कार्यालयले आर्थिक वर्ष २०७४/०७५ मा ५९ वटा बैठक बसेको जानकारी दिएको छ। ६४ बैठकमध्ये सरकार गठन भएपश्चात् पहिलो बैठकले प्रदेश सरकारको नियमावली पारित गरेको थियो। चैत १ गते मुख्यमन्त्रीको प्रस्तावमा प्रवक्ता तोक्ने विषयमा बैठक बसेको थियो।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्रस्तावमा प्रदेशसभाका पदाधिकारी र सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको अवधारणापत्रको सिद्धान्त स्वीकृत गर्ने विषयमा चैत १ गते बैठक बसको थियो।

चैत २० गते भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा प्रादेशिक दूग्ध विकास बोर्ड-२०७४ सम्बन्धी विधेयक मस्यौदा गर्न सोसम्बन्धी अवधारणापत्रको सिद्धान्त स्वीकृत गर्ने विषयमा बैठक बसेको हो।

चैत २९ गते आर्थिक मामिला तथा कानुन मन्त्रालयको प्रस्तावमा प्रदेश विनियोजन विधेयक-२०७४ लाई सैद्धान्तिक स्वीकृत गर्ने विषयमा बैठक बस्यो। त्यसैदिन कानुन मन्त्रालयकै प्रस्तावमा सवारीसाधन खरिद मापदण्ड स्वीकृत गर्ने, प्रदेश आकस्मिक कोष विधेयक-२०७४ लाई सैद्धान्तिक स्वीकृति दिने र प्रदेश सञ्चित कोष सञ्चालन कार्यविधि-२०७४ स्वीकृति दिने ४ वटा विषयमा बैठक बसेको हो।

वैशाख १३ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रस्तावमा प्रदेशसभा अन्त्य गर्नेसम्बन्धी प्रस्ताव स्वीकृत गर्ने विषयमा मन्त्रिपरिषद् बैठक बसेको थियो। उक्त दिन मुख्यमन्त्रीको प्रस्तावमा आव २०७४/०७५ को प्रदेश विनियोजन विधेयकको मस्यौदामा सहमति दिनेसम्बन्धी प्रस्ताव स्वीकृत गर्ने विषयमा बैठक बसेको थियो।

जेठ २ गते प्रशासकीय कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७५ को मस्यौदा स्वीकृत गर्ने विषयमा बैठक बसेको थियो। मन्त्रिपरिषद् निर्णय पनि उक्त विषयमा भएको थियो। उक्त दिन मुख्य न्यायाधीवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७५ को मस्यौदा स्वीकृत गर्ने विषयमा बैठक भएको थियो।

जेठ २३ गते आन्तरिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७५ को अवधारणापत्रको सिद्धान्त स्वीकृत गर्ने, सोही दिन प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न बनेको विधेयक-२०७५ को सिद्धान्त स्वीकृत गर्ने विषयमा बैठक बसेको हो।

उक्त दिन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी विधेयक र प्रदेशिक औद्योगिक व्यवसायसम्बन्धी विधेयक-२०७५ को मस्यौदा तयारीका लागि सिद्धान्त स्वीकृत गर्ने विषयमा बैठक बसेको थियो।

सामाजिक विकास मन्त्रालयको प्रस्तावमा २३ गते प्रादेशिक स्वास्थ्य तथा पोषणसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक-२०७५ को अवधारणपत्रको सिद्धान्त स्वीकृत गर्ने विषयमा मन्त्रिपरिषद् बैठक बसेको थियो।

असार २३ गते भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्तावमा प्रदेश सार्वजनिक सडकसम्बन्धी विधेयकको अवधारणापत्र स्वीकृत गर्ने विषयमा बैठक बसेको थियो।

## तीन वर्षीय बालकलाई जबरजस्ती

काभ्रे, (नेस)

अपराधको पनि सीमा हुन्छ। अपराध गर्ने व्यक्तिको सोचाइ र अपराधको विवरण सुन्दै कहालिलाग्दो र अपत्यारिलो। भयो त्यस्तै। ३ वर्षका बालकलाई २० वर्षे युवकले जबरजस्ती यौन दुराचार गरेका छन्।

जिल्ला अदालत धुलिखेलका न्यायाधीश सूर्यनाथप्रकाश अधिकारीको इजलासले अपराधमा संलग्न युवक मोरङ जिल्ला विराटनगर महानगरपालिका वडा नम्बर ५ केरंगजा घर भई पनौती नगरपालिका वडा नम्बर ९ बस्ने २० वर्षीय राजेश ऋषिदेवलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ।

बच्चाको परिवार विगत ३/४ वर्षदेखि पनौती नगरपालिका वडा नम्वर ९ जागिडोलमा रहेको जागेश्वरी इँटा भट्टा उद्योग परिसरमा इँटा बनाउने काममा ज्यालादारी गर्दै आएका थिए।

## दुर्घटनामा परी जिससका नायव सुब्बाको मृत्यु



**नेपाल समाचारपत्र**

दोलखा

दोलखाको तामाकोसी गाउँपालिका वडा नम्बर १ भीरकोट माझीगाउँमा मंगलबार दिउँसो ४ बजे बोलेरो जिप दुर्घटनामा परी जिल्ला समन्वय समिति दोलखाका नायव सुब्बा मुनहरि थापाको मृत्यु भएको छ।

चरिकोटबाट रामेछाप हुँदै काठमाडौं जान लागेको बा१९च ५४२० नम्बरको बोलेरो जिप तामाकोसी किर्नेटार सडकखण्डको माझीगाँउको घुम्तीबाट २ सय मिटर तल खस्दा भीमेश्वर नगरपालिका वडा नम्बर ७ कुप्रिका मुनहरि थापाको घटनास्थलमै मृत्यु भएको र जिपमा सवार पुनर्निर्माण प्राधिकरण चरिकोटका इन्जिनियर कालिञ्चोक गाउँपालिका वडा नम्बर ८ सुनखानीका नारायण शिवाकोटी र बोलेरो चालक कर्णबहादुर कुसुले घाइते भएको जिल्ला प्रहरी कार्यालय दोलखाले जनाएको छ।

घाइते दुवै जनाको रामेछापको मन्थलीमा उपचार भइरहेको प्रहरीले जनाएको छ। घाइते इन्जिनियर शिवाकोटीको एउटा हात भाँचिएको र टाउकोमा चोट लागेको जनाइएको छ।

## आवासबाट नहटेपछि प्रशासनमा ताला

**नेपाल समाचारपत्र**

हेटौंडा

वनविज्ञान अध्ययन संस्थानको आवासमा अनाधिकृतरूपमा बसिरहेको भन्दै शिक्षण सहायक गुलाबकुमार चौधरीलाई हटाउन आग्रह गरिएको छ।

आवास व्यवस्थापन समितिको २०७२ फागुन ५ गते प्रा. लक्ष्मणसुन्दर श्रेष्ठको अध्यक्षतामा बसेको बैठक तथा २०७४ पुस ११ गते उपप्राध्यापक श्यामकिशोर शाहको अध्यक्षतामा बसेको बैठकले ए-६ आवासगृहमा करिब २० वर्षदेखि कार्यरत उपप्राडा ललितकुमार लाल दासलाई दिने सिफारिस गरेको प्रगतिशील प्राध्यापक तथा राष्ट्रिय प्राध्यापक संगठन क्याम्पस एकाइ, वनविज्ञान अध्ययन संस्थान हेटौंडाले जनाएको छ।

क्याम्पसबाट गठित विशेष कार्यदल संयोजक सप्रा रामायण पाठकको अध्यक्षतामा बसेको बैठकले वरिष्ठता तथा ज्येष्ठताका आधारमा आवासगृह वितरण गर्न सिफारिस भएको थियो। चौधरीलाई सचेत गराएर क्याम्पस प्रशासनलाई सहयोग गर्ने पत्र लेखिएको तथा क्याम्पस प्रमुखको अध्यक्षतामा बसेको जेठ १७ गतेको प्राध्यापक तथा कर्मचारी बैठकले अनुरोध गर्ने निर्णयबमोजिम जेठ २५ गते जिल्ला प्रशासन कार्यालयलाई समेत निर्देशनात्मक निर्णय दिन पत्र लेखिएको थियो।

प्रमुख जिल्ला अधिकारीबाट यससम्बन्धी कार्यान्वयन भइरहेको अवस्थामा साउन ४ गते त्रिवि शिक्षाध्यक्षको कार्यालय कीर्तिपुर, काठमाडौंबाट लेखिएको निर्देशनबमोजिम ए-६ आवासगृहलाई यथास्थितिमा राखी बाँकी त्रिवि नियमानुसार वितरण गर्ने पत्र आएको भन्दै प्राध्यापक संगठनले भर्त्सना गरेका छन्।

संगठनहरूद्वारा जारी संयुक्त विज्ञप्तिमा वनविज्ञान अध्ययन संस्थानलाई शैक्षिक उन्नयनको हब, सुशासनको अनुभूति, चुस्तदुरुस्त व्यवस्थापन, दैनिक पठनपाठन तथा शिक्षक, कर्मचारी, विद्यार्थीको प्राज्ञिक हक हनन भएको महसुस गर्दै सोमबारदेखि क्याम्पस प्रशासन, लेखा तथा स्टोरमा ताला लगाएर ए-६ आवासगृहमा बस्ने करार सेवाका शिक्षण सहायक चौधरीलाई नहटाइएसम्म आन्दोलन जारी रहने स्पष्ट पारिएको छ।

यसबाट क्याम्पसमा पर्न गएको असुविधाप्रति प्राध्यापक संघ, कर्मचारी संघ/संगठन, स्ववियु, विद्यार्थी संघ/संगठन, नागरिक समाज, राजनीतिक दल, मानवअधिकारवादी तथा सरोकारवालालाई ऐक्यबद्धता तथा समन्वयात्मक सहयोग गरिदिन आह्वान गरिएको छ।

## त्रिशूली र देवीघाट जलविद्युत् केन्द्र अझै सञ्चालनमा आउन सकेन

**शालिकराम चालिसे, नुवाकोट**

असार २६ गते आगलागीबाट बन्द भएको त्रिशूली र देवीघाट जलविद्युत् केन्द्र १० दिन बितिसक्दा समेत अझै सञ्चालनमा आउन सकेको छैन।

जलविद्युत् गृहबाट उत्पादित विद्युत्लाई टान्सफर्मरसम्म पुऱ्याउन प्रयोग गरिएको विद्युतीय तारमा जडान गरिएको बसबार र ३ वटा ब्रेकरमा आगोले क्षति पुऱ्याएपछि २१ मेगावाट क्षमताको त्रिशूली जलविद्युत् केन्द्र र १४ मेगावाटको देवीघाट जलविद्युत् केन्द्रको उत्पादन ठप्प छ। त्रिशूली जलविद्युत् केन्द्रका मेकानिकल इन्जिनियर सुमन मानन्धरका अनुसार मर्मतका लागि बन्द गर्नुपर्ने भएकोल देवीघाट जलविद्युत् केन्द्र पनि बन्द गरिएको बताए। मानन्धरका अनुसार त्रिशूली जलविद्युत् केन्द्र मर्मतका लागि पानी बन्द गर्नुपर्ने भएकाले त्यसको निकास पानीबाट सञ्चालनमा रहेको देवीघाट जलविद्युत् केन्द्र पनि बन्द गरिएको हो।

आगलागीबाट क्षति पुगेका ३ वटा ब्रेकर मर्मत भइसकेको मानन्धरको भनाइ छ। आगोले क्षति पुऱ्याएको केन्द्रको निर्माणमा अहिले नेपाल विद्युत् प्राधिकरणका कर्मचारी निर्माणमा जुटिरहेका छन्। आगलागीबाट क्षति भएकाको यकिन विवरणसमेत आइनसकेको त्रिशूली जलविद्युत् केन्द्रले जनाएको छ। बन्द भएका २ जलविद्युत् केन्द्रको उत्पादन क्षमता ३५ मेगावाट रहेको छ। २ जलविद्युत्बाट बिजुली प्रवाह नहुँदा नेपाल विद्युत् प्राधिकरणले दैनिक ५० लाख रुपियाँभन्दा बढी क्षति बेहोरिरहेको छ।

जलविद्युत् केन्द्रका इन्जिनियर मानन्धरले बिग्रिएको जलविद्युत् गृहको निर्माणमा ढिलोमा १ हप्ता लाग्ने र छिट्टै सञ्चालन हुने बताए। नुवाकोटमा रहेको त्रिशूली र देवीघाट जलविद्युत्ले काम नगरेपछि नुवाकोटमा अहिले राष्ट्रिय प्रसारण लाइनमार्फत विद्युत् प्रवाह भइरहेको छ।

## भूकम्पपीडितलाई थप ५० हजार

रसुवा, (नेस)

रसुवाका २ सय ७५ भूकम्पपीडितले थप ५० हजार सहयोग पाउनेभएका छन्। जोखिमको वर्गमा परेका पीडितलाई आवास निर्माणका लागि थप रकम प्रदान गर्न लागिएको हो।

भूकम्पका कारण पूर्ण क्षति भएको आवास निर्माणका लागि एकल महिला, नाबालक, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिलाई थप सहयोग उपलब्ध गराउन लागिएको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रसुवाले जानकारी दिएको छ। लाभग्राहीको सूचीमा परेका पीडितलाई थप रकम प्रदान गर्नका लागि प्रक्रिया अघि बढाइएको शाखाका सभापति बाबुलाल तामाङले बताए। सूचीमा वृद्धवृद्धा १ सय ७५, ६५ वर्षमाथिका एकल महिला ८५, अपांगता भएका १३ र नाबालक २ जना रहेका छन्।

## राजमार्गमा ट्रिपर जलाउनेलाई मुद्दा

**नेपाल समाचारपत्र**

काभ्रे

मोटरसाइकललाई ठक्कर दिने ट्रिपरलाई आगो लगाउने युवालाई पक्राउ गरी मुद्दा दर्ता गरिएको छ। सार्वजनिक सवारी आगजनी गरेको अभियोगमा बनेपा १३ का युवा पक्राउ परेका हुन्।

गत असार २३ गते दिउँसो ४:२५ बजे बनेपा नगरपालिकाअन्तर्गत वडा नम्बर १३ बुढाथोकी गाउँ अरनिको राजमार्गमा बा३ख ७०९१ नम्बरको ट्रिपरले एउटै दिशा साँगाबाट बनेपातर्फ आउँदै गरेको बा३३प ९१६ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेले सरोकारवाला निकायको समन्वयमा ट्रिपरमा 'टाइम कार्ड' लागू गरेको छ। टाइम कार्डका दुरुपयोग पनि होलान् तर दुर्घटना न्यूनीकरणमा ट्राफिक प्रहरीले गरेको अभियानका कारण सफलता हासिल गरेको छ।

टाइम कार्ड लागू भएको ६ महिनामा ट्रिपरबाट ३ वटा मात्रै घटना भएका छन्। उपत्यकाका ३ जिल्लामा राति मात्रै ट्रिपर चल्न पाउने भएपछि जिल्लामा दुर्घटनाको संख्या अझै कम गराउने विषयमा प्रहरी र सरोकारवाला निकायले छलफल गरिरहेका छन्। दुर्घटनामा मानवीय संवेदनासमेत हराउँदै जान थालेपछि प्रहरीले कानुन कार्यान्वयनलाई प्राथमिकता दिन थालेको छ।

साँगामा भएको ट्रिपरको ठक्करबाट भक्तपुर सूर्यविनायक वडा नम्बर ९ घर भएका ५० वर्षीय पुस्कराज हुमागाईं र उनकै श्रीमती ४० वर्षीया लक्ष्मी हुमागाईं सामान्य घाइते भएका थिए। उनीहरू चढेर आएको मोटरसाइकल निकाल्न नपाउँदै अराजक समूहले उनीहरूलाई अस्पताल पठाएलगत्तै मोटरसाइकलसहित ट्रिपरमा आगजनी गरेका थिए। दुर्घटना भएलगत्तै ट्रिपर चालक भाग्न खोजेका थिए। चालकलाई भित्रै राखेर आगो लगाउने प्रयास सफल नभए पनि पीडितकै मोटरसाइकलमा समेत आगो लगाउने अराजक समूहलाई प्रहरीले तत्काल पक्राउ गऱ्यो। ट्रिपर, मोटरसाइकलमा आगो लगाउने स्थानीय २६ वर्षीय सेवक बुढाथोकीलाई प्रहरीले असार २५ गते पक्राउ गरी मुद्दा दर्ता गरेको थियो। उनीसँगै घटनामा संलग्न अन्यको खोजी गरी प्रहरीले सवारीसाधनमा आगजनी गर्ने सबैलाई मुद्दा दर्ता गर्ने तयारी गरेको छ।

सेवक प्रहरीको नियन्त्रणमा छन्। उत्तेजनामा आएर आफूले आगजनी गरेको स्वीकार्दै सेवकले पीडितकै मोटरसाइकलमा किन आगो लगाएको भन्न सकेका छैनन्। ठक्कर दिने ट्रिपर आगजनी मोटरसाइकलमा किन ? अराजकता देखिएकाले मुद्दा दर्ता गरिएको इलाका प्रहरी कार्यालय बनेपाका प्रहरी निरीक्षक सुनिलजंग शाहले जानकारी दिए।

रविओपीबाट बनेपा आउँदै गरेको मिनिट्रक दुर्घटना हुँदा समयमै दमकल नपुगेको भन्दै बनेपा नगरपालिकाको पानी बोक्ने ट्यांकरमा समेत ढुंगामुडा गरिएको थियो। सडकमा दुर्घटना हुनेबित्तिक्कै चालकसहित सवारीसाधनमा आगो लगाउने अराजक समूहलाई कारबाही गर्न प्रहरीले टोली नै परिचालन गरेको छ। दुर्घटना न्यूनीकरणका लागि चालकलाई प्रशिक्षण र नियमित चेकजाँच गर्ने र अराजक हुनेलाई कारबाही गर्ने नीति लिइएको जिल्ला प्रहरी प्रमुख रविराज खड्काले जानकारी दिए।

## एकातिरको 'नो पार्किङ' स्थगित अर्कोबारे निर्णयमा ढिलाइ

**रोशन पराजुली, हेटौंडा**

सडक विस्तार नगर्ने तर अटो/मयुरीलाई धमाधम चलाउन दिएर सडकलाई 'नो पार्किङ जोन' घोषणा गर्ने हेटौंडा उपमहानगरपालिकाको निर्णयविरुद्ध स्थानीय व्यवसायीको विरोध चर्किंदै गएको छ।

मंगलबार हेटौंडा-४, स्कुलरोडका व्यवसायीले चर्को विरोध गरेर 'नो पार्किङ' विरुद्ध पार्किङ थालिएपछि उपमहानगरपालिका पछाडि हटेको छ। उपमहानगरपालिकाले मंगलबार बिहान करिब ७ बजे ठूलो संख्यामा प्रहरी तैनाथ गरे पनि विरोधका कारण स्कुलरोडको 'नो पार्किङ' अभियान बिहान करिब १० बजेदेखि तोडिएको थियो।

स्कुलरोडका व्यवसायीको विरोधपछि 'नो पार्किङ' योजनालाई स्थगित गरिएको हो। योजना स्थगित भए पनि बिहान ८ बजेअघि र साँझ ७ बजेपछि मात्र ठूला सवारी पार्किङ गर्न दिने, अन्य समय ठूला सवारीभित्र प्रवेश नदिने सहमति जुटेको छ। 'जिपको हकमा भने बाटो प्रयोग गर्न दिने तर पार्किङ गर्न नदिने सहमति भएको छ' -हेटौंडा-४ का अध्यक्ष नवीन सिग्देलले बताउनुभयो।

उता हेटौंडा मुख्य बजार क्षेत्रमा गरिएको 'नो पार्किङ' का विषयलाई लिएर घोषित आन्दोलनका कार्यक्रम स्थगित गरिएको छ। मकवानपुर उद्योग वाणिज्य संघ र हेटौंडा उपमहानगरपालिकाबीच वार्तापछि आन्दोलन स्थगन भएको हो।



'नो पार्किङ' को विषयलाई लिएर मकवानपुर उद्योग वाणिज्य संघ र उपमहानगरपालिकाबीच वार्तामा माग सम्बोधन हुने गरी सहमति भएपछि संघले आन्दोलनका कार्यक्रम स्थगित गरेको छ।

संघ अध्यक्ष कृष्ण कटुवाल र उपमहानगर मेयर हरिबहादुर महतसहित टोली संलग्न वार्ताले ७ दिनभित्र पार्किङ क्षेत्रको विकल्प खोज्ने गरी प्रतिवेदन प्रस्तुत गर्ने सहमति गरेको छ। तर, तोकिएको समय सकिए पनि निष्कर्ष निस्किएको छैन।

संघले विशेष गरी मुख्य बजार क्षेत्रका शाखा सडकमा र मुख्य मार्गमा ट्राफिक एवं पार्किङ व्यवस्थापनमा देखिएको समस्या तत्काल व्यवस्थापन गर्न उपयुक्त स्थानमा पार्किङ निषेधित क्षेत्र पहिचान गर्ने, शाखा सडकमा एकतर्फी सवारी सञ्चालनको विकल्प खोज्ने, मुख्य बजार क्षेत्रका प्रमुख मार्गआसपास मोटरसाइकल स्ट्यान्ड निर्माण गर्न उपयुक्तताको अध्ययन गरी प्रतिवेदन पेस गर्ने र सोपश्चात् उपयुक्तताका आधारमा निर्णय लिइने सहमति गरेको थियो।

संघ अध्यक्ष कटुवालले नगर क्षेत्रमा विकल्प प्रशस्त रहेको अवस्थामा उपमहानगरले व्यवसायीलाई समस्या पार्ने हिसाबमा एकपक्षीय काम गरेको दाबी गर्दा उपमहानगर मेयर महतले भने विकल्प दिएर राप्तिरोडबाट हटाइएको पार्किङ कुनै हालतमा फिर्ता लिएर फेरि बजारमा जाम बढाउने पक्षमा आफू नरहेको बताउनुभएको छ।

अनाथ भएका १२ वर्षीय विवश घर्तीमगर र उनका भाइ ६ वर्षीय विशेषण घर्तीमगरलाई मंगलबार एसओएस बालग्राम गण्डकीले राखेको छ।

# नेपाल

## कम्युनिस्ट सरकार अधिनायकवादी भयो : *सिंह*

**नेपाल समाचारपत्र**

डोटी

नेपाली कांग्रेसका नेता तथा पूर्वमहामन्त्री प्रकाशमान सिंहले शान्तिपूर्ण आन्दोलनमा सरकारले दमनको अधिनायकवादी चरित्र देखाएको टिप्पणी गर्नुभएको छ। नेपाल प्रेस युनियन डोटी शाखाले मंगलबार डोटीको दिपायलमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा नेता सिंहले भन्नुभयो- 'सरकारको अधिनायकवादी चरित्र रोक्न मात्रै कांग्रेस लागि परेको छ, अन्य हाम्रो स्वार्थ केही छैन।'

नेता सिंहले आफ्नो पार्टीले सरकारको राम्रो कामको समर्थन र गलत कार्यको विरोध गर्ने बताउनुभयो। उहाँले थप भन्नुभयो- 'वर्तमान सरकारले कम्युनिस्ट मानसिकताबाट सरकार सञ्चालन गर्न खोजेको छ, हामी त्यसलाई कहिल्यै साथ दिदैनौं।'

उहाँले नागरिकका माग लिएर सत्याग्रहमा बस्नु भएका डाक्टर गोविन्द केसीको जीवनरक्षाका लागि आफ्नो पार्टीले दबाब दिंदै आएको दाबी गर्नुभयो। उहाँले डाक्टर गोविन्द केसीका जायज माग तत्काल पूरा गर्दै केसीको जीवन रक्षा हुनुपर्नेमा जोड दिनुभयो। वर्तमान सरकार अधिनायकवादतर्फ उन्मुख भइरहेका कारण सरकारका गतिविधिको कांग्रेसले सामना गरिरहेको उहाँको भनाइ थियो।




नेपाली कांग्रेस नेतृत्वको सरकारले कानुनसम्मत गरेका निर्णय एकाएक खारेजी गरिएको भन्दै उहाँले सदन, सडक र सबैतिरबाट प्रतिवाद गरिएको स्पष्ट पार्नुभयो। त्यस्तै कम्युनिस्टहरूले दुईतिहाइको दम्भ त्यागेर जनभावनाअनुरुप काम गर्नुपर्ने उहाँको सुझाव थियो।

सोही कार्यक्रममा बोल्दै अर्का नेता तथा सांसद दिलेन्द्रप्रशाद बडुले पछिल्लो समय सरकारविरुद्ध देखिएको विरोध सरकार स्वयंले उत्पादन गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'देशमा जे जति आन्दोलन शुरू भएका छन्, सबै सरकारले उत्पादन गरेको खेतीको फल हो, गलत आफू गर्ने दोस कांग्रेसलाई लगाउने?' सरकारको ५ महिनाको कार्य सकारात्मक नभएको उहाँको भनाइ छ।

त्यस्तै नेता बडुले ७ प्रदेशको स्थानीय राजधानी कहाँ बनाउने भन्ने जिम्मेवारी कम्युनिस्टको हातमा रहेको बताउनुभयो। उहाँले थप भन्नुभयो- 'दुईतिहाइ बहुमत छ भनेर कुर्लिने अहिले राजधानीको नाम र स्थानीय कहाँ हुने भन्ने तोक्न नसक्ने?' उहाँले भन्नुभयो- 'जनचाहनाअनुसार स्थानीय राजधानी र नामकरण नतोकिए कांग्रेस चुप लागेर बस्ने छैन, आन्दोलनको आँधिबेहरी सिर्जना हुनेछ।' पार्टी कार्यकर्तासँग भेटघाटका लागि नेता सिंह र बडु डोटी पुग्नुभएको हो।

## राउटे बस्तीमा खानेपानी

**हिक्मत नेपाली, दैलेख**

फिरन्ते जाति राउटे समुदाय जिल्लाको गुराँस गाउँपालिका वडा नं ८ अन्तर्गत गर्चामा रहेको पातलेखोला किनारमा बसोबास गर्दै आएका छन्। राउटे समुदायका बालबालिका खोला किनारमै खेलेर दिन बिताउँछन्। आफ्ना अभिभावकको देखासिकीमा काठका भाँडा बनाउने गरेका राउटे बालबालिका दिनभर खोला किनारमै खेल्छन्। सोमबार बिहान पनि राउटे बालबालिका खोलामा खेल्नमै व्यस्त थिए। राउटे बस्तीमा को आयो, को गयो उनीहरूलाई कुनै वास्ता थिएन्। शरीरमा एकसरो कपडाका भरमा राउटे बालबालिकाको एक हुल खोला झर्दै थिए भने केही बालबालिका पानी भरिएका भाँडा बोकेर बस्ती भएतिर उकालो चढ्दै थिए। एकैछिनमा राउटे परियोजनाका कर्मचारी बस्तीमा पुगे।

राउटे बालबालिका र महिलालाई खानेपानी लिन उकालो-ओरालो चढ्नुपर्ने बाध्यतालाई हटाउन केही दिन अघिदेखि नै बस्तीमा अस्थायीरूपमा खानेपानी व्यवस्थापनको काम थालिएको थियो। पानी बोकेका बालबालिका बस्तीमा नपुग्दै परियोजनाका कर्मचारी र शुद्ध खानेपानी पुऱ्याउन खटिएका कामदारले पाइपमार्फत पानी आएको बस्तीका मुखियालाई जानकारी गराए। मुखियाले बस्तीका बालबालिका र महिलालाई खबर पुऱ्याए। राउटे बस्तीमा अस्थायीरूपमा ल्याइएको पानीको धारानजिकै राउटे महिला र बालबालिका भेला भए, राउटे बालबालिका निकै खुसी हुँदै पानीमा खेल्न थाले, महिलाहरू खानेपानी भर्न थाले।

राउटे समुदाय बसोबास गर्दै आएको बस्तीनजिकैको पातलेखोलाको दूषित पानी खान बाध्य राउटे समुदायलाई शुद्ध खानेपानीको व्यवस्थापन गरेसँगै उनीहरूमा खुसीयाली छायो। वर्षात्को समयमा दूषित र धमिलो पानीको प्रयोग गर्दै आएका राउटे समुदायले अब भने शुद्ध खानेपानी पिउने भएका छन्। गर्चा पातलेखोलामा बसोबास गर्दै आएका राउटे बस्तीमा पहिलो पटक अस्थायीरूपमा शुद्ध खानेपानी पुऱ्याइएको हो ।



दूषित पानीको प्रयोगका कारण राउटे समुदायका विभिन्न खाले स्वास्थ्य समस्या देखिन थालेपछि शुद्ध खानेपानीको व्यवस्था गरिएको गुराँस गाउँपालिकाका अध्यक्ष खेमराज ओलीले बताउनुभयो। नेपालको प्रदेश नं. ५, ७ र कर्णालीका पहाडी जिल्लामा फिरन्ते जीवन बिताउँदै आएका राउटे समुदायलाई पहिलो पटक अस्थायीरूपमा भए पनि शुद्ध खानेपानीको व्यवस्थापन गरिएको हो। राउटे समुदाय बसोबास गरिरहेका स्थानमा पहिलो पटक शुद्ध खानेपानी पुगेपछि फोहोर पानी खाने समस्या हटेर जानुका साथै महिला र बालबालिकाहरू खुसी भएका छन्।

१ सय ४९ जनसंख्या रहेको बस्तीमा करिब ४ सय मिटर टाढाबाट पाइपमार्फत पहिलो पटक शुद्ध खानेपानी पुऱ्याइएको राउटे परियोजनाका जोडी समूहका कर्मचारी लालबहादुर खत्रीले बताउनुभयो। अहिले राउटे बस्तीमा एउटा अस्थायी धारा जडान गरिएको खत्रीले जानकारी दिनुभयो।

राउटे समुदायमा स्वास्थ्य उपचारमा सहजता ल्याउन र उनीहरूको आनीबानीमा परिवर्तन ल्याउन सञ्चालन भएको 'राउटे परियोजना' को पहलमा राउटे बस्तीमा शुद्ध खानेपानी ल्याइएको हो।

## मानव बेचविखनविरुद्ध मुद्दा दायर

लमजुङ, (नेस)

लमजुङ प्रहरीले १ जनाविरुद्ध मानव बेचविखन तथा ओसारपसारको मुद्दा दायर गरेको छ। जिल्ला अदालतबाट म्याद थप गरी सो मुद्दाको अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

जिल्ला लमजुङ क्व्होलासोथार गाउँपालिका-८ बस्ने २६ वर्षीया शान्ता गुरुङविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत मुद्दा दर्ताको प्रक्रिया अगाडि बढाउन अनुसन्धानका लागि जिल्ला अदालतबाट १० दिनको म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक राजेन्द्र अधिकारीले बताउनुभयो। उहाँका अनुसार पीडित लमजुङ जिल्लाकै वर्ष १७ की एक युवतीलाई २०७२ सालदेखि कुनै पुरुष व्यक्तिसँग लगाइदिने भन्दै ललाई फकाई पटक-पटक आफ्नो साथमा बेचविखन गर्न लिई गएको उजुरी जिल्ला प्रहरी कार्यालयमा परेको छ। त्यसैका आधारमा शान्ता गुरुङविरुद्ध मानव बेचविखन तथा ओसारपसारको मुद्दाको अनुसन्धान भइरहेको छ।

सोसम्बन्धी उजुरीमा अन्तिम पटक मिति गत वैशाख २५ गते प्रतिवादी शान्ता गुरुङले बेचविखन गर्न लैजान लागेको भनी यस कार्यालयमा पीडितको आमाले साउन २ गते लिखित उजुरी दिनुभएको छ। प्रतिवादीउपर मानव बेचविखन तथा ओसारपसार मुद्दामा जाहेरी दरखास्त दिएपश्चात् यस कार्यालयबाट खटी गएको प्रहरी टोलीले प्रतिवादी शान्ता गुरुङलाई पक्राउ गरी निज प्रतिवादीउपर प्रहरी कार्यालयमा मानव बेचविखन तथा ओसारपसार शीर्षकमा मुद्दा दर्ता गरी थुनामा राखी अनुसन्धान कार्य थालिएको छ।

## चोरीमा संलग्न प्रहरीलाई जोगाउन चलखेल

डोटी, (नेस)

काठ चोरीमा संलग्न भनिएका डोटीको बीपीनगर इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक नृपबहादुर बोहरालाई जोगाउन चलखेल भएको स्थानीयको आरोप छ। प्रहरी निरीक्षक बोहरालाई बचाउन विभिन्न राजनैतिक दललगायत कर्मचारीले चलखेल शुरू गरेको भन्दै स्थानीयले निष्पक्ष छानबिनको माग गरेका छन्।

इलाका प्रहरी कार्यालय बीपीनगरका इन्चार्ज प्रहरी निरीक्षक बोहरालाई १ साताअघि स्थानीयले काठसहित रंगे हात समातेका थिए। स्थानीयले नियन्त्रणमा लिएसँगै काठ इलाका वन कार्यालय, बीपीनगरले सेक्टर वन कार्यालय बुडरको जिम्मा लगाएको थियो।

तर उनीविरुद्धको मुद्दा जिल्ला वन कार्यालय डोटीले १ साता बितिसक्दा पनि दर्तासमेत गर्न नमानेको गुनासो स्थानीयले गरेका छन्। इलाका वन कार्यालय बीपीनगरका रेन्जर प्रदीप कुँवरले साउन १ गते नै थप अनुसन्धानका लागि भन्दै आफूहरूले सेक्टर वन कार्यालय बुडरमा पठाएको बताउनुभयो। उहाँले सेक्टर वन कार्यालयले मुद्दा अघि बढाउन ढिलाइ गरेको स्वीकार्दै यसको कारण थाहा नभएको जानकारी दिनुभयो।

उता सेक्टर वन कार्यालय बुडर डोटीका प्रमुख सुरेशचन्द्र डीसीले काठ चोरीमा प्रहरी निरीक्षक बोहराको संलग्नता हो कि होइन भनेर इलाका प्रहरी कार्यालय बीपीनगरलाई गरिएको पत्राचारको जवाफ नआएकाले मुद्दा जिल्ला पुग्न ढिलाइ भएको बताउनुभयो।

## नि:शुल्क फलफूलका बिरुवा वितरण

रुकुम, (नेस)

रुकुम पश्चिमको त्रिवेणी गाउँपालिकाले कृषकलाई नि:शुल्क फलफूलका बिरुवा वितरण गरेको छ। त्रिवेणी गाउँपालिका-४ खाराका कृषकलाई नि:शुल्क फलफूलका बिरुवा वितरण गरिएको हो। कृषि व्यवसाय गर्दै आएका ३ सय २३ घरधुरीलाई प्रतिघर २७ वटा बिरुवाका दरले फलफूलका बिरुवा वितरण गरिएको हो।

त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष ०७४/०७५ को बजेटबाट वडाको कृषि क्षेत्रका लागि विनियोजन गरिएको ४ लाख २० हजार बजेटबाट सुन्तला, कागती र टिमुरका बिरुवा खरिद गरी कृषकलाई नि:शुल्क वितरण गरिएको त्रिवेणी गाउँपालिका-४ का वडाध्यक्ष चन्द्रबहादुर खड्काले जानकारी दिनुभयो। यसअघि अलैंचीका बिरुवासमेत वितरण गर्ने भनिए पनि बजेट नपुग भएकाले अर्को वर्षको बजेटबाट अलैंचीका बिरुवा पनि वितरण गरिने उहाँले बताउनुभयो।

## दुर्घटनामा आमाबाबा गुमाएका एसओएसमा

पोखरा, (नेस)

असार २२ गते मुस्ताङमा ट्रिपर दुर्घटनामा परी आमाबाबा गुमाएका २ दाजुभाइको जिम्मा एसओएस बालग्राम गण्डकीले लिएको छ। दुर्घटनामा आमाबाबाले नै ज्यान गुमाएपछि अनाथ भएका १२ वर्षीय विवश घर्तीमगर र उनका भाइ ६ वर्षीय विशेषण घर्तीमगरलाई मंगलबार एसओएस बालग्राम गण्डकीले राखेको छ।

रोल्पा थवाङ गाउँपालिका-१ घर भई लामो समयदेखि पोखरा नयाँबजार बस्दै आएका उनीहरू कामको सिलसिलामा उपल्लो मुस्ताङमा सडक निर्माणको काम गर्न गएका थिए। खाना खाएपछि कामदार बोकेर जाँदै गरेको ट्रिपर दुर्घटना हुँदा आमा जितमाया घर्तीमगर र बुबा मौसम घर्तीमगरको घटनास्थलमै मृत्यु भएपछि २ दाजुभाइको विचल्ली भएको थियो।

बुबाआमाको मृत्युपछि टुहुरा बनेका विवश र विशेषणलाई विभिन्न सञ्चार माध्यमको तर्फबाट खोजी गर्दै बालग्राममा ल्याउन आग्रह गरेको एसओएस बालग्रामका बाल संरक्षण स्रोत व्यक्ति सुमन बरालले बताए। 'घटना घटिसकेपछि सञ्चारमाध्यमबाट थाहा भयो, वडासँग समन्वय गरेर यहाँ ल्याउने काम गऱ्यौं' -उनले भने। जोखिममा परेकाको सुनिश्चित भएपश्चात् सम्पूर्ण जानकारी गराई बालग्राम समितिको निर्णयअनुसार बालग्राममा भर्ना गर्ने बरालले बताए।


[illegible]

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
सस्पेन्सन बृज डिभिजन
पुल्चोक, ललितपुर

**संशोधन सम्बन्धी सूचना**

प्रकाशित मिति : २०७५/४/९

यस डिभिजनको मिति २०७५/३/२३ को नेपाल समाचारपत्रमा प्रकाशित Request for Proposal of Consulting Services सूचनाको प्याकेजको लिष्टमा निम्न बमोजिमको एउटा प्याकेज छुट हुन गएकोले सो समेत समावेश गरिएको व्यहोरा यसै सूचना मार्फत् सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

| S.N | Package no. | Districts | No. of Bridges |
|---|---|---|---|
| 29 | EP-10/074/75 | Udaypur, Sarlahi, Rautahat | 5 |

**मोदी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
देउपुर, पर्वत

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्वन्धि राय सुझावका लागि जारि गरिएको सार्वजनिक सूचना**

प्रथमपटक प्रकाशित मिति : २०७५/०४/०९

यस मोदी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित विभिन्न नदी किनारावाट ढुङ्गा, गिटी र बालुवा संकलन/उत्खनन् कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्यान्वयन गर्ने शिलशिलामा वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ को उपनियम २ अनुसार यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**प्रस्तावकको नाम र ठेगाना**: मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय देउपुर, पर्वत ।

ढुङ्गा, गिटी र बालुवा संकलन/उत्खनन् कार्यले प्रभावपार्ने क्षेत्र तथा प्रस्तावको विवरण

| क.स. | IEE गर्ने खोला | अध्ययन गरिने क्षेत्रहरू | प्रभावित हुनसक्ने क्षेत्रहरू |
|---|---|---|---|
| १. | रतिखोला | सिमलदाले-बगुवा बगर, दराक-बगर, रातमाटा बगर, न्युरेनी बगर, रिठावट बगर गरी जम्मा ५ स्थान । | मोदी गाउँपालिका वडा नं ६ मा पर्ने पुलचोक वस्ती, तिलाहार वस्ती, वि.क. टोल, रातमाटा टोल, गिजान वस्ती आदि । |
| २. | पातिखोला | टिमुरे, पाउदुरखेत, काक्रा, बउर (बगर),ढाड र अम्बोट गरी जम्मा ६ स्थान । | मोदी गाउँपालिका वडा नं २ मा पर्ने अम्बोट गाउँ वडा नं ३ मा पर्ने भुरुङ, लाङदी, पूर्णगाउ, घुरुङसेरा, कमेरे गाउँ आदि । वडा नं ४, मा पर्ने दुम्सुपाले गाउँ । वडा नं ५, मा पर्ने फलाल्ने, पाउदुर खेत, खोला खेत, धमिनी, नेपाने, ज्यामिरे गाउँ । |

यस उत्खनन् कार्य गर्नु भन्दा अगाडि पूर्व वातावरण संरक्षण नियमावलि २०५४ को अनुसुची १ (ई) खानी क्षेत्र (५ नं. बुदा) अन्तर्गत प्रारम्भिक वातावरणीय परिक्षण गनुपर्ने हुन्छ । तसर्थ उक्त प्रस्तावको कार्यन्वयनबाट वातावरणीय, सामाजिक, आर्थिक, भौतिक, सांस्कृतिक, भौगर्भिक, रासायनिक एवं जैविक क्षेत्रमा पर्नसक्ने प्रभावहरूको बारेमा सम्बन्धित गाउँपालिका, वडा, विद्यालय, स्वास्थ चौकी, वन उपभोक्ता समिति/समुह तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो राय सुझाव पठाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**
**मोदी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, देउपुर, पर्वत
फोन नं. ०६७४१०१६४, इमेल : info@modimun.gov.np

**Pokhara Lekhnath Metropolitan City**
**Office of Municipal Executive**
**Newroad, Kaski**

**NOTICE OF INTENT OF ACCEPTANCE**

**(Date of Publication 2075-04-09**

For the provision on sub clauses 27.2 and 27.3 of public Procurement Act 2063, this is notify to all Bidders who submitted their bids for the contracts as per the Notice published on 2075/01/06 in "**Nepal Samacharpatra** National Daily" that the following mentioned Lowest evaluated substantial responsive bidders are intended to award the Contract.

| S. N. | Contract No/Contract Identification No | Name of Road | Name of Successful Bidders | Bid Amount (including VAT and PS) |
|---|---|---|---|---|
| 1 | 42/PLMC/NCB/W/ 2074-075 | Construction Of Hostel Building & Training Center of Sukraraj Secondary High School,Kaski | M/S Surya Construction Company Pvt.Ltd. Pokhara | 2,42,90,774.51 |

**Chief Administrative Officer**

# विश्व

## दर्दनाक



ग्रिसको अटिका इलाकाको जंगलमा लागेको आगोले ध्वस्त पारेका गाडी नजिक हिँड्दै गरेकी एक महिला। आगलागीको केन्द्र मानिएको उक्त इलाकाबाट २६ शव बरामद गरेको बताइएको छ।

## चुनाव प्रचार



पाकिस्तानमा आज बुधबार आम चुनाव हुँदै छ। संसदीय चुनावका लागि चुनाव प्रचारप्रसार गर्दै इमरान खानको पार्टी पाकिस्तान तहरिक ए इन्साफका महिला कार्यकर्ता।

2018, JULY
Wednesday
25

विश्व २ मिनेट

### भुटान

## चिनियाँ उपविदेशमन्त्री भ्रमण

थिम्पु, (एजेन्सी)

चीनको उपविदेशमन्त्री कोङ सुअन्योउ बिनापूर्वयोजना भुटान पुगेका छन्। उनले राजधानी थिम्पुमा प्रधानमन्त्री सेरिङ तोब्गेसँग बैठक गरेका छन्। यसअघि भारतका लागि चीनका राजदूत पनि भुटान गएका थिए। भारतका लागि चिनियाँ राजदूत लुओ चाओईले नै उपविदेशमन्त्रीको भ्रमणको चाँजोपाँजो मिलाएको बताइएको छ। केही महिनाअगाडि मात्र भुटान र चीनबीचको सीमा विवाद चर्किएको थियो। उक्त विवादमा भारतीय सेना र चिनियाँ सैनिकहरु बीच मुठभेडको स्थिति बनेको थियो। भारतको छिमेकी भुटान एकमात्र देश हो, जसले चीनको वन बेल्ट वन रोड परियोजनामा सहभागी हुन अस्वीकार गरेको छ।

### ग्रिस

## आगोले ६० को ज्यान लियो

एथेन्स, (एजेन्सी)

ग्रिसको राजधानी एथेन्सको वरपर अटिका इलाकको जंगलमा लागेको आगोले कम्तीमा ६० जनाको मृत्यु भएको बताइएको छ। विगत एक दशकको यो सबैभन्दा भयावह आगलागी हो। यही इलाका आगलागीको केन्द्र भएको जनाइएको छ। यसअघि ग्रिस सरकारले २४ को मृत्यु भएको पुष्टि गरेको थियो। उद्धारकर्मीहरुले आगोमा फसेकालाई निकाल्न डुंगा र हेलिकोप्टरको प्रयोग गरिरहेका छन्। सयौं दमकल आगो नियन्त्रणका लागि परिचालन गरिएका छन्। आगो तीव्ररूपमा फैलिएपछि ग्रिसले यसमा अन्तर्राष्ट्रिय मद्दतका लागि अपिल गरेको छ। आगो निभाउन सरकारले सबै प्रकारका प्रयास गर्ने प्रधानमन्त्री अलेक्सेईले बताए।

### बेलायत

## अत्यधिक गर्मी

लन्डन, (एजेन्सी)

संयुक्त अधिराज्यका थुप्रै भागमा गर्मी अचाक्ली बढिरहेको र तापक्रम झन्डै ३२ डिग्री सेल्सियस नाघिसकेको त्यहाँको मौसम तथा जलवायु विभागले मंगलबार जनाएको छ। यसै साताको उत्तरार्धमा गर्मी अझै बढ्न सक्ने अनुमान गरिएको छ। सोमबार यो वर्षकै अत्यधिक तापक्रम मापन गरिएको छ। सफोकको स्यान्टोन डाउनह्याममा सोमबार ३३ दशमलब ३ डिग्री सेल्सियस पुगेको छ। शुक्रबारसम्म बेलायतको पूर्वी र दक्षिणपूर्वी भागमा तापक्रम बढ्ने क्रम जारी रहने बताइएको छ। सरकारले जनतालाई गर्मीबाट बच्ने उपाय अपनाउन आग्रह गरेको छ।

### जिम्बाबे


## चुनाव अवरुद्ध

हरारे, (एजेन्सी)

संयुक्त राष्ट्रसंघको एक निकायले जिम्बाबेको निर्वाचन अभियान मतदातामाथिको डर, धम्की र हिंसाको सन्त्रासका कारण अवरुद्ध भएको मंगलबार जनाएको छ। संयुक्त राष्ट्रसंघको मानव अधिकार कार्यालयले ग्रामीण क्षेत्रमा मानिसहरुलाई विभिन्न राजनीतिक पार्टीले जबरजस्ती चुनावी र्‍यालीमा सहभागी हुन दबाब दिइरहेको पनि जनाएको छ। यस कार्यालयले नामै तोकेर कुनै पनि पार्टीलाई दोष दिएको छैन। तर, सत्तारुढ जानु-पीएफ पार्टीलाई विगतका चुनावमा हिंसा भड्काएको आरोप लगाइएको थियो। लामो समयदेखि सत्तामा रहेका रोवर्ट मुगावेले गत नाभेम्बरमा राष्ट्रपति पदबाट राजीनामा दिएका थिए।

# उत्तर कोरियाले रकेट प्रक्षेपण केन्द्र नष्ट गरे

सोल, (एजेन्सी)



उत्तर कोरियाले आफ्नो प्रमुख रकेट प्रक्षेपण केन्द्र नष्ट गर्ने काम थालेको छ। यो केन्द्र देशको उत्तरपश्चिम इलाकामा पर्छ।

अमेरिकाको निगरानी समूहले सुर्हे स्टेसनलाई ध्वस्त गरेको स्याटलाइट तस्वीर प्राप्त गरेको छ। समूहका अनुसार किम जोङ उनले अमेरिकासँग जुनमा गरेको प्रतिबद्धता निभाइरहेका छन्।

उत्तर कोरियाली नेता किम जोङ उनले इन्जिन परीक्षण केन्द्र नष्ट गर्ने प्रतिबद्धता व्यक्त गरेको राष्ट्रपति डोनाल्ड ट्रम्पले बताएका थिए। यद्यपि उनले त्यो केन्द्र कुन हो भन्ने विषयमा बताएका थिएनन्।

उत्तर कोरियाले सुर्हे एक उपग्रह प्रक्षेपण गर्ने केन्द्र भएको बताउँदै आइरहेको थियो। यद्यपि अमेरिकी ...धिकारीले ...न्द्र ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षणका लागि प्रयोग भइरहेका आशंका गरेका थिए। गत महिना अमेरिकाका राष्ट्रपति र किमबीच भएको ऐतिहासिक वार्तामा दुई नेताहरुले कोरियाली प्रायद्विपलाई परमाणु हतियार मुक्त गर्नका लागि सँगै मिलेर काम गर्ने सम्झौता गरेका थिए।

तर, सम्झौतामा प्योङ्याङले कसरी र कहिले परमाणु हतियार नष्ट गर्छ भन्ने उल्लेख गरेको थिएन। यो जानकारीको अभावका कारण सम्झौताको आलोचना पनि भएको थियो।

यसअघि सोमबार राष्ट्रपति ट्रम्पले उत्तर कोरियासँगको सम्बन्धमा आएको प्रगतिलाई लिएर आफू अत्यन्त खुसी रहेको बताएका थिए। उत्तर कोरियाले विगत ६ महिनामा कुनै पनि क्षेप्यास्त्र प्रहार नगरेको र कुनै पनि परमाणु परीक्षण नगरेको सोमबार उनले बताएका थिए।

# बाँध भत्किँदा अज्ञात संख्यामा मृत्यु



भियनसियन, (एजेन्सी)

दक्षिणपूर्वी लाओसको एक निर्माणाधिन बाँध भत्किँदा अज्ञात संख्यामा मानिसको ज्यान जानुका साथै सयौं बेपत्ता भएको सरकारी सञ्चारमाध्यमले मंगलबार जनाएको छ।

सोमबार राति अत्तापेउ प्रान्तको जलविद्युत् बाँध अचानक भत्किँदा ६ वटा गाउँमा बाढी आएको लाओ समाचार निकायले जनाएको छ। यस घटनामा ६ हजार ६ सय जनाभन्दा बढी घरबारविहीन भएको पनि बताइएको छ।

सार्वजनिक भएका तस्वीरहरुमा अलपत्र परेका गाउँले डुबानमा परेका घरहरुको छतमा बसिरहेका र डुंगामा राखेर मानिसहरुलाई सुरक्षित गन्तव्यतर्फ लगिँदै गरेको देखिन्छन्। से पियान से नाम्नोय नामक उक्त बाँधको निर्माणकार्य सन् २०१३ मा शुरू भएको थियो।

आगामी वर्ष यसले व्यावसायिक कार्य थालनी गर्ने योजना रहेको थियो। यस परियोजनाको प्रमुख थाई सरोकारवाला रात्चाबुरी इलेक्ट्रिसिटी जेनेरेटिङ होल्डिङले आफूलाई एक्कासी बाँधका अपरेटरले ७ सय ७० मिटर लामो र १६ मिटर अग्लो बाँध भत्केको खबर दिएको जनाएको छ।

लगातार भइरहेको वर्षको कारण पनि ठूलो आयतनमा जलाशयमा पानी जम्मा भएको बताइएको छ। लाओसका प्रधानमन्त्री थोगलोन सिसोलिथले सरकारी बैठकहरु स्थगित गरी समस्याग्रस्त क्षेत्र सानाम्साय जिल्लामा उद्धार कार्यको अनुगमनका लागि पुगेका छन्।

# मलेरियालाई निमिट्यान्न पार्ने औषधिलाई अनुमति





न्युयोर्क, (एजेन्सी)

मलेरिया बिरामी स्वस्थ भएपछि पनि यसको अंश कलेजोमा कहीं न कहीं बाँकी रहने गर्छ। जसले गर्दा यो पटक-पटक दोहोरिने खतरा रहन्छ।

यसरी मेलेरियाबाट प्रत्यक वर्ष पीडित हुनेको संख्या ८५ लाख छन्। 'प्लाजमोडियम विवक्स' नामको यो मलेरियाको उपचारका लीग विशेष औषधिलाई अमेरिकाले स्वीकृति दिएको छ। विगत ८ वर्षको प्रयासपछि वैज्ञानिकहरुले यो सफलता हासिल गरेका हुन्।

यो औषधिको नाम टेफेनोक्वाइन हो। विश्वभरिका स्वास्थ निकायले अब यो औषधिको जाँच गरिरहेका छन्। उनीहरुले यसबाट आफ्नो देशमा मेलेरिया प्रभावितलाई यो औषधिबाट फाइदा पुऱ्याउन सक्ने अपेक्षा गरेका छन्।

प्लाज्मोडियम विवक्स मेलेरिया उपसहारा अफ्रिका बाहिर हुने गरेको सबैभन्दा आम मलेरिया हो। यो रोग ठीक भइसकेपछि पनि दोस्रो र तेस्रोपटक हुने खतरा भएकाले यसलाई खतरनाक रोगका रूपमा लिइन्छ।

यस प्रकारको मलेरियाको सबैभन्दा बढी खतरा बच्चाहरुलाई हुने गर्छ। पटक-पटक दोहोरिने यो रोगका कारण बच्चा कमजोर हुने गर्छ।

संक्रमित बिरामी यो रोग फैलाउने माध्यम पनि बन्न सबछ। जब कुनै लामखुट्टेले एक जनालाई टोकेपछि अर्कोलाई टोक्छ भने अर्को व्यक्ति पनि उक्त संक्रमणबाट प्रभावित हुन सक्छ।

त्यसैले पनि मलेरियाविरुद्धको संघर्ष त्यति सहज छैन। तर, अमेरिकाको खाद्य तथा औषधि प्रशासन (एफडीए)ले यस प्रकारको मलेरियालाई हराउन सक्षम टेफेनोक्वाइन औषधिलाई अनुमति दिएको हो।

यो औषधिले कलेजोमा लुकेका प्लाजमोडियम विवोक्सका अंशलाई समाप्त पार्न सक्छ र पटक-पटक यो रोग लाग्ने सम्भावना रहँदैन। तत्काल फाइदाका लागि यो अन्य औषधिसँग पनि लिन सकिने बताइएको छ।

प्लाजमोडियम विवक्स मेलेरिया उपचारका लागि पहिलेदेखि प्राइमाकिन नामक औषधि प्रयोग हुँदै आइरहेको छ। यो औषधि १४ दिनसम्म लगातार लिनुपर्ने हुन्छ। तर, टेफेनोक्वाइनको एक मात्राले नै बिरामीले रोगबाट मुक्ति पाउन सक्छन्।

एफडीएले औषधि प्रभावकारी भएको र अमेरिकी नागरिकलाई दिन सक्ने जनाएको छ। संस्थाले उक्त औषधिको साइड इफेक्टका बारेमा पनि चेतावनी दिएको छ।

जुन बिरामी इन्जाइमको समस्यासँग लडिरहेको छ, उसलाई यो औषधीले रक्तअल्पता हुन सक्छ। त्यसैले उनीहरुले यो औषधि प्रयोग गर्न नहुने बताएका छन्।

टेफेनोक्वाइनको एक मात्राले नै रोगको निदान हुनु ठूलो उपलब्धि भएको र मलेरियाको उपचारमा विगत ६० वर्षमा यस्तो सफलता प्राप्त नभएको अक्सफोर्ड विश्वविद्यालयका प्रोफेसर रिक प्राइसले बताए।

# इटालियन फोटोग्राफरका तस्वीर आलोचित

*नयाँदिल्ली, (एजेन्सी )*

*एक जना इटालियन फोटोग्राफरको भारतमा भोक शीर्षकको तस्वीर शृंखलालाई लिएर अनलाइनमार्फत व्यापक आलोचना हुन थालेको छ। धेरैले ती तस्वीरहरु निकै शोषित र गरिबीमाथिको उपहास भएको बताउन थालेका छन्।*

*चर्चित फोटोग्राफर एलेस्सियो मामोले गरिब भारतीयलाई नक्कली खाना राखिएको एउटा टेबुलसामु उभ्याई आँखा छोप्न लगाएर तस्वीर खिचेका छन्। ती तस्वीरहरु कूपोषणको अत्यन्तै उच्चदर रहेका दुई वटा राज्यमा खिचिएका हुन्।*

*ती तस्वीरमध्ये ड्रिमिङ फुड नामक तस्वीरहरु सन् २०११ मा खिचिएको हो। वर्ल्ड प्रेस फोटो फाउन्डेसनले इन्सटाग्राममा शेयर गरेपछि ती तस्वीरहरु भाइरल भएका हुन्। ती तस्वीरका क्याप्सनमा मामोले लेखेका छन्- 'मैले ती मानिसहरुलाई आफ्नो टेबलमा देख्न चाहेका खानाको सपना देख्न आग्रह गरेको थिएँ। यो भारतमा विद्यमान भोकमरीको अमूर्त परियोजना हो।'*

*तर, इन्सटाग्राममा राख्न मामोले दिएका तस्वीरहरु फाउन्डेसनले राम्ररी हेरेको वा नहेरेको भन्ने स्पष्ट हुन सकेको छैन। फाउन्डेसनले भने तस्वीर छनोटका लागि फोटोग्राफरहरु स्वयं जिम्मेवार रहेको बताएको छ।*



# रुसी अन्तरिक्षवैज्ञानिक गिरफ्तार

मस्को, (एजेन्सी)

रुसी सरकारी अनुसन्धानकर्ताहरुले एक जना प्रतिष्ठित तथा पुरस्कार विजयी अन्तरिक्ष वैज्ञानिकलाई गिरफ्तार गरेको छ। ७४ वर्षीय भिक्टोर कुद्रयाभ्तसेभ नामक ती वैज्ञानिकमाथि उत्तर एट्लान्टिक सन्धि संगठन (नेटो) का एक सदस्य राष्ट्रलाई क्षेप्यास्त्रसम्बन्धी गोप्य दस्तावेज उपलब्ध गराएको अभियोग लगाइएको छ।

रुसी अन्तरिक्ष निकाय रोस्कोस्मोसले भिक्टरलाई राजधानी मस्कोस्थित एउटा कारागारमा थुनिएको पुष्टि गरेको छ। गत शुक्रबार सुरक्षा निकायले मस्को नजिकको कारोल्योभस्थित निमास नामक रोस्कोस्मोसको अनसन्धान परिसरमा छापा मारेको थियो।

यो गुप्तचरी अभियोग हाइपरसोनिक क्षेप्यास्त्रसँग सम्बन्धित रहेको बताइएको छ। ती क्षेप्यास्त्र आवाजको गतिभन्दा पाँच गुणा बढी छिटो उड्ने गरेको बुझिएको छ।

छापा मारिएकै दिन रसियाको कोम्मरसान्ट दैनिक अखबारले उक्त अनुसन्धान केन्द्रका करिब १० जना कर्मचारीलाई अवैध धन्धामा लागेको आशंका गरिएको जनाएको थियो। त्यहाँको निर्देशकको कार्यालयमा पनि सुरक्षाकर्मीले खानतलासी लिएका थिए।

आशंकितमाथि गम्भीर राष्ट्रघातीको मुद्दा चलाइने बताइएको छ। यस प्रकारको अपराधका लागि अधिकतम् २० वर्ष लामो कारावास सञ्जाय हुन सक्ने प्रावधान छ।

संघीय सुरक्षा सेवा (एफएसबी) ले पनि मस्कोस्थित युनाइटेड रोकेट एन्ड कर्पोरिसन (ओआरकेके) कार्यालयहरुमा खानतलासी लिएका छन्। बिहीबार रसियाको रक्षा मन्त्रालयले किन्झाल र एभान्गार्ड नामक दुई वटा नयाँ हाइपरसोनिक क्षेप्यात्र प्रणालीको भिडियो सार्वजनिक गरेको थियो। ती दुवै क्षेप्यास्त्र आणविक हतियार बोक्न सक्षम रहेका छन्।

अध्यक्ष महर र महामन्त्री काफ्लेले छुट्‌ट-छुट्‌टै भेला बोलाएर यही साउन २३ गते काठमाडौंको भिन्नाभिन्नै स्थानमा महाधिवेशन तोकेपछि नेविसंघमा विवाद चुलिएको छ।

# नेविसंघको विवाद उत्कर्षमा

**नेपाल समाचारपत्र**

काठमाडौं

विभिन्न गुटका कारण नेपाल विद्यार्थी संघ विवादको उत्कर्षमा पुगेको छ।

अध्यक्ष नैनसिंह महर र महामन्त्री कुन्दनराज काफ्लेले छुट्टाछुट्टै भेला बोलाएर यही साउन २३ गते काठमाडौंको भिन्नाभिन्नै स्थानमा महाधिवेशन तोकेपछि विवाद चुलिएको हो।

यसै सन्दर्भमा माउ पार्टी नेपाली कांग्रेसको निर्देशन समितिले मंगलबार नेविसंघको तीनवटै समूहलाई बोलाएर राय सुझाव लिएको थियो। शेरबहादुर देउवा समूहबाट नैनसिंह महर, सरोज थापा, सञ्जय यादवलगायत सहभागी थिए। रामचन्द्र पौडेल तथा शशांक कोइराला समूहबाट उर्मिला थपलिया, सागर परियारलगायतको सहिभागिता थियो भने कृष्णप्रसाद सिटौला समूहबाट कुन्दनराज काफ्ले, दीपक भट्टराई, हिमालदत्त श्रेष्ठलगायत बैठकमा उपस्थित थिए।

सहभागी समूहले एक-अर्कामा आरोप-प्रत्यारोप लगाउँदै आफैंले भनेजस्तो हुनुपर्ने बताएका छन्। महामन्त्री कुन्दनराज काफ्लेले अध्यक्षले मनोनित गरेका उपाध्यक्ष, महामन्त्रीलगायत सबै २२ सदस्यलाई केन्द्रीय समितिबाट खारेज गर्नुपर्ने जनाउँदै निर्देशन समितिले आज बेलुकासम्म कुनै चित्तबुझ्दो निर्णय नदिए आफूले तोकेको समयमा नै महाधिवेशन गराउने नेपाल समाचारपत्रलाई बताउनुभएको छ।

त्यसै गरी उपाध्यक्ष उर्मिला थपलियाले विधानसम्मत मनोनित भएका उपाध्यक्ष नीलकण्ठ रिजाललगायत बाहेकका विधानविपरीत मनोनयन भएका सबैलाई खारेज गरेर संगठन १२औं महाधिवेशनतर्फ केन्द्रित हुनुपर्ने बताउनुभयो।

अध्यक्ष नैनसिंह महरले भने सबै विधि प्रक्रिया मिलाएर महाधिवेशन सम्पन्न गरिने बताउनुभयो। नेविसंको विधानअनुसार यही मंसिर २ गतेसम्ममा महाधिवेशन गर्नुपर्नेछ तर गुटगत तिक्तताका कारण महाधिवेशनको टुंगो नलागेको विद्यार्थी नेताहरू बताउँछन्।



केपी ओली नेतृत्वको सरकारविरुद्ध निरन्तर प्रदर्शन गर्दै आएको नेपाली कांग्रेसले मंगलबार पनि प्रदर्शन गरेको छ । उपत्यकाका तीन जिल्ला काठमाडौं, ललितपुर र भक्तपुरका तीन जिल्ला कार्यसमितिको अगुवाइमा माइतीघरदेखि बानेश्वरसम्म जुलुस निकालिएको हो।
तस्वीर : उजोल डंगोल/काठमाडौं

## भाग्यले जोगिए युवा

खोटाङ, (नेस)

यूएईको सडकमा भयानक ट्रक दुर्घटनमा परेका खोटाङ खार्मीको योगेश राई भाग्यले बाँचेका छन्। वैदेशिक रोजगारीको सिलसिलामा केही महिनाअघि यूएई पुगेका दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-११ खार्मी कुम्देलका युवा योगेशलाई आवुधबीमा साता दिनअघि ट्रकले ठक्कर दिएकोमा हाल सकुशल रहेको आफन्तले जनाएका छन्।

नेपालमा रहेका आफन्तलाई रेमिट्यान्स पठाउन साइकल चढेर गइरहेको अवस्थामा ट्रकले पछाडिबाट ठक्कर दिएको थियो। ट्रकले साइ

कल कच्याककुचुक पारे पनि शरीरलाई भने टायरले नभेटेको आफन्त उमेश राईले बताउनुभएको छ। यूएईमै रहेका आफन्त राईका अनुसार योगेश ड्युटिबाट फर्केर साइकल चढी नेपाल पैसा पठाउन जाँदै गर्दा ठुलो ट्रकले पछाडिबाट ठक्कर दिएको थियो। भाग्यवस ट्रकले साइकल कुच्याए पनि योगेशको शरीरलाई भने ट्रकको टायरले नभेटी बीचबाट गएको थियो।

डाक्टरको भनाइअनुसार सामान्य चोटसहित योगेश करिब १२ घण्टासम्म बेहोस् रहेका थिए। उनको पिठ्युँको हड्डी भाँचिएको बताइएको छ। अप्रेसन गरेपछि अवस्था सामान्य हुने डाक्टरले जानकारी दिएको आफन्तले जनाएका छन्।

योगेश कार्यरत कम्पनीको तर्फबाट सुविधा सम्पन्न उपचार भइरहेको घाइते योगेशका गाउँले मामा उमेश राईले प्रष्ट्याउनुभएको छ।

## जिप दुर्घटनामा नौ घाइते

सुर्खेत, (नेस)

सुर्खेतको सिम्ता गाउँपालिका ६ गजौडा नजिकै जिप दुर्घटना हुँदा नौजना घाइते भएका छन्।


नेपालगन्जबाट जाजरकोट जाँदै गरेको भे १ ज ७७२ नम्बरको सनराइज यातायातको जिप मंगलबार दिउँसो १ बजेतिर दुर्घटना हुँदा नौजना घाइते भएका हुन। घाइते हुनेहरूमा कुशे गाउँपालिका ५ जाजरकोटकी प्रमाकुमारी रोकाय, बारेकोट गाउँपालिका ६ की हरिकला रोकाय, मिनप्रसाद महतारा, उनका छोरा आयुस महतारा, छोरी मानवी महतरा रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायब निरीक्षक कवी सेञ्चुरीले जानकारी दिए।

त्यस्तै सल्यानको कुमाख गाउँपालिका ५ की विष्णुकुमारी शाही, पूजा वुढाथोकी र राप्ती सोनारी गाउँपालिका २ बाँकेका दीपक सेन पनि घाइते भएको सेञ्चुरीले बताए। घाइते ३ जनालाई जनबन्धु पोलिक्लिनिकमा सामान्य उपचारपछि नेपालगन्ज रिफर गरिएको र अन्य घाइतेको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

तीव्र गतिमा रहेको जिप ब्रेकफेल भएर सडकदेखि १५ मिटर तल खसेको प्रहरीले बताएको छ। जिप चालक बाँके कोहलपुरका विवेक सिंहलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बादे पीपल सुर्खेतले जनाएको छ।

## मन्त्रीमा भानुभक्तको सम्भावना

कामाठडौं, (नेस)



अब नयाँ कानुनमन्त्रीको जिम्मेवारी भानुभक्त ढकालले पाउने सम्भावना बढी रहेको समाचारस्रोतले जनाएको छ।

ढकाल प्रधानमन्त्री केपी शर्मा ओलीनिकट मानिन्छन्। अनेरास्ववियुको महासचिव हुँदै राजनीतिमा उदाएका ढकाल तेह्रथुम निवासी हुनुहुन्छ। २०७० सालको संविधानसभामा समानुपातिक सभासद् भएका ढकाल तत्कालीन एमालेको प्रमुख सचेतक पनि बन्नुभयो। त्यतिबेला नै ढकाल मन्त्री बन्ने चर्चा भएको थियो। ढकाल मोरङ-३ बाट निर्वाचित सांसद् हुनुहुन्छ। उहँले तत्कालीन एमालेबाट जित्नुभएको हो।

## विभिन्न दुर्घटनामा तीनको मृत्यु

वीरगन्ज, (नेस)

पर्सा र बारामा भएको छुट्टाछुट्टै दुर्घटनामा तीनजनाको मृत्यु भएको छ। पर्साको पटेर्वा सुगौली गाउँपालिका ९३ सोनवर्षमा धान कुट्ने मिलको फित्तामा बेरिएर एक जनाको मृत्यु भएको हो। स्थानीय बुरदिन मियाँ अन्सारीले सञ्चालन गरेको बर्कत राइस मिलमा धान कुट्ने क्रममा मियाँकै छोरा ३५ वर्षीय मोजिबुर रहमानको मृत्यु भएको हो।

धान कुट्ने क्रममा राति साढे ११ बजेतिर मोजिबुर मिलको फित्तामा अल्झेर गम्भीर घाइते भएका थिए। उपचारका लागि नारायणी उपक्षेत्रीय अस्पतालमा लैजाँदै गर्दा उनको बाटैमा मृत्य भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डीएसपी सत्यनारायण थापाले जानकारी दिए।

त्यसैगरी बाराको जीतपुर सिमरा उपमहानगरपालिकामा भएको सवारी दुर्घटनामा एक महिलाको मृत्यु भएको छ। दुर्घटनामा पर्साको पटेर्वासुगौली गाउँपालिका बस्ने शम्भु चौधरीकी श्रीमती ३५ वर्षीया प्रेमशिला चौधरीको मृत्यु भएको हो। जीतपुर सिमरा उपमहानगरपालिका-७ जितपुर बजारमै राति ८ बजेतिर दुर्घटना भएको थियो। वीरगन्जबाट जीतपुरतर्फ जाँदै गरेको एचआर३८डब्लु ३२९४ नम्बरको ग्याँस बुलेटले पैदल यात्री प्रेमशिलालाई ठक्कर दिएको इलाका प्रहरी कार्यालय जीतपुरका इन्चार्ज प्रहरी नायब निरीक्षक प्रमोदकुमार साहले जानकारी दिए। बुलेटले किचेपछि उनको घटना स्थलमै मृत्यु भएको थियो।

चालक र ग्यास बुलेटलाई इलाका प्रहरी कार्यालय सिमरामा राखेर थप अनुसन्धान भइरहेको बारा प्रहरीले जनाएको छ।

## एक दिन २ भूकम्प

काठमाडौं, (नेस)

मंगलबार एकै दिन दुईपटक भूकम्प गएको छ। धादिङ र सिन्धुपाल्चोक केन्द्रबिन्दु भएर ४ दशमलव ८ र ४ दशमलव ३ रेक्टर स्केलको भूकम्प गएको राष्ट्रिय भूकम्प मापन केन्द्रले जनाएको छ।

बिहान साढे आठ बजे धादिङको गजुरी आसपास केन्द्र भएर ४ दशमलव ८ र साँझ ५ बजेर ४४ मिनेटमा सिन्धुपाल्चोकको मेलम्ची र हेलम्बुबीचको इचोक आसपास केन्द्र भएर ४ दशमलव ३ भूकम्प गएको हो। दुवै भूकम्प ३ वर्षअघिको गोरखा भूकम्पपछिको पराकम्प भएको केन्द्र प्रमुख लोकविजय अधिकारीले जानकारी दिनुभयो।

### मन्त्रीलाई...

पदभन्दा पनि नैतिकतता ठूलो ठान्नेले मात्र राजीनामा दिएर आफूलाई जवाफदेही बनाएका छन्। विकसित देशमा ठूला घटना घट्नासाथ त्यसको जिम्मेवारी लिँदै पदबाट राजीनामा दिने प्रचलन रहेको छ। तर नेपालमा भने नैतिकताको आधारमा राजीनामा दिनेभन्दा पनि कुर्सी मोहकै कारण आन्दोलनको दबाबमा मात्र राजीनामा दिने प्रचलन रहेको छ।

नेपाली कांग्रेसका तत्कालीन नेता विशेश्वरप्रसाद कोइरालाले २००७ सालपछि मोहनशमशेर राणाको प्रधानमन्त्रीत्वमा बनेको सरकारका गृहमन्त्री रहँदा विद्यार्थी नेता चिनियाँकाजी श्रेष्ठको मृत्यु भएपछि नैतिकताका कारण राजीनामा दिनुभएको थियो।

राप्रपा प्रजातान्त्रिकका उपाध्यक्षसमेत रहेका पूर्वशिक्षामन्त्री केशरबहादुर विष्टले पनि २०४५ सालमा हावाहुरीका कारण दशरथ रंगशालामा ७१ जना नागरिकको ज्यान गएपछि नैतिकताको आधारमा राजीनामा दिनुभएको थियो। उहाँले देशमा शासन व्यवस्था परिवर्तन भए पनि नैतिक मूल्य मान्यतामा भने खडेरी लाग्दै गएको टिप्पणी गर्नुभयो। 'अहिले राजनेताले चलाएको राजनीति छैन, लुटनीति, भ्रष्टाचारनीति झुटनीति मात्र चलेको छ, नराम्रो मात्रैको नाम मात्र राजनीति होइन', विष्टले भन्नुभयो- 'नैतिकता नै बेच्नेले देशलाई बर्बाद बनाउँछन्, देश सुध्रिनका लागि नैतिकता पहिलो सर्त हो।'

पञ्चायत कालमा पटकपटक गरी आफू लामो समय मन्त्री भएको स्मरण गर्दै उहाँले पञ्चालयत कालमा मन्त्रीहरूका लागि निकै कडा आचारसंहिता रहेको बताउनुभयो। उहाँले तत्कालीन सहायक शिक्षामन्त्री कल्पना विष्टले अनौपचारिक रूपमा विश्वकपमा सहभागी हुने विषयमा दिएको अभिव्यक्तिकै कारण मन्त्री पद गएको बताउनुभयो। पञ्चायत कालमा तत्कालीन सहकायमन्त्री बद्री मण्डलले वीर अस्पतालमा नर्सलाई गालीगलौज गरेकै कारण मन्त्री पद गएको थियो। २०३० सालमा सिंहदरबार आगलागी हुँदा नैतिकताका कारण तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले राजीनामा दिनुभएको थियो।

लोकतान्त्रिका गणतन्त्र नेपालका पहिलो जननिर्वाचित प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले २०६६ सालमा कटुवाल काण्डका कारण नौ महिनामै पदबाट राजीनामा दिनुभएको थियो। गणतन्त्र स्थापना भएपछि तत्कालीन रक्षामन्त्री शरदसिंह भण्डारीले तराईका २२ जिल्ला टुक्र्याउने अभिव्यक्ति दिँदा राजीनामा दिनुपरेको थियो। त्यसैगरी तत्कालीन कृषिमन्त्री हरि पराजुली महिलामाथि अभद्र व्यवहार गरेका कारण सर्वत्र विरोध भएपछि राजीनामा दिन बाध्य हुनुभएको थियो।

तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको सरकारमा रक्षामन्त्री बन्नुभएका शरतसिंह भण्डारीले विवादित अभिव्यक्ति दिएपछि मन्त्री पदबाट राजीनामा दिनुपर्‍यो। उहाँले २०६८ असोज ९ गते रिपोटर्स क्लबमा आयोजित कार्यक्रममा मधेसका जिल्ला नेपालबाट अलग हुन सक्ने अभिव्यक्ति दिनुभएको थियो। उहाँको यो अभिव्यक्तिप्रति चौतर्फी आलोचना भई प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस र एमालेले राजीनामाको माग गर्दै लगातार संसद् अवरुद्ध पारेपछि पार्टीको सिफारिसमा कात्तिक २ गते राजीनामा बुझाउनु बाध्य हुनुभएको थियो। उहाँले त्यसबेला यस्तो भन्नुभएको थियो- 'मधेसका २२ जिल्लाले निर्णय गरेर नेपालबाट अलग हुन सक्ने र २२ जिल्लाले छुट्टिने निर्णय गरे कुन ऐन र कानुनले मुलुक बचाउँछ।'

त्यसै गरी २०७२ असार १५ मा राष्ट्रिय धान दिवस मनाउने क्रममा मन्त्री पराजुलीले महिलामाथि दुर्व्यवहार गरेको तस्बिर र भिडियो सामाजिक सञ्जालमा आएपछि उहाँको चर्को आलोचना भएको थियो। उहाँले तत्कालीन प्रधानमन्त्री स्व. सुशील कोइरालालाई असार १७ गते राजीनामा बुझाउनुभएको थियो।

कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री शेरबहादुर तामाङले साउन ५ गते राजधानीको एक विद्यालयको कार्यक्रमलाई सम्बोधनका क्रममा नेपालमा पढ्न कोटा नहुँदा चेलीहरू बंगलादेशलगायतका देशमा जानुपरेको र त्यहाँ उनीहरूले सर्टिफिकेट पाउनका लागि शरीर सुम्पनुपरेको भन्ने अभिव्यक्ति दिनुभएको थियो।

तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले २०३० असार २५ मा सिंहदरबारमा भएको भीषण आगलागीको विषयलाई लिएर नैतिकताको आधारमा तत्कालीन राजा स्व. वीरेन्द्र शाहसमक्ष राजीनामा बुझाउनुभएको थियो। उहाँले रातभर प्रयास गर्दा पनि सिंहदरबारमा लागेको आगो निभाउन नसकेकाले राजीनामा दिनुभएको थियो। राजीनामा नगर्न आग्रह गर्दा पनि उहाँले राजीनामा बुझाउनुभएको थियो। सरकारले मन्त्रीहरूको कार्यविभाजन गरे पनि मन्त्रीहरूका लागि आचारसंहिता भने बनाएको छैन।

### देश...

अनि मन्त्री तामाङले बोल्न खोज्दा पनि शब्द आएन, म मात्र के भनिएको थियो, भक्कानिएर बोली नै आएन, श्रीमती उषातिर हेर्नुभयो, सबैका आँखा रसाए। कार्यक्रमको पहिलो खण्डमा मन्त्रीले मन दुखाएर भए पनि मन्त्रालयले गरेका पछिल्ला गतिविधि भन्न भ्याउनुभयो। त्यसमा पटक्कै पनि खुसी छाएको थिएन, राजीनामा दिनुपर्ने पीडाले मन्त्री अत्तालिनुभएको थियो।

लामो समयमा मन्तव्य राख्दासमेत राजीनामा दिने वा नदिने भन्ने केही खुलेन, आफूले गरेका राम्रा काम कतै रोकिएलान् कि भन्ने चिन्ता भने थियो। भ्रष्टाचार अन्त्य गर्ने र सुशासनको प्रत्याभूति दिने योजनामाथि प्रहार भएको मन्त्रीको भनाइ थियो।

कसैको पनि नाम नलिई उहाँले आफूमाथि षड्यन्त्र भएको तर पनि देशको शान्ति, प्रगति र समृद्ध नेपाल निर्माणको सपना साकार गर्न लागिरहने बताउनुभयो।

श्रीमती उषाकला प्रदेश नम्बर १ को समानुपातिक सांसद हुनुहुन्छ। २०६४ सालमा समानुपातिक सांसद रहँदा उषाले उठाएका अधिकांश योजनामा आफूले त्यसपछि सांसद हुँदा पूरा गरेको पनि मन्त्रीले बताउनुभयो। मन्त्री तामाङले २०६४ सालमा संविधानसभाको निर्वाचन हार्नुभएको थियो।

आफू सधैं नै महिलाको पक्षमा वकालत गर्दै आएको तर आज आएर महिलाकै बारेमा बोल्दा यो अवस्था आएको भन्दै भावुक हुनुभएका मन्त्रीले डा. उपेन्द्र देवकोटा पनि श्वासप्रश्वासकै डाक्टर अन्तिममा त्यही समस्याले उहाँको ज्यान गएको भन्दै उहाँले आफूलाई पनि यस्तै अवस्था आइपरेको बताउनुभयो।

'महिला मलाई जन्म दिने आमा, जीवन धान्ने साथी र मेरी छोरी पनि हो', मन्त्री तामाङले भन्नुभयो- 'म अलि भावुक मान्छे हुँ, कसैलाई बिगार्ने वा समाप्त पार्ने उद्देश्यले केही काम गरेको छैन, हिंसामा परेका घटनाको उजागर गरेको हुँ।'

उहाँले जुन विषयलाई लिएर त्यही विषयले लखेट्ने काम भएकोमा दुखेसो गर्नुभयो। कानुन मन्त्री तामाङले आफूमाथि अतिरञ्जित गरिएको भन्दै देश र जनताका लागि राजीनामा दिएको बताउनुभयो। बंगलादेशमा एमबीबीएस अध्ययनरत नेपाली छात्राबारे दिएको अभिव्यक्ति विवादास्पद भएपछि कानुनमन्त्री तामाङले मंगलबार राजीनामा दिनुपरेको हो।

'कतिपय तत्व मेरो विरुद्ध लागे, मेरो तर्फबाट पनि केही कमजोरी भए होलान्, म अत्यन्तै दुखित छु, देश र पार्टीलाई सफल बनाउन र घटनालाई अतिरञ्जित हुन नदिन राजीनामा दिएको हुँ' -पत्रकार सम्मेलनमै रोएका मन्त्री तामाङले जनतालाई शिरमा राखेर सदैव जनताको हितमा काम गर्ने बताउनुभयो। उहाँ पत्रकार सम्मेलनपछि प्रधानमन्त्रीलाई राजीनामा दिन जानुभएको थियो।

बीचमा जोसजाँगरसहित बोले पनि अकमकिएर भावुक बन्नुभएका तामाङको ४ पटकसम्म धेरैबेर वाक्य रोकियो र असुविधाका लागि क्षमाप्रार्थी छु भन्नुपर्‍यो। यी सबै कानुनहरू....., हामीलाई विश्वास गर्ने नेपाली जनता..... देखि भन्नै सक्नुभएन। आफ्नै अग्रसरतामा सार्वजनिक खरिद ऐन संशोधन प्रक्रिया अघि बढेको जानकारी दिनुभयो।

भ्रष्टाचार न्यूनीकरण र सुशासन कायमका लागि कानुनमा सुधार आवश्यक रहेको भन्दै मन्त्री तामाङ भन्नुहुन्छ- 'सम्पूर्ण सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति सार्वजनिकीकरण गर्नुपर्छ। यो विषय मन्त्रिपरिषद्मा दर्ता भइसकेको छ। बुझाएको सम्पत्ति कसैको पनि गोप्य रहँदैन।'

माधवकुमार नेपालको समूहबाट तामाङ मन्त्री बन्नुभएको थियो। तत्कालीन नेकपा एमालेको निर्वाचित केन्दीय सदस्य तामाङले सिन्धुपाल्चोक-२ बाट प्रतिनिधिसभाको निर्वाचन जितेर पहिलोपटक मन्त्री बन्नुभएको थियो। उहाँले २०७० को संविधानसभा पनि जित्नुभएको थियो।

सोमबार बेलुका बसेको नेकपा सचिवालय बैठकले पद त्याग्न आग्रह गरेको थियो।

### केन्द्र...

जुन ठाउँमा कर्मचारी खटाइएको हो, सो ठाउँमा कर्मचारीको तलब पठाएमा खटाइएको ठाउँमा हाजिरी गर्न जान बाध्यता रहने मन्त्रालयको बुझाइ छ।

मन्त्रालयले यसपटक स्थानीय तहमा कर्मचारी पठाउन कडाइ गरेको छ। अहिले ७ सय ५३ स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत भए पनि योजना तर्जुमा गर्ने ,लेखा, कानुनसम्बन्धी बुझेका अधिकृत, खरिदार र सुब्बा तहका कर्मचारी खासै पुगेका छैनन्।

गत चैत १४ गते बसेको मन्त्रिपरिषद्को बैठकले ५७ हजार ३ सय ५४ कर्मचारी स्थानीय तहमा पठाउने निर्णय गरेको थियो। मन्त्रिपरिषद्ले स्थानीय तहको अन्तरिम संगठन, संरचना तथा दरबन्दीको प्रस्ताव गरी सो निर्णय गरे पनि कर्मचारी स्थानीय तहमा जान अटेर गर्दै आएका छन्। यसले गर्दा सञ्चालनका लागि दिइएको बजेट खर्च हुन नसकेको र कर्मचारी समायोजनमा समस्या देखिएको निष्कर्ष छ।

### महिला...

राष्ट्रिय महिला आयोग आफू कारबाही गर्ने निकाय नभएको बताउँछ। आयोगका कानुन सचिव अनिलकुमार ठाकुरले भन्नुभयो- 'आयोग सिधैं कारबाही गर्ने निकाय होइन। यो त कारबाहीका लागि सिफारिस गर्ने निकाय मात्रै हो।

आयोगमा पदाधिकारी नहुँदा पनि नीतिगत काम गर्न समस्या भएको छ। अब चाँडै निक्र्योल होला।' राष्ट्रिय महिला आयोग सबै प्रदेशमा गठन गर्ने भनिए पनि त्यसो हुन सकेको छैन। संविधानमै सबै प्रदेशमा आयोगको कार्यालय रहने उल्लेख छ।

यसैबीच राष्ट्रिय महिला आयोगले यस आर्थिक वर्षमा २ सय ७९ वटा उजुरी परेको जनाएको छ। आयोगका सूचना अधिकारी ध्रुवराज क्षेत्रीका अनुसार घरेलु हिंसासम्बन्धी २ सय ६१ र महिला हिंसासम्बन्धी १८ वटा उजुरी परेका छन्। जसमध्ये ७० वटा उजुरी मिलापत्रका लागि सिफारिस गरिएको छ।

२०७४/२०७५ मा ७ सय २९ वटा हिंसाका मुद्दा आयोगमा दर्ता भएका छन्। जसमध्ये ६ सय ६८ वटा घरेलु हिंसा र ६१ वटा महिला हिंसाका उजुरी दर्ता भएको महिला आयोगको तथ्यांकमा उल्लेख छ।

### बजेट...

त्यस्तै सामाजिक विकासतर्फ ९६ करोड ८५ लाख, सूचना तथा सञ्चार प्रविधितर्फ २१ करोड ५८ लाख, स्वास्थ्य सेवातर्फ १३ करोड ५८ लाख, कृषि, पशु तथा सहकारी क्षेत्रका लागि ६ करोड १८ लाख, शिक्षाका लागि १ अर्ब १० करोड ४६ लाख रूपियाँ विनियोजन गरेको थियो।

भवन निर्माण र सम्पत्ति खरिदतर्फ २ अर्ब ३६ करोड १ लाख, सहरी योजना आयोगतर्फका लागि ९ करोड ४६ लाख विनियोजन गरेको छ। सार्वजनिक निजी साझेदारी कार्यक्रमअन्तर्गत १५ करोड १० लाख, सम्पदाकाअन्तर्गत ५१ करोड ५७ लाख, वित्त तथा राजस्वका तर्फ ४ करोड ७५ लाख रूपियाँ विनियोजन गरेको छ।

सबै निकायलाई रकम विनियोजन भएको जानकारी छ, तर विनियोजित रकम मध्य विभाग र महाशाखाअन्तर्गत कुन शीर्षकमा कति बजेट छुट्ट्याइएको छ हालसम्म कुनै पनि कर्मचारीलाई जानकारी छैन। कामपामा ११ वटा विभाग र २६ महाशाखा रहेका छन्। तीअन्तर्गत झण्डै ३ दर्जन विभाग छन्।




2018, JUL
Wednesday
25

पुँजीगत खर्चमा ६६ दशमलव ८६ प्रतिशत रहेकोमा आर्थिक विकासमा ३ करोड ५६ लाख रुपियाँ, सामाजिक विकासमा २२ करोड ७८ लाख ३० हजार रुपियाँ, वन तथा वातावरणमा ५ करोड १५ लाख रुपियाँ, संस्थागत विकासमा ५ करोड ६३ लाख रुपियाँ, पूर्वाधार विकासमा २१ करोड ९२ लाख रुपियाँ र वडास्तरीय विकास योजना कार्यक्रममा ८ करोड रुपियाँ विनियोजित गरिएको छ।

# बजेट र योजनाबिनै मुक्त हलिया पुनर्स्थापना !

**नेपाल समाचारपत्र**

काठमाडौं

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री चक्रपाणि खनालले चालू आर्थिक वर्षभित्र सबै मुक्त हलियालाई पुनर्स्थापना गरिसक्ने बताउनुभएको छ। मंगलबार सिंहदरबारमा आयोजना गरिएको मुक्त हलिया पुनर्स्थापनासम्बन्धी अन्तर्क्रिया कार्यक्रममा पर्याप्त योजना र बजेटका

- **हलिया पुनर्स्थापनामा ठूलो आर्थिक अनियमिता भएको आशंका।**
- **१६ हजार बढी मुक्त हलियाको पुनर्स्थापना बाँकी, १० वर्षमा ७ हजारमात्र पुनर्स्थापना।**
- **हलिया पुनर्स्थापनाका लागि योजना र बजेट नै छैन। तर, एक वर्षभित्रै सबै काम सकिने मन्त्रीको भनाइ।**
- **स्थानीय तहसँगको सहकार्यमा स्थलगत अनुगमन टोली बनाइने।**

बाबजुत पनि चालू आर्थिक वर्षभित्रै हलियाको पुनर्स्थापना गरिसक्ने बताउनुभएको हो।

मन्त्री खनालले मुक्त हलियाको यसै आर्थिक वर्षभित्र पुनर्स्थापना गरिसक्ने गरी काम गर्न मन्त्रालय र सम्बन्धित निकायका पदाधिकारीलाई निर्देशनसमेत दिनुभएको छ। मन्त्री खनालले भन्नुभयो- 'मुक्त हलियालाई रकम दिने प्रक्रिया सहज बनाउने तथा छुटेका व्यक्तिको पनि तथ्यांक संकलन गर्न आवश्यक पहल गरिरहेका छौं। हामीले समयमा काम नगर्दा हलियाले पनि दुःख पाउँछन्।' हलिया व्यवस्थापनका लागि मन्त्रालयले पहल चाले पनि सो कार्यका लागि बजेट अभाव रहेको मन्त्री खनालको भनाइ छ।

'रकम पनि पर्याप्त छैन। अहिले नै काम अघि नबढाए योजना फेरि लथालिङ्ग हुन सक्छ। एउटा द्रुत गतिको टिम बनाएर फिल्डमै पठाउने तथा स्थानीय तहसँगको समन्वयमा फिल्डबाटै समस्या समाधान गरिनुपर्छ,' मन्त्री खनालले भन्नुभयो।



मुक्त हलिया पुनर्स्थापना समितिलाई सशक्त बनाउन पनि मन्त्री खनालले जोड दिनुभएको छ। 'ठूलो समस्यामा ठूलै र सानोमा सानै खेलाडीको चलखेल हुन सक्छ। त्यो चलखेल रोक्नुपर्छ। यसको लागि मुक्त हलियाका प्रतिनिधिहरूले पनि सहयोग गर्नुपर्छ। तथ्यांक छुटेको र वर्गीकरण उपयुक्त भएको छैन। यिनै कारण देखाएर अहिले असहयोग गर्ने हो भने झन समस्या पर्न सक्छ। त्यसैले शुरू गरेको कामलाई पहिले फत्ते गरिहालौं।' खनालले भन्नुभयो।

प्रदेश नम्बर ७ का कृषि मन्त्रालय सल्लाहकार हरि श्रीपाइलीले हलिया मुक्तिको घोषणा भएको १० वर्षमा करोडौं रुपियाँ रकम खर्च भए पनि उनीहरूको पुनर्स्थापना हुन नसकेको बताउनुभयो। श्रीपाइलीले भन्नुभयो-'आवास र जमिन खरिद हुन सकेको छैन। अहिलेकै मन्त्रीको सक्रियतामा आगामी एक वर्षभित्रै पुनर्स्थापना भइसक्नुपर्छ। सोही कार्यक्रममा अधिकारकर्मी श्याम श्रेष्ठले मुक्त हलियाको वर्गीकरणमा ठूलो त्रुटी भएको बताउनुभयो। 'झुपडी भएकोलाई घर भएको, तीन महिनासम्म मात्र खान पुग्नेलाई जग्गा भएको, कतिपय ठाउँमा सिंगो बस्ती नै वर्गीकरण हुनबाट छुटेको छ। त्यसैले मुक्त हलियाको पुनःवर्गीकरण गर्नुपर्छ।' श्रेष्ठले भन्नुभयो। मुक्त हलियाको पुनःवर्गीकरण नभए धेरैलाई विभेद हुने र साहुको मात्र मुक्ति हुने उहाँले धारणा राख्नुभयो।

त्यसैगरी मुक्त हलिया समाजका अध्यक्ष राजु भूलले वास्तविक हलियाले न्याय नपाएको बताउनुभयो। 'मुक्त हलिया पुनर्स्थापनाको नाममा ठूलो आर्थिक अनियमितता भएको छ। डडेल्धुरामा सबैभन्दा बढी अनियमितता भएको छ। त्यसको छानविन गरिनपर्छ। अनुगमनको नाममा ठूलो रकम जाने भए पनि सही ठाउँमा उपयोग भएको छैन।' अध्यक्ष भूलले भन्नुभयो। उहाँले मुक्त हलियालाई पुनर्स्थापनाका लागि छुट्याईएको रकम अनियमिततामा केन्द्रीय कार्यदलका सदस्य डम्मबर बिक मुछिएको समेत आरोप लगाउनुभएको छ।

२०६५ साल भदौं २१ गते हलिया मुक्तिको घोषणा भएको थियो। अहिले पनि प्रदेश नम्बर ६ र ७ मा मुक्त कमैयाको पुनर्स्थापना हुन सकेको छैन। कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका उपसचिव गोपाल गिरीका अनुसार हालसम्ममा ७ हजार २ सय २८ घरपरिवारको पुनर्स्थापना भइसकेको छ भने १६ हजार ३ सय २२ जना मुक्त हलियाको पुनर्स्थापना हुन बाँकी छ। दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, डोटी, बझाङ, बाजुरा, कैलाली, अछाम, हुम्ला, जाजरकोट र सुर्खेतमा मुक्त कमैयाको पुनर्स्थापना हुन सकेको छैन। उनीहरूलाई क, ख, ग, घ मा वर्गीकरण भएअनुसार परिचय पत्रका आधारमा भूगोल हेरी, जग्गा खरिद खर्च, निर्माण खर्च र ममर्त खर्च उपलब्ध गराउने मन्त्री खनालको भनाइ छ।







## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ साउन ९, जुलाई २५, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | ११०।०२ | ११०।६२ |
| युरो १ को रू. | १२८।८१ | १२९।५१ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।४८ | १४५।२७ |
| स्विस फ्रन्क १ को रू. | ११०।८१ | १११।४२ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।४६ | ८१।९० |
| क्यानाडियन डलर १ को रू. | ८३।६६ | ८४।११ |
| सिङ्गापुर डलर १ को रू. | ८०।६७ | ८१।११ |
| जापानी यन १० को रू. | ९।९१ | ९।९६ |
| चिनियाँ युआन १ को रू. | १६।१९ | १६।२८ |
| साउदी अरब रियाल १ को रू. | २९।३३ | २९।४९ |
| कतारी रियाल १ को रू. | ३०।२२ | ३०।३८ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।३० | ३।३२ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।९५ | ३०।११ |
| मलसियन रिङ्गिट १ को रू. | २७।०६ | २७।२१ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७४ | ९।८० |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।४६ |
| डेनिस क्रानर १ का रू. | १७।२९ |
| हङकङ डलर १ का रू. | १४।०२ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## SHARE MARKET

**24 JULY TUESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 7297.00 | 318.00 | 313.00 | 313.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 6502.00 | 287.00 | 276.00 | 278.00 | 1.00 |
| 3 | Arun Kabeli Power Ltd. | 393.00 | 262.00 | 257.00 | 258.00 | 1.00 |
| 4 | Arun Valley Hydropower Dev. Co. Ltd. | 4150.00 | 145.00 | 140.00 | 142.00 | 0.00 |
| 5 | Asian Life Insurance Co. Limited | 2756.00 | 657.00 | 637.00 | 637.00 | 4.00 |
| 6 | Bank of Kathmandu Ltd. | 8752.00 | 268.00 | 261.00 | 264.00 | 6.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 50.00 | 145.00 | 144.00 | 144.00 | 0.00 |
| 8 | Best Finance Company Ltd. | 6523.00 | 120.00 | 108.00 | 108.00 | -12.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 320.00 | 137.00 | 127.00 | 137.00 | 12.00 |
| 10 | Bishal Bazar Company Limited | 90.00 | 1665.00 | 1665.00 | 1665.00 | 5.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 110.00 | 5500.00 | 5498.00 | 5498.00 | -112.00 |
| 12 | Butwal Power Company Limited | 2305.00 | 445.00 | 431.00 | 440.00 | 3.00 |
| 13 | Central Finance Co. Ltd. | 3257.00 | 118.00 | 112.00 | 112.00 | -4.00 |
| 14 | Century Commercial Bank Ltd. | 34120.00 | 170.00 | 165.00 | 170.00 | 3.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 4172.00 | 876.00 | 850.00 | 856.00 | -9.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 160.00 | 133.00 | 129.00 | 133.00 | 4.00 |
| 17 | Chilime Hydropower Company Limited | 4583.00 | 768.00 | 750.00 | 752.00 | 2.00 |
| 18 | Citizen Bank International Limited | 21769.00 | 232.00 | 225.00 | 228.00 | 0.00 |
| 19 | Citizen Investment Trust | 719.00 | 2470.00 | 2440.00 | 2440.00 | 13.00 |
| 20 | Civil Bank Ltd | 39823.00 | 154.00 | 148.00 | 149.00 | 0.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 272.00 | 744.00 | 730.00 | 740.00 | 10.00 |
| 22 | Corporate Development Bank Limited | 90.00 | 102.00 | 102.00 | 102.00 | -1.00 |
| 23 | Deprosc Laghubitta Bittiya San. Limited | 1870.00 | 748.00 | 721.00 | 721.00 | -3.00 |
| 24 | Deva Bikas Bank Limited | 18474.00 | 131.00 | 127.00 | 127.00 | -1.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 218.00 | 105.00 | 103.00 | 103.00 | 0.00 |
| 26 | Everest Bank Limited | 8708.00 | 678.00 | 666.00 | 670.00 | 4.00 |
| 27 | Everest Insurance Co. Ltd. | 499.00 | 1362.00 | 1311.00 | 1311.00 | -25.00 |
| 28 | Excel Development Bank Ltd. | 1371.00 | 328.00 | 322.00 | 328.00 | 5.00 |
| 29 | First Micro Finance Dev. Bank Ltd. | 4132.00 | 538.00 | 521.00 | 521.00 | 1.00 |
| 30 | Forward Com. Mic. Bittiya San. Ltd. | 1649.00 | 2185.00 | 2115.00 | 2115.00 | -20.00 |
| 31 | Gandaki Bikas Bank Limited | 7421.00 | 196.00 | 188.00 | 194.00 | 3.00 |
| 32 | Garima Bikas Bank Limited | 3225.00 | 184.00 | 179.00 | 181.00 | 5.00 |
| 33 | Global IME Bank Limited | 8501.00 | 292.00 | 287.00 | 287.00 | 0.00 |
| 34 | Global IME Lag. Bittiya Sanstha Ltd. | 120.00 | 1224.00 | 1200.00 | 1200.00 | 23.00 |
| 35 | Global IME Samunnat Scheme-1 | 2500.00 | 8.77 | 8.60 | 8.75 | 0.15 |
| 36 | Goodwill Finance Co. Ltd. | 2378.00 | 126.00 | 123.00 | 124.00 | 1.00 |
| 37 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 8626.00 | 611.00 | 586.00 | 586.00 | -3.00 |
| 38 | Green Development Bank Ltd. | 500.00 | 141.00 | 139.00 | 139.00 | -2.00 |
| 39 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 100.00 | 132.00 | 132.00 | 132.00 | 2.00 |
| 40 | Gurans Life Insurance Company Ltd. | 1424.00 | 893.00 | 875.00 | 876.00 | 16.00 |
| 41 | Gurkhas Finance Ltd. | 280.00 | 116.00 | 108.00 | 114.00 | 8.00 |
| 42 | Hathway Finance Company Limited | 860.00 | 130.00 | 126.00 | 130.00 | 6.00 |
| 43 | Himalayan Bank Limited | 3265.00 | 571.00 | 558.00 | 563.00 | 4.00 |
| 44 | Himalayan Distillery Limited | 450.00 | 1274.00 | 1248.00 | 1248.00 | -52.00 |
| 45 | Himalayan General Insurance Co. Ltd | 3621.00 | 454.00 | 431.00 | 437.00 | 0.00 |
| 46 | Himalayan Power Partner Ltd. | 420.00 | 279.00 | 270.00 | 273.00 | -1.00 |
| 47 | ICFC Finance Limited | 12200.00 | 174.00 | 168.00 | 170.00 | 2.00 |
| 48 | IME General Insurance Ltd. | 320.00 | 890.00 | 875.00 | 875.00 | 16.00 |
| 49 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 30101.00 | 173.00 | 164.00 | 169.00 | -1.00 |
| 50 | Janaki Finance Ltd. | 1440.00 | 173.00 | 170.00 | 173.00 | 3.00 |
| 51 | Janata Bank Nepal Ltd. | 12277.00 | 157.00 | 153.00 | 156.00 | 1.00 |
| 52 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 26.00 | 2873.00 | 2870.00 | 2873.00 | 3.00 |
| 53 | Jebils Finance Ltd. | 6450.00 | 102.00 | 100.00 | 100.00 | 0.00 |
| 54 | Jyoti Bikas Bank Limited | 5261.00 | 142.00 | 140.00 | 140.00 | 0.00 |
| 55 | Kailash Bikas Bank Ltd. | 6027.00 | 228.00 | 219.00 | 219.00 | -5.00 |
| 56 | Kalika Microcredit Dev. Bank Ltd. | 2895.00 | 1370.00 | 1323.00 | 1324.00 | -26.00 |
| 57 | Kamana Sewa Bikas Bank Limited | 4833.00 | 143.00 | 139.00 | 141.00 | 1.00 |
| 58 | Karnali Development Bank Limited | 37.00 | 106.00 | 105.00 | 106.00 | 0.00 |
| 59 | Khanikhola Hydropower Co. Ltd. | 36.00 | 111.00 | 109.00 | 111.00 | 2.00 |
| 60 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 230.00 | 1632.00 | 1610.00 | 1610.00 | 10.00 |
| 61 | Kumari Bank Limited | 20089.00 | 200.00 | 195.00 | 196.00 | 1.00 |
| 62 | Laxmi Bank Limited | 3028.00 | 260.00 | 251.00 | 251.00 | -6.00 |
| 63 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 294.00 | 1081.00 | 1070.00 | 1070.00 | 0.00 |
| 64 | Laxmi Value Fund-1 | 125344.00 | 10.22 | 10.05 | 10.10 | -0.32 |
| 65 | Life Insurance Co. Nepal | 100.00 | 1580.00 | 1550.00 | 1550.00 | -31.00 |
| 66 | Lumbini Bikas Bank Ltd. | 3536.00 | 150.00 | 147.00 | 147.00 | -1.00 |
| 67 | Lumbini General Insurance Co. Ltd. | 2961.00 | 561.00 | 540.00 | 547.00 | 7.00 |
| 68 | Machhapuchhre Bank Limited | 6292.00 | 211.00 | 207.00 | 210.00 | 3.00 |
| 69 | Mahalaxmi Bikas Bank Ltd. | 4460.00 | 181.00 | 173.00 | 175.00 | 0.00 |
| 70 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 180.00 | 692.00 | 679.00 | 679.00 | 0.00 |
| 71 | Mahuli Samudayik Lag. Bittiya San. Ltd. | 220.00 | 2650.00 | 2600.00 | 2600.00 | -1.00 |
| 72 | Manjushree Finance Ltd. | 300.00 | 121.00 | 119.00 | 121.00 | 4.00 |
| 73 | Mega Bank Nepal Ltd. | 42421.00 | 167.00 | 163.00 | 165.00 | 2.00 |
| 74 | Mero Microfinance Bittiya Sanstha Ltd. | 152.00 | 1081.00 | 1045.00 | 1055.00 | -5.00 |
| 75 | Mirmire LaghuBitta Bittiya San. Limited | 510.00 | 1560.00 | 1498.00 | 1500.00 | 1.00 |
| 76 | Miteri Development Bank Limited | 1201.00 | 285.00 | 281.00 | 281.00 | 1.00 |
| 77 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 97.00 | 980.00 | 980.00 | 980.00 | 10.00 |
| 78 | Muktinath Bikas Bank Ltd. | 10516.00 | 390.00 | 380.00 | 380.00 | 0.00 |
| 79 | Nabil Bank Limited | 20936.00 | 905.00 | 898.00 | 899.00 | -1.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 6172.00 | 705.00 | 698.00 | 698.00 | -1.00 |
| 81 | Nabil Equity Fund | 2689.00 | 9.17 | 9.01 | 9.01 | -0.16 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 1376.00 | 1272.00 | 1178.00 | 1180.00 | -45.00 |
| 83 | National Hydro Power Company Limited | 14320.00 | 86.00 | 81.00 | 81.00 | -4.00 |
| 84 | National Life Insurance Co. Ltd. | 1353.00 | 790.00 | 775.00 | 776.00 | 8.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 543.00 | 2269.00 | 2205.00 | 2219.00 | 14.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 1583.00 | 738.00 | 684.00 | 738.00 | 67.00 |
| 87 | Neco Insurance Co. Ltd. | 4944.00 | 555.00 | 532.00 | 538.00 | 13.00 |
| 88 | Nepal Bangladesh Bank Limited | 6381.00 | 214.00 | 207.00 | 208.00 | 2.00 |
| 89 | Nepal Bank Limited | 42236.00 | 295.00 | 285.00 | 287.00 | -3.00 |
| 90 | Nepal Credit & Com. Bank Ltd. Pro. Share | 600.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 91 | Nepal Credit And Com. Bank Limited | 24560.00 | 244.00 | 235.00 | 235.00 | 0.00 |
| 92 | Nepal Doorsanchar Co. Limited | 23635.00 | 728.00 | 720.00 | 726.00 | 3.00 |
| 93 | Nepal Hydro Developers Ltd. | 50.00 | 174.00 | 170.00 | 173.00 | 3.00 |
| 94 | Nepal Insurance Co. Ltd. | 11294.00 | 573.00 | 551.00 | 563.00 | 12.00 |
| 95 | Nepal Investment Bank Limited | 19224.00 | 624.00 | 618.00 | 620.00 | 3.00 |
| 96 | Nepal Investment Bank Ltd. Pro. Share | 4650.00 | 554.00 | 550.00 | 550.00 | 0.00 |
| 97 | Nepal Life Insurance Co. Ltd. | 2310.00 | 1034.00 | 1016.00 | 1025.00 | 9.00 |
| 98 | Nepal SBI Bank Limited | 5989.00 | 507.00 | 502.00 | 505.00 | 9.00 |
| 99 | Nerude Laghubita Bikas Bank Limited | 1872.00 | 651.00 | 615.00 | 630.00 | 3.00 |
| 100 | Ngadi Group Power Ltd. | 558.00 | 170.00 | 163.00 | 163.00 | -4.00 |
| 101 | NIBL Pragati Fund | 1263.00 | 8.86 | 8.68 | 8.68 | -0.01 |
| 102 | NIC Asia Bank Ltd. | 9354.00 | 316.00 | 311.00 | 314.00 | 3.00 |
| 103 | Nirdhan Utthan Lag. Bit. San. Ltd | 2075.00 | 1009.00 | 986.00 | 986.00 | -7.00 |
| 104 | NLG Insurance Company Ltd. | 643.00 | 900.00 | 868.00 | 868.00 | -2.00 |
| 105 | NMB Microfinance Bittiya Sanstha Ltd. | 416.00 | 1624.00 | 1561.00 | 1561.00 | 7.00 |
| 106 | NMB Bank Limited | 16560.00 | 362.00 | 353.00 | 355.00 | 1.00 |
| 107 | NMB Hybrid Fund L-1 | 99466.00 | 9.55 | 9.31 | 9.55 | 0.19 |
| 108 | Om Development Bank Ltd. | 6487.00 | 176.00 | 166.00 | 173.00 | -1.00 |
| 109 | Oriental Hotels Limited | 4020.00 | 520.00 | 501.00 | 501.00 | 1.00 |
| 110 | Pokhara Finance Ltd. | 3118.00 | 140.00 | 136.00 | 139.00 | -1.00 |
| 111 | Prabhu Bank Limited | 15998.00 | 191.00 | 185.00 | 187.00 | 1.00 |
| 112 | Prabhu Insurance Ltd. | 11480.00 | 524.00 | 510.00 | 510.00 | -5.00 |
| 113 | Premier Insurance Co. Ltd. | 3854.00 | 1122.00 | 1080.00 | 1082.00 | 2.00 |
| 114 | Prime Commercial Bank Ltd. | 8290.00 | 290.00 | 284.00 | 287.00 | 3.00 |
| 115 | Prime Life Insurance Company Limited | 6782.00 | 548.00 | 530.00 | 530.00 | 0.00 |
| 116 | ProgressiveFinance Limited | 4740.00 | 140.00 | 128.00 | 128.00 | -14.00 |
| 117 | Prudential Insurance Co. Ltd. | 1240.00 | 780.00 | 751.00 | 766.00 | 16.00 |
| 118 | Purnima Bikas Bank Ltd. | 371.00 | 172.00 | 168.00 | 172.00 | 6.00 |
| 119 | Radhi Bidyut Company Ltd | 726.00 | 232.00 | 226.00 | 228.00 | -4.00 |
| 120 | Rairang Hydropower Dev. Company Ltd. | 1867.00 | 154.00 | 149.00 | 151.00 | 0.00 |
| 121 | Rastriya Beema Company Limited | 220.00 | 10900.00 | 10602.00 | 10610.00 | -89.00 |
| 122 | Rastriya Beema Co. Limited Pro. Share | 160.00 | 10240.00 | 9900.00 | 9900.00 | 50.00 |
| 123 | Reliance Finance Ltd. | 5608.00 | 126.00 | 123.00 | 123.00 | -2.00 |
| 124 | Ridi Hydropower Dev. Company Ltd. | 782.00 | 120.00 | 119.00 | 120.00 | 0.00 |
| 125 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 955.00 | 660.00 | 647.00 | 647.00 | -8.00 |
| 126 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 760.00 | 549.00 | 530.00 | 540.00 | 10.00 |
| 127 | Sagarmatha Insurance Co. Ltd. | 1097.00 | 1354.00 | 1331.00 | 1348.00 | 20.00 |
| 128 | Sahayogi Bikas Bank Limited | 848.00 | 188.00 | 185.00 | 185.00 | -2.00 |
| 129 | Samata Microfinance Bittiya Sanstha Ltd. | 432.00 | 1393.00 | 1339.00 | 1358.00 | 43.00 |
| 130 | Sana Kisan Bikas Bank Ltd | 2849.00 | 1135.00 | 1103.00 | 1125.00 | 1.00 |
| 131 | Sanima Bank Limited | 22877.00 | 324.00 | 315.00 | 318.00 | 2.00 |
| 132 | Sanima Equity Fund | 1100.00 | 9.36 | 9.18 | 9.27 | -0.10 |
| 133 | Sanima Mai Hydropower Ltd. | 12188.00 | 328.00 | 318.00 | 324.00 | 3.00 |
| 134 | Saptakoshi Development Bank Ltd. | 990.00 | 121.00 | 116.00 | 117.00 | 1.00 |
| 135 | Shangrila Development Bank Ltd. | 8028.00 | 151.00 | 147.00 | 149.00 | 2.00 |
| 136 | Shikhar Insurance Co. Ltd. | 3844.00 | 988.00 | 950.00 | 950.00 | 9.00 |
| 137 | Shine Resunga Development Bank Ltd. | 2218.00 | 280.00 | 272.00 | 272.00 | -4.00 |
| 138 | Shree Investment Finance Co. Ltd. | 821.00 | 155.00 | 153.00 | 153.00 | 1.00 |
| 139 | Shrijana Finance (Bittaya Sanstha) | 1850.00 | 286.00 | 265.00 | 275.00 | 15.00 |
| 140 | Siddhartha Bank Limited | 10403.00 | 309.00 | 300.00 | 300.00 | 0.00 |
| 141 | Siddhartha Equity Fund | 155000.00 | 9.48 | 9.11 | 9.48 | 0.48 |
| 142 | Siddhartha Insurance Ltd. | 860.00 | 695.00 | 676.00 | 676.00 | -6.00 |

Total Amount Rs. 294,182,348 Total Quantity 1,189,689 Total No of Transactions 4,033

# कीर्तिपुरको बजेट सवा अर्ब

**नेपाल समाचारपत्र**

काठमाडौं

कीर्तिपुर नगरपालिकालाई सांस्कृतिक, पर्यटकीय र व्यवस्थित शहरका रुपमा विकास गर्ने लक्ष्यसहित चालू आर्थिक वर्षका लागि १ अर्ब २७ लाख ३० हजार रुपियाँ विनियोजित गरिएको छ।

मंगलबार कीर्तिपुरस्थित मंगलटोल, हिल साइडमा आयोजित नगरपालिकाको तेस्रो नगरसभाबाट पारित आर्थिक वर्ष २०७५/७६ नम्बर नीति, योजना र कार्यक्रम सार्वजनिक गर्दै नगरपालिकाका प्रमुख रमेश महर्जनले सो को जानकारी दिनुभएम्को हो।




त्यसमध्ये चालूतर्फ ३३ करोड २३ लाख र पुँजीगततर्फ ६७ करोड ४ लाख ३० हजार रुपियाँ रहेको छ। चालूतर्फ ३३ दशमलव १४ प्रतिशत रकममध्ये प्रशासनिक खर्चतर्फ ७ करोड ८० लाख रुपियाँ, सामाजिक सुरक्षा कार्यक्रम ६ करोड रुपियाँ र सशर्त्त अनुदान (विषयगत कार्यालय) तर्फ १९ करोड ४३ लाख रुपियाँ रहेको छ।

नगरपालिकाले सामुदायिक विद्यालयहरूमा लाइब्रेरी, स्वयंसेवी शिक्षकको व्यवस्था गर्ने, स्थानीय भाषामा समेत पाठ्यक्रम समावेश गराइने नीति पनि अघि सारेको छ। त्यसैगरी स्वास्थ्यतर्फ उच्च रक्तचाप र मधुमेहका बिरामीलाई औषधि वितरणको कार्यक्रमलाई निरन्तरता दिई पक्षघात रोगबाट पीडित 'क' वर्गको परिचयपत्र (रातो

त्यसैगरी पुँजीगत खर्चमा ६६ दशमलव ८६ प्रतिशत रहेकोमा आर्थिक विकासमा ३ करोड ५६ लाख रुपियाँ, सामाजिक विकासमा २२ करोड ७८ लाख ३० हजार रुपियाँ, वन तथा वातावरणमा ५ करोड १५ लाख रुपियाँ, संस्थागत विकासमा ५ करोड ६३ लाख रुपियाँ, पूर्वाधार विकासमा २१ करोड ९२ लाख रुपियाँ र वडास्तरीय विकास योजना कार्यक्रममा ८ करोड रुपियाँ विनियोजित गरिएको छ। 'यति बजेट खर्च गर्नु चुनौतीपूर्ण छ। प्रदेश र केन्द्र सरकारको सहयोग रहने हो भने यति बजेट कार्यान्वयन गर्न सकिन्छ। विकासको कार्यलाई प्रभावकारी बनाउन सकिन्छ।' प्रमुख महर्जनले भन्नुभयो।

कार्ड) प्राप्त बिरामीलाई मानसिक रुपमा ५ सय रुपियाँ बिरामी भत्ता प्रदान गर्ने, विष्णुदेवी अस्पताललाई स्थान्तरण गर्ने, प्लास्टक झोला न्यूनीकरण कार्यक्रम अघि सारेको प्रमुख महर्जनले जानकारी दिनुभयो।

त्यसैगरी खानेपानी र सरसफाई, पर्यटन विकास, भौतिक पूर्वाधार, सार्वजनिक जग्गा, भवन, सत्तल, पार्टी पौवा, दह, पोखरीको सञ्चालन र व्यवस्थापन गर्ने नीति पनि अघि सारिएको छ। त्यस्तै प्राकृतिक स्रोत साधनको नियमन र व्यवस्थापन, बेरोजगार तथ्यांक संकलन, युवा तथा खेलकुदको विकास अघि बढाउने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, यातायात, कृषि, उद्योग तथा वाणिज्य, विपद् व्यवस्थापन, वन तथा भू संरक्षण र उपयोग गर्ने नीतिलाई प्राथमिकता दिएको पनि प्रमुख महर्जनले बताउनुभयो।

सो सभाको उद्घाटन गर्दै नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरेर जनताप्रति सुशासन र जवाफदेहीको उदाहरण बनोस् भन्ने कामना गर्नुभयो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारीले गर्नुभयो। मन्त्रीले कीर्तिपुरलाई सांस्कृतिक र पर्यटकीय नगरको रुपमा विकास गर्न मन्त्रालय सधैं सहयोगी हुने बताउनुभयो। उहाँले यहाँका अमूर्त, मूर्त संस्कृतिको संरक्षण गरी पर्यटन विकास गर्न सकिने पनि बताउनुभयो।

सो अवसरमा ३ नम्बर प्रदेशका भौतिक पूर्वाधार मन्त्री केशव स्थापितले कीर्तिपुर क्षेत्रमा विकास, समृद्धिका अनन्त सम्भावना रहेको उल्लेख गर्दै सकारात्मक सोच, सम्भावनायुक्त सोच र आशावादी भएर काम गर्नुपर्नेमा जोड दिनुभयो।

उपप्रमुख सरस्वती खड्काले प्रदेश र केन्द्रबीच समन्वयको अभावले सोचे अनुरुप काम गर्न नसकेको बताउँदै आगामी वर्षमा जनताको अपेक्षा बढी भन्दा बढी सम्बोधन गर्नेतिर लाग्ने पनि प्रतिबद्धता व्यक्त गर्नुभयो।

# यातायात समिति नवीकरण नहुने

हेटौंडा, (नेस)

यातायात क्षेत्रसँग सम्बन्धित संघसंस्था र समितिको नवीकरण साउनबाट नगरिने भएको छ। जिल्ला प्रशासन कार्यालय मकवानपुरले सोमबार सूचना जारी गर्दै यातायात समिति र संघसंस्थाहरू नवीकरण नगरिने जनाएको हो।

साउन ४ गतेको मन्त्रिपरिषद् बैठकको निर्णयबाट यातायात समितिहरू नवीकरण नगर्न परिपत्र गरिएकाले मकवानपुरका यातायात समितिहरू नवीकरण नगरिने सार्वजनिक सूचना जारी गरिएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढाले बताउनुभयो।

कम्पनी दर्ता गरिएसँगै आफ्नो छुट्टै कार्यालय खोलेर काम सञ्चालन गर्न उहाँले आग्रह गर्नुभएको छ। ती समितिको नवीकरण नगरिने भएकाले मकवानपुरमा दर्ता भएर सञ्चालनमा रहेका संघसंस्था र समितिबाट कुनै पक्षले भुक्तानी लिन बाँकी दुर्घटनाको दाबी, पानी, बत्ती, दुर्घटनाका घाइतेको उपचार खर्च, कर्मचारी तलबलगायत सबै दायित्वका विषयमा जिल्ला प्रशासन कार्यालय मकवानपुरमा दाबी गर्न सार्वजनिक सूचना जारी गरिएको उहाँले बताउनुभयो।

लिनुपर्ने रकमको प्रमाणसहित ३५ दिनभित्र प्रशासनमा दाबी गर्न आग्रह गरिएको छ। आफ्नो रकम प्रमाणसहित दाबीपछि छानबिन गरेर जिल्ला प्रशासनमा बनेको समितिले अर्थ मन्त्रालयलाई सिफारिस गर्ने तयारी गरिएको हो। हेटौंडामा देशका धेरै यातायात व्यवसायी सदस्य रहेको नारायणी यातायात व्यवसायी संघ, टेम्पो तथा मझौला यातायात व्यवसायी संघलगायत यातायात संघसंस्था छन्।

सरकारले असार मसान्तदेखि नवीकरण नगर्ने निर्णय गरेपछि नारायणी यातायात व्यवसायी संघ हेटौंडाले मुनाफा नबाँड्ने संस्थाका रुपमा 'नारायणी संघ हेटौंडा' दर्ता गरेको छ। करिब १० हजार सवारी सदस्य रहेको संघ यातायात व्यवसायीको देशको सबभन्दा ठूलो साझा संस्था हो। कम्पनी रजिष्ट्रार कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम नारायणी संघ हेटौंडा दर्ता गरिएको तत्कालीन नारायणी यातायात व्यवसायी संघ अध्यक्ष हीरालाल श्रेष्ठले बताउनुभयो ।

२०७५, साउन
बुधबार
९

जग्गा अधिग्रहणका लागि सहमति भए पनि आगामी आर्थिक वर्षको लागि प्रदेश र संघीय सरकारले बजेट विनियोजन नगर्दा उक्त योजना पनि अलपत्र पर्ने देखिएको छ। आफ्नै पहलमा विमानस्थलको काम शुरु भएको दावी गर्दै आएका प्रतिनिधि सभा सदस्य प्रेम आलेमगरले विमानस्थलको स्तरोन्नतीका लागि बजेट आउने दाबी गर्नु भएको स्थानीयबासीहरु बताउँछन्।

अर्थ

# सम्पत्ति शुद्धीकरणप्रति सरकारको विशेष चासो छ : अर्थमन्त्री




**नेपाल समाचारपत्र**

काठमाडौं

अर्थमन्त्री डा. युवराज खतिवडाले मुलुकमा सुशासन, आर्थिक समृद्धि र दिगो विकास लक्ष्य प्राप्तिका लागि मुद्रा अपचलन र सम्पत्ति शुद्धीकरणमा सरकारले विशेष ध्यान दिएको बताउनुभएको छ। मंगलबार राजधानीमा आयोजित एसिया प्रशान्त क्षेत्रीय समूहको २१औं बैठकको उद्घाटन गर्दै मन्त्री खतिवडाले उक्त कुरा बताउनुभएको हो।

दिगो विकास, वित्तीय सुशासन कायम गर्न तथा वित्तीय अपराध र आतंकवादलाई निरुत्साहन गर्न सम्पत्ति शुद्धीकरण आवश्यक रहेको अर्थमन्त्री खतिवडाको भनाइ छ।

नेपालले लामो समयदेखि सम्पत्ति शुद्धीकरणका विषयमा आवश्यक ऐन कानुन बनाई प्रभावकारी रुपमा कार्यान्वयनसमेत गरिरहेको विषयलाई स्मरण गराउँदै मन्त्री खतिवडाले सम्पत्ति शुद्धीकरणका लागि गैरकानुनी ढंगले आर्जन भएको सम्पत्तिलाई वैध बनाउन नदिने विषयमा सरकार चनाखो रहेको समेत बताउनुभयो। '

कालो र अवैध तरिकाबाट कमाईएको धनलाई सेतो र वैध हुनबाट रोक्नसरकार चनाखो रहेको छ। हामी वित्तीय अनुशासन, पारदर्शिता, सुशासन र जवाफदेहितामार्फत दिगो र समुन्नत अर्थतन्त्रको विकास गर्न लागि परेका छौं।' मन्त्री खतिवडाले भन्नुभयो।

गत शनिबारदेखि शुरू भएको सो बैठकमा एपीजी सदस्य राष्ट्र, पर्यवेक्षक राष्ट्र, विश्व बैंकलगायत आर्थिक क्षेत्रका ५ सयभन्दा बढी प्रतिनिधिको सहभागिता रहेको छ। उक्त बैंठकमार्फत् वित्तीय अपराध र आतंकवादमा प्रयोग हुन सक्ने अवैध वित्तलाई कसरी सामूहिक रुपमा रोकेर आर्थिक समृद्धि हासिल गर्न सकिन्छ भन्ने विषय तथा सम्पत्ति शुद्धीकरणमा सदस्य देशले गरिरहेका प्रयासका बारेमा एक अर्काका अनुभव आदान प्रदान गर्नेसमेत उद्देश्य दिइएको छ। बैठक शुक्रबारसम्म चल्नेछ।

# लक्ष्यभन्दा बढी राजस्व संकलन गर्नेमा विराटनगर पहिलो

**नेपाल समाचारपत्र**

काठमाडौ

भन्सार महशुल, मुल्य अभिवृद्धि कर र अन्त:शुल्कको वार्षिक लक्ष्य असुलीभन्दा बढी राजस्व संकलन गर्नेमा विराटनगर भन्सार कार्यालय अब्बल देखिएको छ। गत आर्थिक वर्ष २०७४/७५ मा कार्यालयगत तुलनात्मक राजस्व संकलनमा विराटनगर भन्सार कार्यालयले अन्य सबै भन्सार कार्यालयलाई उछिनेको हो।

गत आर्थिक वर्षमा विराटनगर भन्सार कार्यालयबाट मात्र ३२ अर्ब ८१ करोड १२ लाख रुपियाँ बराबरको राजस्व संकलन भएको भन्सार विभागले जनाएको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा ३४ दशमलव ७४ प्रतिशतले राजस्व संकलनमा वृद्धि भई वार्षिक लक्ष्यभन्दा १ अर्ब ५६ करोड ६३ लाख रुपियाँ बढी राजस्व संकलन गरेको छ। गत आर्थिक वर्षमा उक्त भन्सार कार्यालयबाट ३१ अर्ब २४ करोड ४८ लाख रुपियाँ बराबर राजस्व संकलन लिइएको लक्ष्यभन्दा ५ दशमलव १ प्रतिशत राजस्व संकलन भएको भन्सार विभागको तथ्यांकले देखाउँछ।

लक्ष्यभन्दा धेरै राजस्व संकलन गर्ने भन्सार कार्यालयमा विराटनगर पहिलो देखिए पनि सबैभन्दा बढी राजस्व संकलन भने भैरहवा भन्सार कार्यालयले गरेको छ। गत आर्थिक वर्षमा वार्षिक लक्ष्यअनुरुप रकमगत हिसाबले राजस्व संकलन गर्न नसक्ने भन्सार कार्यालयमा भने भैरहवा भन्सार कार्यालय पहिलो स्थानमा छ। तर, उक्त भन्सार कार्यालयले राजस्व संकलनको वार्षिक लक्ष्य भने भेटाउन सकेको देखिँदैन। भैरहवा भन्सार कार्यालयबाट ८१ अर्ब ४३ करोड ७७ लाख ८८ हजार राजस्व संकलनको लक्ष्य लिइएकोमा ७१ अर्ब ४४ करोड ४१ लाख २४ हजार रुपियाँ बराबर मात्र राजस्व संकलन भएको छ। उक्त भन्सार कार्यालयबाट गत आर्थिक वर्षमा लक्ष्यभन्दा ९ अर्ब ९९ करोड ३६ लाख ६४ हजार रुपियाँ कम राजस्व संकलन भएको छ।

त्यसैगरी भन्सार कार्यालयहरूबाट संकलन गरिने मुल्य अभिवृद्धि करमार्फत् १ खर्ब ४२ अर्ब ११ करोड ४८ लाख रुपियाँ वार्षिक राजश्व संकलन लक्ष्य लिइएकोमा लक्ष्यभन्दा ३ दशमलव शून्य ९ प्रतिशत अर्थात् १ खर्ब ३६ अर्ब ४४ करोड ३५ लाख रुपियाँ बराबर संकलन भएको छ। भन्सार कार्यालहरूमार्फत् संकलन गरिने अन्त:शुल्क कर मार्फत् ४६ अर्ब २८ करोड १० लाख २४ जहार रुपियाँ राजस्व संकलनको लक्ष्य लिएकोमा वार्षिक लक्ष्यको ९० दशमलव ९२ प्रतिशत अर्थात् ४२ अर्ब ७ करोड ९३ लाख २५ हजार रुपियाँ बराबर मात्र संकलन भएको छ।

यसरी भन्सार राजश्वमार्फत् वार्षिक लक्ष्यभन्दा शून्य दशमलव ५९ प्रतिशत बढी, मूल्य अभिवृद्धि करमार्फत् वार्षिक लक्ष्यको ९६ दशमलव शून्य १ प्रतिशत र अन्त:शुल्क करमार्फत वार्षिक लक्ष्यको ९० दशमलव ९२ प्रतिशत गरी कुल ९७ दशमलव २२ प्रतिशत राजस्व संकलन भएको भन्सार विभागका तथ्याङ्क शाखा प्रमुख विनोदशरण आचार्यले बताउनुभयो। समग्रमा भन्सार कार्यालयमार्फत् ३ खर्ब १६ अर्ब ६५ करोड ९२ लाख रुपियाँ बराबर राजस्व संकलन भएको आचार्यको भनाइ छ। देशका विभिन्न २३ वटा भन्सार कार्यालयहरू र जाँचपास परीक्षण कार्यालयमार्फत उक्त राजस्व रकम असुली गरिएको हो।

# ३ करोड रुपियाँ राजस्व संकलन

मोरङ, (नेस)

मोरङ जिल्लामा आर्थिक वर्ष २०७४/७५ मा सवारी साधनमाथि गरिएको ट्राफिक कारबाहीबाट झण्डै साढे ३ करोड रुपियाँ राजस्व संकलन भएको छ। ५४ हजार ९ सय १६ वटा सवारी साधनमाथि गरिएको ट्राफिक कारबाहीबाट ३ करोड ४१ हजार ५ सय रुपियाँ राजस्व संकलन भएको हो।

नियमविपरीत सवारी चलाउनेबाट उक्त राजस्व संकलन भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङका प्रमुख शिवकुमार पोखरेलले जानकारी दिनुभयो। उहाँले आर्थिक वर्ष २०७४/७५ को असार मसान्तसम्ममा ७ हजार ६ सय ६५ वटा ट्रकलाई कारबाही गरी ३९ लाख ४६ हजार रुपियाँ राजस्व असुली गरिएको जानकारी दिनुभयो।

त्यस्तै सोही अवधिमा ४ हजार २२ वटा बसलाई कारबाही गरी १९ लाख १ हजार ५ सय रुपियाँ, ११ हजार ५ सय ४७ कार/जिप/भ्यानलाई कारबाही गरी ५९ लाख १३ हजार ५ सय रुपियाँ राजस्व असुल गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङले जनाएको छ।

त्यसैगरी गत आर्थिक वर्षको सोही अवधिमा ५ हजार ४ सय ४२ ट्याक्टरलाई ट्राफिक नियम उल्लंघन गरेवापत कारबाही गरि २७ लाख ७६ हजार ५ सय रुपियाँ राजस्व संकलन गरिएको कार्यालयले जनाएको छ।

त्यस्तै १९ हजार ७ सय ९७ मोटरसाइकललाई कारबाही गरी १ करोड २१ लाख ८ हजार रुपियाँ र ६ हजार ३ सय ४३ ट्याम्पोलाई कारबाही गरी ३१ लाख ९६ हजार रुपियाँ राजस्व संकलन गरिएको पोखरेलले जानकारी दिनुभयो।

# मिटर बक्स नहुँदा गजुरमुखी अन्धकार

गणेश घिमिरे, इलाम

वर्षौं लामो प्रतीक्षापछि इलामको पश्चिम भेगको फाकफोकथुम र माङसेबुङ गाउँपालिकामा विद्युतीकरण भयो। तर, विद्युत् सेवा प्रभावकारी बन्न सकेको छैन। फाकफोकथुम-५ लुम्दे र माङ्सेबुङ-१ मा दुई वर्ष अघि लाइन विस्तार भए पनि लुम्देमा मात्रै बत्ती बलेको छ।

दुवै स्थानमा एउटै प्रसारण लाइनबाट विद्युत् सेवा प्रवाह गर्ने तयारी गरिए पनि विद्युत् प्राधिकरणले गजुरमुखीमा विद्युत् सेवा शुरू गर्न सकेको छैन। मिटर बक्सको अभावमा सिंगो वडामा विद्युत् सेवा शुरू हुन नसकेको प्राधिकरणका अधिकारी बताउँछन्। लुम्दे र गजुरमुखी लक्षित गरी विद्युत सेवा शुरू भएको दुई साता पूरा भए पनि साविक गजुरमुखी गाविसका १, २, ३, ४, ५, ६ र ७ वडामा बत्ती बल्न सकेको छैन।

माङ्सेबुङ-१ का कुनै पनि घरघुरीमा मिटर बक्स जडान नभएकाले स्थानीयले विद्युत् सेवाबाट बञ्चित भएका छन्। मिटरबक्स जडान गर्न भन्दै स्थानीय शेरबहादुर लिम्बुले गजुरमुखीबाट प्रतिघरधुरी ३ हजार रुपियाँ उठाए पनि अहिलेसम्म आफूहरूले मिटर बक्स नपाएको स्थानीयको गुनासो छ्। छिट्टै मिटर बक्स ल्याउने भनेर डेढ/दुई वर्ष अघि नै पैसा लगेका लिम्बुले अहिलेसम्म मिटर नल्याउँदा समस्या भएको स्थानीय तुलसी भट्टराईले बताउनुभयो। 'एकैपटक लाइन तानिएको लुम्दे झलमल भयो, हामी भने अन्धकारमा छौं,' उहाँले भन्नुभयो-'करिब ५० घरधुरीले मिटरबक्सका लागि पैसा दिएका छन् तर मिटरको अत्तोपत्तो छैन।'

प्राधिकरणमा मिटर बक्स अभाव हुँदा समयमा उपलब्ध गराउन नसकिएको लिम्बुले बताउनुभयो। साउनभित्रैमा सबै उपभोक्ताका घर-घरमा मिटर जडान हुने दाबी गर्दै उहाँले भन्नुभयो-'मिटर बक्स खरिदका लागि प्रतिगोटा २५/२६ सय रुपियाँ लाग्छ, त्यहीअनुसार उपभोक्ताबाट ३ हजारका दरले रकम उठाइएको हो।' प्राधिकरणले भने मिटरबक्सको सबै प्रक्रिया पूरा हुँदा बढीमा १८ सयका हाराहारी मात्रै खर्च हुने जनाएको छ।

तत्कालीन गाविस सचिव लक्ष्मण लक्ष्मण ढुंगेलले गाविस प्राविधिक युवराज दाहालमार्फत मिटर बक्स ल्याइदिने भन्दै प्रतिघरधुरी ३ हजार र सिफारिसका लागि प्रतिघरधुरी ३ सयसहित ३ हजार ३ सय रुपियाँ संकलन गर्नु भएको थियो। दुई वर्षसम्म पनि मिटर उपलब्ध नभएपछि स्थानीय बासिन्दा ढुंगेल र दाहालसँग रुष्ट बनेका छन्। यसबारेमा उहाँसँग जिज्ञासा राख्दा ढुंगेलले मिटर बक्सका लागि तीनसय रुपियाँ सिफारिस रकम बाहेक अन्य रकम आफूले नलिएको दाबी गर्नुभयो।

'२५ वटा मिटर बक्सका लागि सिफारिस बनाएर उपभोक्ता स्वयम्लाई दिएको हो,' उहाँले भन्नुभयो- 'मिटरबक्स ल्याइदिनका लागि स्थानीय शेरबहादुर लिम्बूलाई नै उपभोक्ताले एकमुष्ट रकम बुझाएको सुनेको छु।' ढुंगेल हाल माङ्सेबुङ-१ कै वडा सचिव हुनुहुन्छ। स्थानीयले मिटरबक्सका लागि ५० घरधुरीबाट पैसा संकलन भएको बताए पनि गजुरमुखीबाट १७ उपभोक्ताको रकम मात्र विद्युत प्राधिकरण इलाममा जम्मा भएको प्राधिकरण प्रमुख रविनबाबु घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार लुम्देका २५ घरधुरीमा मिटर बक्स जडान भइसकेको छ।

# कंगारु एजुकेसन फेयर हुँदै

Kangaroo™
EDUCATION FAIR
AUSTRALIA-USA-CANADA-NEW ZEALAND-EUROPE

काठमाडौं, (नेस)

कंगारु एजुकेसन फाउन्डेसनले विद्यार्थीलाई वैदेशिक शिक्षा सम्बन्धी सूचना तथा परामर्श प्रदान गर्ने उद्देश्यले एक दिने कंगारु एजुकेसन फेयर आयोजना गर्न लागेको छ। साउन १६ गते बुधबार कंगारु एजुकेसन फाउन्डेशनको केन्द्रीय कार्यालय, एबि कम्प्लेक्स पद्मोदयमोड पुतलीसडकको सभा हलमा आयोजना हुने उक्त शैक्षिक मेलामा अस्ट्रेलिया, अमेरिका, क्यानडा, न्युजील्यान्ड र युरोपका विभिन्न २६ वटा प्रतिष्ठित विश्वविद्यालय, सरकारी कलेज, तथा प्राइभेट कलेजहरूको सहभागीता रहने कंगारु एजुकेशन फाउन्डेसनका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत महेशबाबु तिमल्सिनाले बताउनुभयो।

उक्त शैक्षिक मेलामा सम्पूर्ण विद्यार्थी अभिभावकले विश्वविद्यालय तथा कलेजका प्रतिनिधिसँग प्रत्यक्ष भेट गरी अन्तर्क्रिया गर्न र सत्य तथ्य जानकारी लिन पाउनेछन्।

# नेप्से थोरै अंकले बढ्यो

काठमाडौं, (नेस)

मंगलबार बजार खुलेदेखि नै उकालो लागेको भए पनि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक कारोबार बन्द हुने बेलासम्म निरन्तर ओरालो लाग्दा अन्तत: झिनो अंकले बढेको छ। कारोबारको मध्यान्तरसम्म १९ अंकले बढेको नेप्से त्यसपछि क्रमश: ओरालो लाग्दै कारोबार बन्द हुँदासम्म ४ दशमलव ७७ बिन्दूले बढेर एक हजार १९९ दशमलव २७ बिन्दूमा पुगेको छ।

यस दिन कुल १६० कम्पनीको ११ लाख ८९ हजार ६८९ कित्ता शेयर २९ करोड ४१ लाख ८२ हजार ३४८ रुपियाँमा खरीद बिक्री भएको छ। जुन अघिल्लो दिनको भन्दा केही बढी हो। सोमबार १८ करोड ६५ लाख २६ हजार ५३५ रुपियाँमा खरिद बिक्री भएको थियो।

साताको तेस्रो दिन मंगलबार बैंकिङ ५ दशमलव २६, व्यापार शून्य दशमलव ४२, होटल ४९ दशमलव ४२, विकास बैंक २ दशमलव ८५, जलविद्युत् ३ दशमलव २४, वित्त २ दशमलव ५९, निर्जीवन बीमा १९ दशमलव ८९, अन्य २ दशमलव २६, बीमा २० दशमलव ६१ बिन्दूले बढ्दा उत्पादन १९ दशमलव ७४ र माइक्रोफाइनान्स समूह शून्य दशमलव ७ बिन्दूले घटेको छ।

मंगलबार 'क' वर्गका कम्पनीको शेयर मापन गर्ने सेन्सेटिभ परिसूचक १ दशमलव ३६ बिन्दूले बढेर २५२ दशमलव ६८ बिन्दूमा पुगेको छ।

# थपिएको म्यादभित्र पनि नसकिने भयो दिपायल विमानस्थल

विमल विष्ट, डोटी

डोटीको दिपायल विमानस्थलको कालोपत्रेको काम तोकिएको समयमा सम्पन्न हुन सकेको छैन। सँगै काम शुरू गरिएको अछामको साँफेबगर विमानस्थलको निर्माण कार्य सम्पन्न भएर परीक्षण उडान भइसक्दा समेत दिपायल विमानस्थलको निर्माण कार्य भने अझै अधुरो रहेको छ।

२०५८ सालबाट बन्द भएको यो विमानस्थल पुन: सचालनका लागि काम शुरू भएको थियो। तर, दोस्रोपटक थप भएको समयमा पनि कालोपत्रेको कार्य भने नसकिने देखिएको छ। १५ महिनामा निर्माण कार्य सम्पन्न गर्नुपर्ने सम्झौता भए पनि साउन महिनासम्मका लागि म्याद थप हुँदासमेत दिपायल विमानस्थलको कालोपत्रेको कार्य पूरा हुन नसकेको हो।

२०७३ साल कार्तिकमा काम शुरू गर्नुपर्ने भए पनि ढिलो गरी फागुनबाट मात्रै काम शुरू गरिएको थियो। अहिलेसम्म विमानस्थल कालोपत्रेको ६० प्रतिशत काम भएको दाबी गरिएको छ तर अहिलेसम्म कालोपत्रे भने शुरू भएको छैन। विमानस्थल निर्माण कार्यका इन्जिनियर बालकृष्ण रेग्मीले निर्माण व्यवसायीले विभिन्न बहाना देखाउँदै काममा लापरबाही गरिरहेको बताउनुभयो। करिब चार सय ९० मिटर लम्बाई भएको सो विमानस्थलको कालोपत्रे गर्नका लागि झण्डै साढे ५ करोड बजेट विनियोजन गरिएको छ। डेढ दशकदेखि ओझेलमा परेको विमानस्थल कालोपत्रे गर्ने योजना आएपछि डोटेली जनता खुशी भएका थिए। तर, निर्धारित समय सकिएर ६ महिनाको समय थप्दा पनि कालोपत्रेको कार्य सकिने छाँटकाँट नदेखिएको दिपायल सिलगढी नगरपालिका-२ का वडा अध्यक्ष राजेन्द्र खड्काले बताउनुभयो।

उहाँले भन्नुभयो-'काम पहिले नै सकिनुपर्ने हो तर निर्माण व्यवसायीले विभिन्न बाहना बनाएर काममा ढिलाई गर्दा काम लम्बिएको हो।' लामो समयदेखि गौचरणमा परिणत दिपायल विमानस्थल सञ्चालनमा आए प्रदेश नम्बर ७ का पहाडी जिल्लाको आर्थिक समृद्धिसँगै पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ। सँगै काम सुरु गरिएको अछामको साँफेबगर विमानस्थलमा परीक्षण उडान हुँदा समेत दिपायल विमानस्थलको स्तरोन्नतिदेखि लिएर कालोपत्रेसम्म नहुँदा स्थानीयबासी आक्रोशित हुन थालेको दिपायलका स्थानिय पुष्कर द्वारियाले बताउनुभयो।

'संगै काम शुरू गरेको छिमेकी अछाम जिल्लामा जहाज आई सक्यो हाम्रो विमानस्थलमा काम नै सकिएको छैन, उहाँले भन्नुभयो-'लापबाही गर्ने निर्माण व्यवसायीलाई कस्ले कारबाही गर्ने।' ४९० मिटर लम्बाइको धावनमार्ग रहेको यो विमानस्थललाई स्तरोन्नती गरी एक हजार मिटर लम्बाईको धावनमार्ग बनाउने माग पनि हुँदै आएको छ।

# हुन्डाईको परिवार योजना

HYUNDAI
परिवार

काठमाडौं, (नेस)

नेपालको लागि हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले ग्राहकहरूको जीवनसँग जोडिएको विभिन्न सेक्टरहरूको कम्पनीसाग सम्झौता कायम गरेको छ।

यो सम्झौताबाट हुन्डाई परिवारको ग्राहकहरूले विभिन्न आउटलेटबाट धेरै किसिमको फाइदाहरूको लाभ लिन सक्नेछन्। हुन्डाई परिवारको ग्राहकहरूले आफनो हुन्डाई परिवार प्रिभिलेज कार्डको प्रयोग गरी यी फाइदाहरूको लाभ लिन सक्नेछन्।

# नेपाल दोस्रो खेलमा पराजित

काठमाडौं, (नेस)

युरोप भ्रमणमा रहेको नेपाली राष्ट्रिय क्रिकेट टोलीले दोस्रो अभ्यास खेलमा पहिलो खेलको नतिजा दोहोर्‍याउन सकेन। सोमबार राति खेलेको सेन्ट क्रससँगको टी २० खेलमा नेपाल १९ रनले पराजित भयो। शनिबार पहिलो अभ्यास खेलमा नेपालले ह्याम्पसायर हग्स क्रिकेट क्लबमाथि ठूलो जित (२४३ रनको) निकालेको थियो। जसमा कप्तान पारस खड्काले १ सय ६१ रन समेत प्रहार गरे। तर पारस सेन्ट क्रसविरुद्ध खेलेनन्।

नेपालले सेन्ट क्रसले दिएको १ सय ६९ रनको लक्ष्य पछ्याउने क्रममा १ सय ४९ रनमा समेटिएको थियो। टोलीका लागि अनिल कुमार शाहले सर्वाधिक ५६ रन जोडे भने आरिफ शेखले ३४ रन बनाएका थिए। बलिङमा घरेलु टोलीका बलर फेलिक्स अर्गनले तीन विकेट लिएका थिए। यसअघि सेन्ट क्रसले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ६८ रन जोडेको थियो। टोलीका लागि जेमी एडाम्सले सर्वाधिक ७२ रनको योगदान दिए। नेपाली बलरमा वसन्तर रेग्मी र सोमपाल कामीले दुई-दुई विकेट लिए।

# फिफा उत्कृष्ट खेलाडीमा नेयमार परेनन्



लन्डन, (एजेन्सी)

फिफाको उत्कृष्ट पुरुष खेलाडी पुरस्कारअन्तर्गत १० खलाडीको नाम सूचीकृत हुँदा ब्राजिलियन स्ट्राइकर नेयमार मनोनयन सूचीमा परेनन्।

फिफाले मंगलबार निकालेको सो सूचीमा इंग्ल्यान्डका ह्यारी केनदेखि लिएर लियोनेल मेसीसम्मको नाम अटाएका छन्। जसअनुसार टोटनह्यामका केनसँगै बार्सिलोना र अर्जेन्टिनाका मेसी, इजिप्ट र लिभरपुलका मोहम्मद सलाहले उक्त पुरस्कारका लागि प्रतिस्पर्धा गर्नेछन्। केनले हालै रुसमा सम्पन्न विश्वकपमा गोल्डेन बुट जितेका थिए।

त्यस्तै विश्वकप विजेता फ्रान्सका एन्टोइन ग्रिजम्यान, किलियन एम्बाप्पे र राफाएल भराने रहेका छन्। विश्वकपमा उत्कृष्ट खेलाडी घोषित भएर गोल्डेन बल जितेका लुका मोड्रिच पनि प्रतिस्पर्धामा छन्। बेल्जियमलाई तेस्रो स्थान ओगट्न महत्वपूर्ण भूमिका खेलेका चेल्सीका इडेन हजाडम्यानचेस्टर सिटीका केभिन डी ब्रुएनसमेत सूचीमा अटाए। यस्तै हालै रियल मेड्रिडबाट युभेन्टसमा आबद्ध भएका क्रिस्टियानो रोनाल्डो सूचीमा छन्।

तर नेयमारका लागि कुनै स्थान रहेन। ब्राजिललाई विश्वकपमा क्वार्टरफाइनलसम्म पुर्‍याएका नेयमारले पेरिस सेन्ट जर्मेनका लागि २८ गोल गरेका थिए। यो फिफाको उत्कृष्ट पुरुष खेलाडीको नाम जुलाई ३, २०१७ देखि जुलाई १५, २०१८ सम्मको प्रदर्शनलाई आधार मानी सार्वजनिक गरिएको हो।

मनोनयनमा परेका खेलाडीको प्रदर्शनमा केनले टोटनह्यामका लागि सो एक वर्षको समयमा ४० गोल गरेका थिए। त्यस्तै उनले इंग्ल्यान्डलाई २८ वर्षपछि विश्वकपको सेमिफाइनलमा पुर्‍याए। सलाहले लिभरपुलका लागि ४४ गोल गरे। उनी एएस रोमाबाट प्रिमियर लिगमा आएको पहिलो सिजनमा यति गोल गर्न सक्षम भए।

## धरहरा

### स्वास्थ्य लाभको कामना



निकै सुविधा सम्पन्न अस्पतालले दुई सातासम्म रहँदा पनि रोग अनि बिरामीको अवस्था धार्मिक पूजापाठले सुधार भयो भन्दा धेरैलाई विश्वासै लाग्दैन। तर यस्तै भएको छ, अमेरिकामा रहेका एक नेपालीको।

बिरामी भएर २ साताअघि अस्पताल भर्ना भएका राप्रपा राष्ट्रवादीका नेता डा. प्रकाशचन्द्र लोहनीका ज्वाईंको स्वास्थ्य पूजापाठले सुधार भएको खबर छ। १५ दिन अस्पतालमा रहँदा पनि बिरामीको अवस्था २० को १९ हुन नसकेपछि ज्योतिषको सरसल्लाहमा नियमित पूजापाठ गर्न थालेपछि लोहनी ज्वाईंको स्वास्थ्य अवस्था सन्तोषजनक रूपमा सुधार भइरहेको लोहनीको पारिवारिक स्रोतले जनाएको छ।

नेता लोहनीका ३ छोरी-ज्वाईंमध्ये आत्रेय गोत्रका ज्वाईंको स्वास्थ्य सुधारको कामना गर्दै लोहनी दम्पत्तिले काठमाडौं धुम्बाराही निवासमा केही दिनयता नियमित पूजापाठ गरेका हुन्। विगतमा पूजापाठमा खासै चासो नराख्ने नेता लोहनी ज्वाईंको स्वास्थ्यमा सुधार हुन थालेपछि पुजापाठमा विश्वास गर्न थालेका एक आफन्तले बताए।

उनका अनुसार नेपालमा साँझ र अमेरिकामा दिउँसोको समय पारेर लोहनी निवासमा पूजापाठ हुने गरेको छ। आज बुधबार महामृत्युञ्जय पूजा, रात्री पुटिक, रात्री चण्डी पूजालगायत अन्य धार्मिक विधिविधान गर्ने कार्यक्रम रहेको बताइएको छ। 'लोहनी ज्वाईंको स्वास्थ्य लाभको कामना'

# मोड्रिचलाई ७ नम्बर जर्सी

लन्डन, (एजेन्सी)

स्पेनिस क्लब रियल मेड्रिडमा क्रोएसियाली मिडफिल्डर लुका मोड्रिचलाई रोनाल्डोले लगाउने गरेको ७ नम्बरको जर्सी लगाउन दबाब बढेको छ।

समर्थकले रियल मेड्रिडको व्यवस्थापनलाई रोनाल्डोले लगाउने जर्सी मोड्रिचलाई दिन दबाब बढाएका हुन्। यसअघि मोड्रिचले १० नम्बरको जर्सी लगाउँदै आएका थिए। मोड्रिच हालै रुसमा सम्पन्न विश्वकपको उत्कृष्ट खेलाडीसमेत घोषित भएका थिए। रियल मेड्रिडमा क्रिस्टियानो रोनाल्डोले लगाउने ७ नम्बरको जर्सी कसले लगाउने भन्ने विषयमा बहस शुरू भएपछि मोड्रिचलाई पहिलो प्राथमिकतामा राखिएको हो। यता रियलबाट युभेन्टस पुगेका रोनाल्डोले त्यहाँ ७ नम्बर कै जर्सी लगाउने भएका छन्।

रोनाल्डोको बर्हिगमनपछि उनका धेरै समर्थक युभेन्ट्स क्लबतर्फ मोडिएका छन्। रोनाल्डोको बहिर्गमनपछि रियलको जर्सी बिक्रीमा समेत नकारात्मक असर पर्न थालेको बताइन्छ। तर स्पेनका मिडियाले जनाएअनुसार केही दिनयता मोड्रिचको टि-सर्टको मागसमेत बढेको छ। मोड्रिच सन् २०१२ देखि मेड्रिडमा आबद्ध भएका हुन्।

# मेडिकलअनुसार रोनाल्डो २० वर्ष



रोम, (एजेन्सी)

हालै स्पेनिस क्लब रियल मेड्रिडबाट इटालियन सिरी ए क्लब युभेन्ट्समा अनुबन्धित भएका ३३ वर्षीय फुटबलर क्रिस्टियानो रोनाल्डोको मेडिकल रिपोर्ट अनुसार उनी २० वर्ष झैं रहेको बताइएको छ।

३३ वर्षीय रोनाल्डोको शारीरिक उमेर व्यावसायिक फुटबल खेल्नका लागि १० प्रतिशत मात्रै योग्य मानिन्छ। तर, उनको शरीरको मांशपेशी र उनको स्वास्थ्य युवा खेलाडीको झैं रहेको बीआईएन स्पोर्ट्सले जनाएको हो।

भर्खर सम्पन्न विश्वकपमा ३३.९८ किलोमिटर प्रतिघण्टा दरले दौडेर सबैभन्दा तिव्र खेलाडी मानिएको १९ वर्षीय केलियन एम्बाप्पेभन्दा रोनाल्डो तिव्र भएको समेत तथ्य बाहिर आएको छ। रोनाल्डोको मेडिकल रिपोर्टअनुसार उनले वास्तविक उमेरभन्दा १३ वर्ष कम उमेरको खेलाडी सरह खेल्न सक्ने बताएको छ।

## *स्मृतिलाई दोहोरो उपाधि*

*बुटवल, (नेस)*

*बुटवलमा सम्पन्न एन्फा कप छात्र/छात्रा प्रतियोगिता २०७५ को उपाधि स्मृति बोर्डिङ स्कुलले हात पारेको छ। देवीनगरस्थित एन्फा एकेडेमी सेन्टरमा भएको खेलमा छात्रतर्फको खेलमा स्मृतिले न्यु होराइजनमाथि २-० तथा छात्रातर्फ स्मृतिले नै शान्ति नमुना स्कुललाई ३-० गोल अन्तरले पराजित गर्दै उपाधि हात पारेको हो। छात्रतर्फ विजेताले ३० हजार र उपविजेताले २० हजार नगद प्राप्त गरे। यस्तै छात्रातर्फ विजेताले १० हजार र उपविजेताले ५ हजार रुपियाँ पुरस्कार जितेका थिए।*

## *दिपेश तेस्रो चरणमा*

*काठमाडौं, (नेस)*

*एपीएफ क्लबका दिपेश धामी अन्नपूर्ण पोस्ट इन्टरनेसनल कर्पोरेट ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकलतर्फ तेस्रो चरणमा प्रवेश गरेका छन्। त्रिपुरेश्वर स्थित राष्ट्रिय खेलदकुद परिषद् (राखेप) कभर्डहल कोर्टमा मंगलबार भएको खेलमा दिपेशले प्रदेश नम्बर ५ का निरन्जन चौधरीलाई २१-१०, २१-७ को सोझो सेटमा हराए।*

# क्रिकेटमा इमाम-जमानकै चर्चा


लन्डन, (एजेन्सी)

यो साता चर्चित रहे पाकिस्तानका ओपनर ब्याटसम्यान फखर जमान र इमाम उल हक। जमानले जिम्बावे टुरमा एकपछि अर्को कीर्तिमान रच्दै सबै क्रिकेटरलाई सावधानी बन्न संकेत गरिरहेका छन्। उनले पहिले दोहोरो सतक बनाएर कीर्तिमान रचे भने उनकै साथी इमाम पनि लगातार उनकै पथतिर अघि बढिरहेका छन्। इमाम कोही नभएर पाकिस्तानका पूर्वकप्तान इन्जामम उल हकका भतिजा हुन्।

इमामले मात्र ९ वान डे खेल खेलेर चार सतक प्रहार गरेका छन्। चार सतकमध्ये हालै जिम्बावेविरुद्धको ५ खेलको वान डे सिरिजमा उनले तीन सतक प्रहार गरे। अब उनलाई विश्व कीर्तिमानी तोड्ने मौका छ। ५ सय ४४ रन बनाएका उनी वानडेमा छिटो १ हजार रन बनाउने अवसर रहेको हो।

तर सोही जिम्बावेविरुद्धको वान डे सिरिजको पाँचौ खेलमा जमानले १८ खेलमा १ हजार रन पुरा गरेर विश्व कीर्तिमान राखेका हुन्। आफ्नै साथी जमानको कीर्तिमान तोड्न इमाम ४ सय ५६ रनले पछि छन्।




यसअघि वेस्ट इन्डिजका भिभियन रिचर्डस, इंग्ल्यान्डका केभिन पिटरसन र जोनाथन ट्रोट, दक्षिण अफ्रिकाका क्विन्टन डी काक र पाकिस्तानका बाबर आजमले २१ खेलमा १ हजार रन पूरा गरेका थिए।

त्यस्तै जिम्बावेविरुद्धको चौथो खेलमा पहिलो विकेटका लागि पनि इमाम र जमानले ३ सय ४ रन जोडेर वान डेमा सर्वाधिक साझेदारीको कीर्तिमान रचे। यसअघि श्रीलंकाका ओपनर सनथ जयसूर्या र उपुल थारांगाले इंग्ल्यान्डविरुद्ध २ सय ८६ रनको कीर्तिमान राखेका थिए। यसैगरी २८ वर्षीय जमानले २ सय १० रन जोडेर वानडेमा दोहोरो सतक प्रहार गर्ने छैटो खेलाडी बने। साथै उनको राष्ट्रका लागि भने दोहोरो सतक बनाउने उनी पहिलो पाकिस्तानी खेलाडी बनेर अर्को कीर्तिमान बनाए। यसअघि सइद अनवरले भारतविरुद्ध १ सय ९४ रन नै पाकिस्तानी ब्याटसम्यानतर्फबाट उच्चतम व्यक्तिगत रन हो।

यस्तै जमानले एकै वानडे सिरिजमा सर्वाधिक रन बनाउने कीर्तिमान पनि बनाएका छन्। जिम्बावेविरुद्धको ५ खेलको वानडे सिरिजमा उनले ५ सय १५ रन जोडेर नयाँ कीर्तिमान रचेका हुन्। यसअघि पाकिस्तानको तर्फबाट सलमान बटले सन् २००७ मा बंगलादेशविरुद्धको ५ खेलको वान डे सिरिजमा ४ सय ५१ रन बटुलेको कीर्तिमान थियो।




आयो है गाईजात्रे तन्त्र
पठाउनुहोस् तपाईंको व्यंग्य र कार्टुन मन्त्र

आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आए'नि असारमै काम गर्नुपर्ने?
मेलम्ची र सडक विस्तारको बहानामा खाल्डै खाल्डो भयो शहर
चल्ला नचल्ला पानीजहाज र रेल, वर्षाको पानी जम्दा जनता डुब कि मर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने बहुमतको सरकार आउँदासम्म सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो गर्दै रोएजस्तो गर्ने कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुटियो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ सास्तीमाथि सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् उस्तै मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् झनै भयो जनतालाई झुक्याइरहने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
भान्छा भान्छामा ग्यास पुर्‍याइदिने वचन पूरा गरिदियो भक्तपुरको वर्षाले
नेताले भाषण दिइरहने, जनताले पत्याइरहने, जनता लठ्ठिरहे यस्तै नशाले।
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति, सुध्रिएनन् नेता र मन्त्रीका मति।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको ३५ वर्षदेखिको यही हो धोको।

**व्यंग्य लेखक, कार्टुनिस्ट घुँडा धसी बस**
**जनतामारा फटाहालाई जति सक्छौ घोच।**
**छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्यचित्र**
**यही साउन २१ म्याद यसको, पठाऊँ यहीभित्र।**

हरेक साल उत्कृष्ट छ, परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

**कामना न्यूज पब्लिकेसन्स्**
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
पो. ब. नं. २०४५
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ